सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ साउन २०८३, मंगलबार (21 July 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ९९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

लोकसेवा तयारी गरिरहेका लाखौँ युवालाई धक्का

यो वर्ष नयाँ पदपूर्ति नगर्ने योजनामा सरकार



कुनै मन्त्रालय वा निकायले आफूलाई आवश्यक पदपूर्तिका लागि लोकसेवामा माग गर्न सक्ने अधिकार प्रधानमन्त्रीमा तानियो, अब प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले स्वीकृत गरेपछि मात्रै लोकसेवामा पठाइने

● प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता हेमराज अर्याल भन्छन्-



पहिला फाजिलमा पर्नेहरूलाई व्यवस्थापन गर्नुपऱ्यो, त्यसपछि स्थायी दरबन्दी खोल्ने हो। ठ्याक्कै लोकसेवा (नयाँ पदपूर्ति) बन्द गर्ने आसय होइन। ओएन्डएमले कतिपय नयाँ पद पनि सिर्जना गर्छ। तर, त्यस्ता मन्त्रालय वा निकायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले स्वीकृत गरेपछि मात्रै लोकसेवामा जान्छ।

● पूर्वसचिव सुरेश अधिकारी भन्छन्-



दरबन्दी कटौती गर्दा कर्मचारी फाजिल हुन जान्छन्। तैपनि लोकसेवा ठप्पै गर्नुचाहिँ हुँदैन। दरबन्दी कटौती गर्दा पनि लोकसेवा पूर्ण रूपमा नरोकी केही पदमा खुलाउनुपर्छ। खासगरी अधिकृत र सोभन्दा मुनिका पदहरूमा युवालाई नवप्रवेशको केही ठाउँ राखेर अघि बढ्नुपर्छ। केही प्रतिशतमा विज्ञापन खुलाउँदै बिस्तारै दरबन्दी कटौती गर्न सकिन्छ।

सुवास भट्ट/नयाँ पत्रिका

उच्च शिक्षा लिएका अधिकांश युवाको पहिलो प्रयास हुन्छ- सुरक्षित पेसाको खोजी गर्ने र सकेसम्म देशमै बस्ने। यही क्रममा सरकारी जागिरका लागि बर्सेनि लाखौँ युवा लोकसेवा परीक्षाको तयारीमा लागेका हुन्छन्। तर, यो वर्ष भने अवकाशका पदमा सकेसम्म नयाँ पदपूर्तिको माग नगर्ने सरकारको योजनाले ती युवालाई धक्का पुगेको छ।

वार्षिक तीन हजार पदपूर्तिका लागि साढे चार लाख युवाले तयारी गर्छन् लोकसेवा

मुख्यसचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको सचिवस्तरीय बैठकले हाल सरकारका विभिन्न दरबन्दी घटेकाले फाजिलमा पर्ने कर्मचारी व्यवस्थापन नै चुनौतीपूर्ण भएको भन्दै पदपूर्तिका लागि नयाँ माग नगर्ने निर्णय गरेको हो। सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालयलाई पदपूर्ति आवश्यक परे ती निकायले नै लोकसेवामा माग गर्ने अभ्यास छ। तर, सचिवस्तरीय बैठकले यस्तो अधिकार पनि अब प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको अधीनमा रहने निर्णय गरेको छ।

'नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम)अनुरूप नेपाल सरकारका विभिन्न दरबन्दीहरू घट्दा फाजिलमा पर्ने कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएकाले चालू आर्थिक वर्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ राष्ट्रसंघको शान्ति मिसन

२८ करोड डलर बजेट र २५% जनशक्ति कटौती

०८१/८२ मा नेपालबाट कुल पाँच हजार ८१९ सैनिक खटिएकामा ०८२/८३ मा चार हजार ९० मा घटे

संख्या कटौती हुँदासमेत शान्ति मिसनमा सबैभन्दा धेरै फौज भने नेपालकै

सैनिक प्रवक्ता सहायकरथी राजाराम बस्नेत भन्छन्-



"संयुक्त राष्ट्रसंघले सबै देशका सैनिकको संख्या २५ प्रतिशत कटौती गर्ने निर्णय गरेअनुसार नेपाली सुरक्षाकर्मीको संख्या पनि घटेको छ। संख्या कटौतीबाट उत्पन्न परिस्थितिलाई कसरी व्यवस्थापन गर्ने भन्ने तयारी पनि गरेका छौं।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

संयुक्त राष्ट्रसंघले विश्वका ११ शान्ति स्थापक मिसनको बजेट कटौती गरेसँगै २५ प्रतिशत शान्ति सेना कटौती हुन थालेको छ। चालू आर्थिक वर्षको बजेट गत वर्षको भन्दा २८ करोड डलर कटौती गरेसँगै केही मिसन बन्द हुने र शान्ति सैनिकको संख्या विश्वव्यापी रूपमा नै कटौती हुनेछ। हाल नेपालसहित ११९ देशका ४५ हजार चार सयभन्दा बढी शान्ति सैनिक (प्रहरीसमेत)द्वन्द्वग्रस्त ११ मिसनमा परिचालित छन्।

शान्ति मिसनमा सबैभन्दा बढी सैनिक पठाउने देशहरूको सूचीमा भने नेपाल पहिलो नम्बरमै छ। हाल विश्वका नौ शान्ति स्थापक मिसनमा कुल चार हजार ९० सैनिक (स्टाफ अधिकृत र पर्यवेक्षकसमेत) कार्यरत छन्। आर्थिक वर्ष ०८१/८२ मा ५५५ महिला शान्ति सैनिकसहित कुल पाँच हजार ८१९ सैनिक खटिएका थिए। राष्ट्रसंघको शान्ति कार्यतर्फ आएको आर्थिक संकुचनका कारण संख्या कटौती भएको छ। सैनिक प्रवक्ता सहायकरथी राजाराम बस्नेतका अनुसार ०८२/८३ मा ३०६ महिला शान्ति सैनिकसहित कुल चार हजार ९० नेपाली सैनिक नौ मिसनमा कार्यरत छन्। संयुक्त राष्ट्रसंघले सबै देशका सैनिकको संख्या २५ प्रतिशत कटौती गर्ने निर्णय गरेअनुसार नेपाली

» पृष्ठ २ मा क्रमशः



■ कुन मिसनमा कति नेपाली सैनिक ?

राष्ट्रसंघ मुख्यालयदेखि नौ मिसनमा कुल चार हजार ९० नेपाली सैनिक खटिएका छन्। सेन्ट्रल अफ्रिकन रिपब्लिक (कार) मिसनमा नेपाली सेनाको सबैभन्दा ठुलो उपस्थिति छ। दुई बटालियन तथा एक सैनिक प्रहरीको कम्पनीसमेत गरी जम्मा एक हजार ७२ जना सैनिक कार्यरत छन्। त्यस्तै, दक्षिण सुडानमा रहेको मिसनमा पनि दुई बटालियन र एक कम्पनी गरी एक हजार ४६ सैनिक खटिएका छन्। कंगोमा रहेको मिसनमा एक बटालियन, एक इन्जिनियर कम्पनी तथा एउटा क्विक रियाक्सन फोर्ससमेत जम्मा ९६९ सैनिक तैनाथ छन्। लेबननामा पनि एउटा बटालियन तथा सैन्य पर्यवेक्षक र स्टाफ अधिकृतसमेत जम्मा ५५३ सैनिक खटिएका छन्। लेबनानबाट यो वर्ष अन्तिम (डिसेम्बर) देखि शान्ति सैनिक मिसन बन्द गर्ने राष्ट्रसंघको निर्णय छ। सिरियामा मुख्यालयको सुरक्षा गर्ने कम्पनी, इन्जिनियर प्लाटुन तथा लेभल एक अस्पतालका स्वास्थ्यकर्मी सैनिकसमेत जम्मा २४७ नेपाली सैनिक खटिएका छन्। त्यस्तै, लिबियाको विशेष गार्ड एकाइमा १६७ सैनिक र एक स्टाफ अधिकृत गरी कुल १६८ कार्यरत रहेको सेनाले जनाएको छ। यसबाहेक अबेई सुडान, इजरायल, संयुक्त राष्ट्रसंघीय मुख्यालयमा खटिएका स्टाफ अधिकृत र पर्यवेक्षकको संख्या ३५ छ।

■ शान्ति मिसनको ६८ वर्षमा ७४ नेपाली सैनिकको गुम्यो ज्यान

२९ मंसिर ०१२ मा नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेको थियो भने ३० जेठ ०१५ मा लेबनानस्थित युनाइटेड नेसन्स अब्जर्भर ग्रुप इन लेबनान मिसनमा पाँच सदस्यीय नेपाली सैनिक पर्यवेक्षक पहिलोपटक खटिएका थिए। ०३१ मा संयुक्त राष्ट्रसंघको आह्वानमा नेपाली सेनाको पहिलो युनिटको रूपमा श्री पुरानो गोरख गण इजिप्टस्थित शान्ति मिसनमा तैनाथ भएको थियो। हालसम्म एक लाख ६५ हजार ६६२ नेपाली शान्ति सैनिकले राष्ट्रसंघका ४४ मिसनमा सहभागिता जनाएका छन्। यो अवधिमा ७४ नेपाली सैनिकले ज्यान गुमाएका छन् भने ७७ घाइते भएका छन्।

संविधान संशोधनका लागि सरकारलाई ४४ हजार सुझाव

प्रत्यक्ष निर्वाचित कार्यकारी, सांसदको संख्या घटाउनेदेखि संघीयता पुनर्संरचनासम्मका विषयमा मिश्रित सुझाव

■ प्रधानन्यायाधीशको अध्यक्षतामा आयोग बनाउन कार्यदलको सिफारिस

अब प्रधानमन्त्री र पार्टी सभापतिले संवादको ढोका खोलेर सबै दलहरूसँग राष्ट्रिय सहमति गर्नुपर्छ

● **असिम शाह**, कार्यदल संयोजक, संविधान संशोधन बहसपत्र



हामीले सरोकारवाला र नागरिकका सुझाव जस्ताको तस्तै राखेर वर्गीकरण गरी प्रतिवेदन बुझाएका छौं। बहसपत्र प्रस्थान विन्दु हो। अब प्रधानमन्त्री र पार्टी सभापतिले संवादको ढोका खोलेर सबै दलहरूसँग राष्ट्रिय सहमति गर्नुपर्छ। संशोधनको प्रक्रिया अगाडि बढाउन प्रधानन्यायाधीशको अध्यक्षतामा आयोग बनाएर थप काम गर्न सकिन्छ। अथवा संसद्मै संविधान संशोधन आयोग बनाउन सकिन्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

संविधान संशोधनका लागि सरकारलाई ४४ हजारभन्दा बढी सुझाव प्राप्त भएको छ। जसमा निर्वाचन प्रणाली फेर्नुपर्ने, सांसदहरूको संख्या घटाउनुपर्ने, उपराष्ट्रपतिलाई नै राष्ट्रिय सभा अध्यक्ष बनाउनुपर्ने, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्री व्यवस्था हुनुपर्ने, संवैधानिक आयोग समायोजन गरेर घटाउनुपर्ने, संघीयताको पुनर्संरचना, प्रदेश खारेजी, हिन्दु राष्ट्र, न्यायालयको पुनर्संरचनालगायत रहेको छ।

३ असोज ०७२ मा निर्माण भएको संविधानको ११ वर्ष पुग्न लागेको छ। संविधानमै कार्यान्वयनको १० वर्षमा पुनरवलोकन गर्नुपर्ने प्रावधानअनुसार नयाँ सरकारले सुरुवातमै प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको नेतृत्वमा १६ चैतमा संविधान संशोधन बहसपत्र कार्यदल गठन गरेको थियो। कार्यदलले आमनागरिक र सरोकार पक्षबाट ४४ हजारभन्दा बढी सुझाव संकलन गरी प्रधानमन्त्री बालेन्द्र शाहलाई ६ सय पेजभन्दा बढीको प्रतिवेदन बुझाएको छ। कार्यदलले संविधान संशोधनका लागि सरकारले सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीशको अध्यक्षतामा आयोग गठन गर्नुपर्ने र प्रतिवेदनअनुसार प्रधानमन्त्री र सत्तारूढ दलका सभापतिले संवाद गरेर सबै दलहरूसँग राष्ट्रिय सहमति खोज्नुपर्ने सिफारिस गरेको छ।

'हामीले सरोकारवाला र नागरिकका सुझाव जस्ताको तस्तै राखेर वर्गीकरण गरी प्रतिवेदन बुझाएका छौं। बहसपत्र प्रस्थान विन्दु हो। अब प्रधानमन्त्री

» पृष्ठ २ मा क्रमशः

पाँच वर्षमा मधेशमा पोखरी र खाल्डाखुल्डीमा डुबेर ५८१ बालबालिकाको मृत्यु

(विस्तृत पृष्ठ ३)

दिल्लीमा ५० हजारभन्दा बढीको संसद् मार्च

देशको परीक्षा प्रणालीमा व्यापक सुधार र शिक्षामन्त्रीको राजीनामा माग गर्दै कक्रोच जनता पार्टीले आह्वान गरेको थियो 'चलो संसद्'



(विस्तृत पृष्ठ ५)

उपत्यकामा अत्यावश्यक ठाउँमै छैनन् अकासे पुल

ट्राफिक प्रहरीले सवारीसाधन र यात्रुलाई पालैपालो रोक्दै सडक वारपार गराउँछ, यसले यात्रामा ढिलाइ व्यहोर्नुपर्ने अवस्था छ

बनाइएका ठाउँमा पनि पुल प्रयोग गर्दैनन् बटुवा

चक्रपथको कलंकी-महाराजगन्ज खण्डका तीन ठाउँमा अकासे पुल बन्ने

शिवहरि घिमिरे/नयाँ पत्रिका
तस्बिरहरू : **संजित परियार**

चक्रपथको गौशाला क्षेत्रमा एकाबिहानैदेखि बेलुकीसम्म सडक वारपार गर्ने बटुवाको बाक्लो भिड हुन्छ। पशुपति दर्शन गर्न आउने भक्तजनहरू जोखिमपूर्ण रूपमा सडक वारपार गरिरहेका हुन्छन्। कुनै विशेष धार्मिक पर्व तथा कार्यक्रममा झन् भिडभाड बढ्ने यो क्षेत्रमा अकासे पुल भने छैन। जसका कारण ओहोरदोहोर गर्ने सवारीसाधनले पनि जामको सास्ती खेप्नुपरेको छ।

'यति धेरै मानिस ओहोरदोहोर गर्ने ठाउँमा अस्थायी रूपमै भए पनि एउटा अकासे पुल त चाहिन्थ्यो,' गौशालामा भेटिएका कुन्दन महराले भने, 'उपत्यकामा पैदल यात्रुका लागि धरापै धराप छ। न अकासे पुल

» पृष्ठ २ मा क्रमशः



मित्रपार्क

■ **मित्रपार्कमा पाँच वर्षदेखि निर्माण अलपत्र, अब लिफ्टसहितको बनाउने योजना** : मित्रपार्कमा ०७७/७८ मा फलामको अकासे पुल बनाउन जग हालिएको थियो। मित्रपार्कसँगै चाबहिल र गौशालामा पनि अकासे पुल बनाउने ठेक्का लागेको थियो। तर, डिजाइन नै गलत परेको भन्दै निर्माण रोकियो। अहिले चाबहिल चोकमा महानगरले अर्कै योजनाअन्तर्गत अस्थायी प्रकृतिको पुल बनाएको छ। अब मित्रपार्क र गौशालामा पनि लिफ्टसहितको पुल बनाउने तयारी रहेको काठमाडौं महानगरका सार्वजनिक निर्माण विभाग प्रमुख सुरेश राईले बताए। उनले भने, 'नयाँ आर्थिक वर्षमा टेन्डर आह्वान गरेर पहिले जग बसालेकै ठाउँमा नयाँ डिजाइनमा लिफ्टसहितको पुल निर्माण गरिनेछ, डिजाइन आइसकेको छ,' उनले भने।



शान्तिनगर



बबरमहल

■ **शान्तिनगर र बबरमहलमा अकासे पुल निर्माणमा पनि ढिलाइ** : पैदल यात्रुको ओहोरदोहोरलाई मध्यनजर गर्दै काठमाडौंको शान्तिनगरस्थित आलोकनगर र बबरमहलस्थित जिल्ला अदालतको अगाडि एक वर्षअघिदेखि नै अकासे पुल निर्माणको काम थालिएको थियो। तर, हालसम्म पनि काम सकिएको छैन। शान्तिनगर क्षेत्रमा एक वर्षअघि नै ढल व्यवस्थापन र अकासे पुलको बेसमेन्ट निर्माणका लागि सर्भिसलेन भताभुंग पारिएको थियो। तर, उक्त स्थानमा पनि पुल निर्माण त परकै कुरा बल्ल आधा भागमा पिल्लर हालिएको छ। बबरमहलस्थित जिल्ला अदालतअगाडि पनि अकासे पुल निर्माणको काम थालिए पनि अलपत्र छ। सरकारले गत आर्थिक वर्षको बजेट भाषणका क्रममा बबरमहलमा अकासे पुल निर्माणका लागि दुई करोड ५० लाख र शान्तिनगरको अकासे पुल निर्माणमा चार करोड रुपैयाँ विनियोजन गरेको थियो।

■ **अति व्यस्त हुने तीनकुने, एयरपोर्ट, पुतलीसडक चोक, पद्मोदय मोड, माइतीघर, थापाथली, त्रिपुरेश्वर, महाराजगन्ज चोक, केशरमहल, भक्तपुरको राधेराधे तथा ललितपुरको जावलाखेल चोकलगायत ठाउँमा छैनन् अकासे पुल**

सडकमा कठोर बन्दै ट्राफिक प्रहरी

वान-वेमा सवारी चलाउने, ओभर स्पिड, मापसे र लापसे, निषेधित क्षेत्रमा पार्किङ गर्ने र चलाउनेविरुद्ध ट्राफिक प्रहरी आक्रामक

टेकराज थामी/नयाँ पत्रिका

मोटरसाइकलको ह्विल लकपछि मुगुका गणेश नेपालीले आत्मदाह गरेसँगै यात्रुमाथि हुने कारबाहीलाई लिएर चौतर्फी आलोचना भइरहँदा ट्राफिक प्रहरी भने आक्रामक देखिएको छ। पछिल्ला दिन भएका कारबाहीका तथ्यांक विश्लेषण गर्दा यस्तो देखिएको हो।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्यांकअनुसार पछिल्ला दिन ट्राफिक प्रहरी ट्राफिक संकेत उल्लंघन गर्ने, गलत ठाउँमा सवारीसाधन अड्याउने, गलत ठाउँबाट मोड्ने, गलत साइडबाट सवारीसाधन चलाउनेविरुद्ध आक्रामक भएको छ। त्यस्तै, वान-वेमा जबर्जस्ती सवारीसाधन, अवस्था ठिक नभएको, ओभर स्पिड, निषेधित क्षेत्रमा पार्किङ गर्ने र सवारीसाधन चलाउनेविरुद्ध पनि ट्राफिक प्रहरी आक्रमक देखिएको छ।

तथ्यांकअनुसार ट्राफिक संकेत उल्लंघन गरेको अभियोगमा गत चैतमा तीन हजार २१४ लाई कारबाही भएको थियो। तर, वैशाखमा यो दर दोब्बरले बढेर ६ हजार ४५५ पुग्यो। जेठमा सोही अभियोगमा पाँच हजार ९३२ र असारमा चार हजार ७३७ विरुद्ध कारबाही भए। गलत ठाउँमा सवारीसाधन अड्याएको अभियोगमा गत चैतमा ६ हजार ८२५ विरुद्ध मात्रै कारबाही भएको थियो। यो दर वैशाखमा ११ हजार २६, जेठमा आठ हजार ६९३ र असार सात हजार ८७१ पुग्यो। त्यस्तै, गलत ठाउँबाट सवारीसाधन मोड्नेविरुद्ध गत चैतमा एक हजार ८५८ जनालाई कारबाही भएको थियो। वैशाखमा ६ हजार १६२, जेठमा आठ हजार ४९ र असारमा ६ हजार ५४१ जनालाई यो कसुरमा कारबाही गरियो।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी सुरेश काफ्लेले लापरबाहीपूर्वक चलाइएका सवारीसाधनबाट धेरैको ज्यान गएको र कैयौं गम्भीर घाइते भएको पाइएपछि कारबाही प्रक्रियालाई केही बढाइएको बताए। 'काठमाडौं उपत्यकामा प्रत्येक दिन कम्तीमा एकजनाले सवारी दुर्घटनामा ज्यान गुमाउने गरेको भेटियो। घाइते हुनेको दर त्यतिकै धेरै छ। अधिकांश यस्ता घटनामा चालकको लापरबाही भएको देखियो। चालक मात्रै सचेत हुँदा यस्ता घटना कम हुने हाम्रो निष्कर्ष निस्कियो। त्यसपछि कारबाही प्रक्रियालाई केही बढाइएको हो। वर्षा भएको वेला भने यस्ता कारबाही कम हुने गर्छन्,' उनले भने।

ट्राफिक प्रहरीले मादक पदार्थ सेवन गर्नेविरुद्धको कारबाहीलाई पनि तीव्रता दिएको छ। तथ्यांकअनुसार ट्राफिक प्रहरीले गत चैतमा दुई हजार ९९१ विरुद्ध मापसे कारबाही भएको थियो। यो दर बढेर वैशाखमा तीन हजार १४६ पुग्यो। जेठमा तीन हजार ६५७ र असारमा दुई हजार ७२४ पुग्यो।

नेपाल प्रहरीको तथ्यांकअनुसार मुलुकभर प्रत्येक दिन १०३ वटा सवारीसाधन दुर्घटनामा पर्छन्। जसमा कम्तीमा सातजनाले ज्यान गुमाउँछन्। यस्ता ५५.८५ प्रतिशत दुर्घटना चालकको लापरबाहीका कारण हुने गर्छन्। त्यसमा मादक पदार्थ सेवनको हिस्सा ५.२५ प्रतिशत छ। यो दर काठमाडौं उपत्यकामा अझ धेरै छ। त्यसैले पनि ट्राफिक प्रहरीले यो कसुरमा संलग्न हुनेविरुद्धको कारबाहीलाई आक्रामक बनाएको ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसपी नरेशराज सुवेदीले बताए। 'उपत्यकाभित्र हुने अधिकांश दुर्घटना चालकको लापरबाहीका कारण हुने गर्छन्। त्यसमा मापसेको हिस्सा अधिक देखिन्छ। त्यसो हुँदा हामीले यसविरुद्धको कारबाहीलाई केही बढाएका छौं। यसले दुर्घटना पनि कम गरेको छ। दुर्घटना घट्दा मृत्यु हुनेको दर पनि घट्छ,' उनले भने।

त्यसबाहेक बत्ती नबाली सवारीसाधन चलाउने, विनानम्बर प्लेट र बढी वजन बोक्ने सवारीसाधन, सिटबेल्ट वा हेल्मेट नलगाउने चालक, यात्री लिन इन्कार गर्ने, बढी भाडा असुल र लाइसेन्स साथमा नराखी सवारीसाधन चलाउनेविरुद्ध पनि ट्राफिक प्रहरी कडा देखिएको छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ का उपदफा १ अनुसार त्यस्ता कसुरमा संलग्न हुनेविरुद्ध यातायात निरीक्षक वा प्रहरीले पाँच सय रुपैयाँदेखि एक हजार पाँच सय रुपैयाँसम्म कारबाही गर्न सक्छ।

ऐनमा लेखिएको छ, 'कसुर पहिलोपटक गर्नेलाई पाँच सय रुपैयाँ, दोस्रोपटक गर्नेलाई एक हजार रुपैयाँ र तेस्रोपटक वा सो भन्दा बढी पटक गर्नेलाई एक हजार पाँच सय रुपैयाँको जरिवाना यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्नेछ।' ट्राफिक नियम नमान्ने, जथाभावी ढोका खोल्ने, ओभरटेक, चालक निदाउने, मापसे, मोबाइल फोनको प्रयोग, विनालाइसेन्स सवारीसाधन चलाउनेलगायत क्रियाकलापलाई कानुनले चालकको लापरबाही ठान्छ। यही कारण मुलुकभर ५५.८५ प्रतिशत दुर्घटना हुने गर्छ। ट्राफिक प्रहरीले यो कसुरमा संलग्नविरुद्ध पनि कारबाहीलाई आक्रामक तुल्याएको छ। तथ्यांकअनुसार गत चैतमा उपत्यकाभित्र ट्राफिक प्रहरीले आठ हजार ७७४ जनाविरुद्ध मात्रै लापरबाही कसुरमा कारबाही चलाएको थियो। वैशाख, जेठ र असारमा कारबाहीको दर बढेर ११ हजार २१६, दश हजार ६९८ र ८ हजार ६१२ पुगेको छ। यो कसुरमा पनि कसुरदारलाई पाँच सय रुपैयाँदेखि एक हजार ५०० रुपैयाँसम्म नै जरिवाना हुन्छ।

सबैभन्दा धेरै कारबाही गर्मीयाममा

तथ्यांकअनुसार ट्राफिक प्रहरीले सबैभन्दा धेरै कारबाही गर्मीयाममा गर्ने गरेको देखिएको छ। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका तथ्यांकअनुसार एक वर्षमा सबैभन्दा धेरै कारबाही साउनमा भएको देखिन्छ। यो महिनामा उपत्यकाभित्र मात्रै ९५ हजार ४८० भन्दा माथि कारबाही भए। जसबाट तीन करोड९४ लाख १९ हजार ०२९ राजस्व संकलन भयो। त्यसपछि असार महिनामा धेरै कारबाही भएको छ। असारमा ६३ हजार ०९९ विरुद्ध कारबाही भयो। जसबाट चार करोड ६७ लाख ५८ हजार ३०३ रुपैयाँ राजस्व संकलन भएको छ। भदौमा ६२ हजार ५७८ विरुद्ध कारबाही हुँदा दुई करोड ८७ लाख ११ हजार ५४२ रुपैयाँ राजस्व संकलन भएको थियो। वैशाखमा ६२ हजार पाँच सयविरुद्ध कारबाही गर्दा पाँच करोड २४ लाख ५९ हजार रुपैयाँ राजस्व संकलन भएको थियो। जेठमा ६१ हजार २८६ विरुद्ध कारबाही हुँदा पाँच करोड १५ लाख ७५ हजार ५९८ रुपैयाँ राजस्व संकलन भएको थियो।

सबैभन्दा कम कारबाही असोजमा

ट्राफिक प्रहरी कार्यालयका अनुसार काठमाडौं उपत्यकाभित्र सबैभन्दा कम कारबाही असोजमा हुने गरेको देखिएको छ। यो महिनामा एक हजार ८७६ विरुद्ध मात्रै कारबाही भयो। जसबाट मात्रै ३२ लाख ३८ हजार ५०४ रुपैयाँ राजस्व संकलन हुन सक्यो। कात्तिकमा १७ हजार ९८५ विरुद्ध कारबाही भएर १५ लाख ३८ हजार ६११ राजस्व संकलन भयो। त्यस्तै, मंसिरामा २४ हजार ५६३ विरुद्ध कारबाही हुँदा उनीहरूबाट दुई करोड ६१ लाख २६ हजार १३५ रुपैयाँ राजस्व संकलन भएको थियो। पुसमा २५ हजार ६९८ बिरुद्ध कारबाही भएर दुई करोड ७४ लाख २५ हजार ६६ रुपैयाँ राजस्व उठ्यो। माघमा ३० हजार १७६ विरुद्ध कारबाही भएर दुई करोड ७२ लाख ४३ हजार ६० रुपैयाँ र फागुनमा १७ हजार ३३१ विरुद्ध कारबाही भएर एक करोड ८४ लाख ४४ हजार ५४७ रुपैयाँ राजस्व संकलन भएको प्रहरी तथ्यांक छ।

एक वर्षमा पाँच लाख चालक कारबाहीमा



● ०८२/८३ मा कुन महिना कतिलाई कारबाही ?

साउन	९५,४८०
भदौ	६२,५७८
असोज	१,८७६
कात्तिक	१७,९८५
मंसिर	२४,५६३
पुस	२५,६९८
माघ	३०,१७६
फागुन	१७,३३१
चैत	४१,४४४
वैशाख	६२,५००
जेठ	६१,२८६
असार	६३,०९९
जम्मा	५,०४,०१६

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी सुरेश काफ्ले भन्छन्–



काठमाडौं उपत्यकामा प्रत्येक दिन कम्तीमा एकजनाले सवारी दुर्घटनामा ज्यान गुमाउने गरेको भेटियो। घाइते हुनेको दर त्यतिकै धेरै छ। अधिकांश यस्ता घटनामा चालकको लापरबाही भएको देखियो। चालक मात्रै सचेत हुँदा यस्ता घटना कम हुने हाम्रो निष्कर्ष निस्कियो। त्यसपछि कारबाही प्रक्रियालाई केही बढाइएको हो। वर्षा भएको वेला भने यस्ता कारबाही कम हुने गर्छन्। उपत्यकाभित्र हुने अधिकांश दुर्घटना चालकको लापरबाहीका कारण हुने गर्छन्। त्यसमा मापसेको हिस्सा अधिक देखिन्छ। त्यसो हुँदा हामीले यसविरुद्धको कारबाहीलाई केही बढाएका छौं। यसले दुर्घटना पनि कम गरेको छ। दुर्घटना घट्दा मृत्यु हुनेको दर पनि घट्छ।

२८ करोड...

पृष्ठ १ बाट क्रमशः

सुरक्षाकर्मीको संख्या पनि सोही अनुपातमा घट्न थालेको उनको भनाइ छ।

'संख्या कटौतीबाट उत्पन्न परिस्थितिलाई आन्तरिक रूपमा कसरी व्यवस्थापन गर्ने भन्ने तयारी पनि गरेका छौं,' प्रवक्ता बस्नेतले भने। नेपाली सेनाले राष्ट्रसंघलाई आवश्यक परेको अवस्थामा १० हजार जनशक्तिलाई मिसनमा पठाउन सक्ने वचन दिँदै आएको छ। 'हामीले गरेको प्रतिबद्धताअनुसार १० हजारसम्म फौज पठाउन हामी प्रतिबद्ध छौं,' प्रवक्ता बस्नेतले भने, 'जसका लागि दुई युनिटहरू ६० दिनभित्र र पाँच युनिटहरू १८० दिनभित्र खटाउन सक्ने गरी तयारी हालतमा राखिएको छ।' उनले नेपाली सेनाको उच्चस्तरको अनुशासन, बफादारिता, कार्यदक्षता तथा शान्ति स्थापना कार्यप्रतिको प्रतिबद्धतालाई मनन गर्दै संयुक्त राष्ट्रसंघले नेपाललाई एक विश्वसनीय एवं भरपर्दो फौज उपलब्ध गराउने राष्ट्रको रूपमा हेरेको बताए।

शान्ति स्थापक मिसनमा गएका सैनिकहरूबाट वर्षमा करिब १ खर्ब रुपैयाँबराबरको अमेरिकी डलर भित्रिँदै आएकामा यसमा समेत कटौती हुनेछ। संयुक्त राष्ट्रसंघको बडापत्रअनुसार सदस्य राष्ट्रहरूको आर्थिक, बन्दोबस्ती वा फौज उपलब्ध गराई योगदान पुऱ्याउनुपर्ने दायित्व छ। 'संयुक्त राष्ट्रसंघको आवश्यकताअनुसार सदस्य राष्ट्रहरूले फौज पठाउन सक्ने र विगतमा पनि परिस्थितिअनुसार शान्ति मिसनहरूको संख्यामा थप/घट हुने गरेको थियो,' प्रवक्ता बस्नेतले भने, 'हाल शान्ति कार्यतर्फ आएको आर्थिक संकुचनका कारण शान्ति सैनिकहरूको संख्यामा समेत कटौती भई शान्ति सैनिक उपलब्ध गराउने सबै राष्ट्रहरूका सैनिकहरूमा पारस्परिक रूपमा संख्या समायोजन भएको छ।'

यो वर्ष २८ करोड डलर बजेट कटौती

यो वर्ष जुन ३० मा, संयुक्त राष्ट्रसंघको महासभाले शान्ति सेनाका मिसनहरूको एक वर्षको बजेट (सन् २०२७ जुलाई १ सम्म)का लागि ५ अर्ब १० करोड अमेरिकी डलर स्वीकृत गरेको छ। राष्ट्रसंघको सूचना केन्द्रका अनुसार गत वर्ष यो रकम ५ अर्ब ३८ करोड डलर थियो।

सदस्य राष्ट्रहरूले आफ्नो प्रतिबद्धताअनुसार रकम भुक्तानी नगरेका कारण संकलन हुन नसकेको २ अर्ब डलरभन्दा बढीको बक्यौताका कारण शान्ति स्थापक मिसनहरू गम्भीर वित्तीय अभावबाट गुज्रिन पुगेको राष्ट्रसंघले जनाएको छ। यस वर्षको बजेट गत वर्षको तुलनामा ९ दशमलव ७ प्रतिशत कम हो।

विगत ७५ वर्षदेखि शान्ति स्थापक मिसनमा खर्च नभएको रकम सदस्य राष्ट्रहरूलाई उनीहरूको योगदानका आधारमा फिर्ता गर्दै आएको थियो। अब त्यसो नगर्ने निर्णय भएको छ। राष्ट्रसंघको पाँचौं कमिटीले यो परम्पराको अन्त्य गरिदिएको राष्ट्रसंघले जनाएको छ। अब सन् २०२७ मा नियमित बजेट र शान्ति स्थापना कार्यहरूमा गरी करिब १.३ अर्ब डलर फिर्ता गर्नुनपर्ने भएको छ। 'क्रेडिट-रिटर्न मेथोडोलोजी' नामक प्रस्ताव पारित भएसँगै अब चार वर्षको परीक्षण अवधिका लागि नयाँ कार्यविधि लागू भएको छ। अब खर्च नभएको रकम सदस्य राष्ट्रहरूलाई 'नगद ब्याकअप भएको अवस्थामा मात्र' (अर्थात् संगठनले प्राप्त गरेको भुक्तानीभन्दा कम खर्च गरेको अवस्थामा मात्र) फिर्ता गरिनेछ,' राष्ट्रसंघले भनेको छ।

तर, यस परिवर्तनले सदस्य राष्ट्रहरूलाई उनीहरूको बक्यौता पूर्ण र समयमै तिर्नुपर्ने आधारभूत दायित्वबाट मुक्त नगर्ने भनिएको छ। राष्ट्रबैंकको कन्ट्रोलर सचिवालयका अनुसार १२ महिनाभन्दा कम अवधिमा १ अर्ब २० करोड डलर फिर्ता गर्नुपर्ने अवस्था अब रहनेछैन। 'नयाँ नियमअनुसार आगामी १२ महिनामा करिब ३२ करोड डलर मात्र फिर्ता गर्नुपर्नेछ, जसले प्रभावकारी रूपमा १ अर्ब २० करोड डलरभन्दा बढीको अतिरिक्त तरलता प्रदान गर्दछ,' राष्ट्रसंघले भनेको छ।

अब राष्ट्रसंघीय शान्ति मिसनमा केही परिवर्तन आएको छ। राष्ट्रसंघीय सूचना केन्द्रका अनुसार सन् २०२७ देखि लेबनानबाट शान्ति सैनिक फिर्ता हुनेछन्, दक्षिण सुडानमा सन् २०२७ सम्म तथा साइप्रसमा सन् २०२७ को जनवरीसम्म मिसनहरूको अवधि थप भएका छन्।

लेबनानमा सन् २०२६ डिसेम्बर ३१ मा कार्य सञ्चालन अवधि समाप्त हुनेछ। लेबनान मिसनले सन् २०२७ भित्र करिब ८,२०० सैन्य कर्मचारीहरूलाई चरणबद्ध रूपमा फिर्ता गर्नेछ र त्यहाँका स्थानहरू लेबनानी अधिकारीहरूलाई हस्तान्तरण गर्नेछ।

लोकसेवा तयारी...

पृष्ठ १ बाट क्रमशः

कार्यालयको स्वीकृतिविना नेपाल सरकारका कुनै पनि कार्यालयले स्थायी पदपूर्ति नगर्ने र स्थायी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग नगर्ने/नगराउने' निर्णयको बुँदा नम्बर ११ मा उल्लेख छ।

गत ३० वैशाखको मन्त्रिपरिषद् बैठकले मन्त्रालयको संख्या २२ बाट घटाएर १८ मा सीमित गरेको छ। मन्त्रालयको संख्या घटाउनुका अतिरिक्त आवश्यक नदेखिएका दरबन्दी खारेज गर्ने नीति सरकारको छ। कति कर्मचारी आवश्यक पर्छन् भन्नेबारे सबै मन्त्रालयले ओएन्डएम गरेका छन्। अधिकांश मन्त्रालयको ओएन्डएम स्वीकृत भइसकेको छ भने पूर्वाधार विकास र परराष्ट्र मन्त्रालयको स्वीकृत हुन बाँकी छ। स्रोतका अनुसार मन्त्रालयहरूको ओएन्डएमले दुई हजारभन्दा बढी दरबन्दी कटौती गरेको छ। मन्त्रालयका अतिरिक्त निकाय, विभाग र कार्यालयहरूको ओएन्डएम बाँकी नै छ। तिनको ओएन्डएम हुँदा थप दरबन्दी कटौती हुने सम्भावना छ। नयाँ ओएन्डएमअनुसार स्वीकृत भएको दरबन्दीमा सम्बन्धित मन्त्रालय वा निकायले विद्यमान कर्मचारीको आन्तरिक मिलान गर्ने र यसरी मिलान गर्दा बढी हुन जाने (फाजिल) कर्मचारीलाई भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संघीय कार्यालय, प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गरी ती निकायको रिक्त स्थानमा कामकाजमा खटाउने व्यवस्था मिलाई कर्मचारीलाई कामविहीन हुने अवस्था आउन नदिने निर्णयमा उल्लेख छ।

सचिवस्तरीय बैठकको निर्णयको सार्वजनिक आलोचना बढेपछि सोमबारै साँझ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले विज्ञप्ति नै जारी गरी प्रधानमन्त्री कार्यालयको स्वीकृतिमा पदपूर्ति गर्न सकिने उल्लेख गरेको छ। 'कुनै पदमा पदपूर्ति गर्न आवश्यक भएको, फाजिलमा रहेका कर्मचारीको व्यवस्थापन भइसकेपछि कुनै पद रिक्त भएको वा ओएन्डएम सर्वेक्षणबाट कायम भएका नयाँ स्वीकृत दरबन्दीको रिक्त पदमा पदपूर्ति गर्नुपर्ने अवस्था भए नियमित रूपमा लोकसेवा आयोगमा माग गरिने' विज्ञप्तिमा उल्लेख छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता हेमराज अर्याल नयाँ ओएन्डएमबाट दरबन्दी घट्दा फाजिलमा पर्न जानेहरूलाई व्यवस्थापन गर्नुपर्ने आवश्यकताका कारण नयाँ पदपूर्तिमा असर पर्ने बताउँछन्। 'पहिला फाजिलमा पर्नेहरूलाई व्यवस्थापन गर्नुपऱ्यो, त्यसपछि स्थायी दरबन्दी खोल्ने हो,' उनले भने, 'ठ्याक्कै लोकसेवा (नयाँ पदपूर्ति) बन्द गर्ने आसय होइन।' उनका अनुसार ओएन्डएमले कतिपय नयाँ पद पनि सिर्जना गर्छ। तर, त्यस्ता मन्त्रालय वा निकायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले स्वीकृत गरेपछि मात्रै लोकसेवामा जान्छ। अधिकारीहरूका अनुसार यही आधारमा यो वर्ष स्थायी नियुक्तिका लागि लोकसेवाको नयाँ विज्ञापन खुल्ने सम्भावना न्यून छ। खुले पनि न्यून संख्यामा मात्र कर्मचारी भर्ना हुन सक्ने उनीहरू बताउँछन्। लोकसेवा आयोगले भदौको अन्तिम बुधबारदेखि नयाँ नियुक्तिका लागि विज्ञापन प्रकाशन अघि बढाउँछ।

पूर्वसचिव सुरेश अधिकारी प्रशासनिक पुनर्संरचना गर्दा कटौती भएर फाजिलमा जाने कर्मचारी व्यवस्थापन गर्नुपर्ने चुनौती सरकारलाई हुने भए पनि नयाँ पदपूर्ति पूर्ण रूपमा रोक्न नहुने बताउँछन्। 'दरबन्दी कटौती गर्दा कर्मचारी फाजिल हुन जान्छन्। तैपनि लोकसेवा ठप्पै गर्नुचाहिँ हुँदैन। दरबन्दी कटौती गर्दा पनि लोकसेवा पूर्ण रूपमा नरोकी केही पदमा खुलाउनुपर्छ,' उनले भने, 'खासगरी अधिकृत र सोभन्दा मुनिका पदहरूमा युवालाई नवप्रवेशको केही ठाउँ राखेर अघि बढ्नुपर्छ। केही प्रतिशतमा विज्ञापन खुलाउँदै बिस्तारै दरबन्दी कटौती गर्न सकिन्छ।'

वार्षिक तीन हजार पदपूर्तिका लागि साढे चार लाख युवाले तयारी गर्छन् लोकसेवा

निजामती ऐनमार्फत अनिवार्य अवकाशको योजना ल्याएर कर्मचारी कटौती गर्ने योजनामा रहेको सरकारले त्यसलाई थाती राखेर सकेसम्म नयाँ पदपूर्ति नगर्ने नीति लिँदा लोकसेवाको तयारी गरिरहेका लाखौं युवा प्रभावित भएका छन्। उच्च शिक्षा प्राप्त गरेका युवाको लोकसेवामा यति ठुलो आकर्षण छ कि मागको झन्डै डेढ सय गुणाभन्दा बढी आवेदन पर्ने गरेको विगतका लोकसेवा विज्ञापनले देखाउँछ। ०८१/८२ मा संघअन्तर्गत बढुवा, आन्तरिक प्रतियोगिता र खुला तथा समावेशीतर्फ तीन हजार १८१ पदका लागि विज्ञापन खुलेकामा चार लाख ५९ हजार ८३४ जनाले आवेदन दिएका थिए। त्यस्तै, ०८०/८१ मा तीन हजार ६६० पदका चार लाख ७३ हजार ४९० जनाले आवेदन दिएका थिए। यसमध्ये खुला र समावेशी पदपूर्तिका लागि नै धेरै पदमा विज्ञापन खुलेको हुन्छ।

यो वर्ष दुई हजार कर्मचारी हुँदै छन् अवकाश

अवकाश भएर जाने कर्मचारीको विकल्पमा पनि लोकसेवाले हरेक वर्ष नयाँ विज्ञापन खोल्छ। चालू आवमा पनि करिब दुई हजार कर्मचारी अवकाशमा जाँदै छन्। निजामती किताबखानाले सार्वजनिक गरेको ०८३/८४ मा अवकाश हुने कर्मचारीको अनुमानित विवरणअनुसार विभिन्न श्रेणी तथा तहका एक हजार ९८५ कर्मचारीको अनिवार्य अवकाश हुँदै छ। तीमध्ये सचिव (विशिष्ट श्रेणी) का २०, सहसचिव (प्रथम श्रेणी) ८७, उपसचिव २०६ र शाखा अधिकृत वा सोसरहका ३२० कर्मचारी अवकाश हुँदै छन्। त्यस्तै, सहायकस्तरका ७७३ र श्रेणीविहीन ५७९ कर्मचारी अनिवार्य अवकाश हुनेछन्। अवकाश भएका कर्मचारीको हकमा पनि सकेसम्म नयाँ नियुक्ति नगर्ने मनस्थितिमा सरकार छ। सचिव बढुवा नगर्नु यसको एउटा संकेत हो। हाल सचिवको दरबन्दी ७१ जना छ। तर, हाल ५७ सचिव मात्र कार्यरत छन्। ठुलो संख्यामा सचिव दरबन्दी खाली हुँदा पनि सरकारले त्यहाँ नयाँ बढुवा गरेको छैन।

सार्वजनिक बिदा पुनरवलोकन गर्दै सरकार

सातामा दुई दिन बिदा दिन थालिएपछि अन्य सार्वजनिक बिदाबारे पुनरवलोकन गर्ने तयारी सरकारले गरेको छ। गत २२ चैतमा बसेको मन्त्रिपरिषद् बैठकले सरकारी कार्यालय र शैक्षिक संस्थामा शनिबार र आइतबार बिदा दिने निर्णय गरेको थियो। सार्वजनिक बिदा पुनरवलोकनका लागि सोमबारको सचिवस्तरीय बैठकले गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयको प्रतिनिधि रहने गरी सार्वजनिक बिदा पुनरवलोकन कार्यदल गठन गर्ने निर्णय गरेको छ। कार्यदलले १५ दिनभित्र गृह मन्त्रालयमा प्रतिवेदन पेस गर्ने गरी समयावधि तोकिएको छ।

संविधान संशोधनका...

पृष्ठ १ बाट क्रमशः

र पार्टी सभापतिले संवादको ढोका खोलेर सबै दलहरूसँग राष्ट्रिय सहमति गर्नुपर्छ,' कार्यदलका संयोजक शाहले भने, 'संशोधनको प्रक्रिया अगाडि बढाउन प्रधानन्यायाधीशको अध्यक्षतामा आयोग बनाएर थप काम गर्न सकिन्छ। अथवा संसद्मै संविधान संशोधन आयोग बनाउन सकिन्छ।' शाहका अनुसार संविधान संशोधनको सवालमा कार्यदलले कुनै पोजिसन लिँदैन। संशोधनका लागि अब बन्ने आयोगका लागि बहसपत्र सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्ने मात्रै हो।

प्रतिवेदन तयार गर्ने क्रममा कार्यदलले २२ वटा औपचारिक र अन्य अनौपचारिक बैठक सञ्चालन गरेको थियो। त्यसक्रममा पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्री, विभिन्न राजनीतिक दलका नेतृत्व, संविधानविद्, कानुनविद्, पूर्वन्यायाधीश, पूर्वमहान्यायाधिवक्ता, पूर्वकानुन सचिव, पूर्वप्रशासक, विभिन्न क्षेत्रमा क्रियाशील महिला, सञ्चारकर्मी र निजी क्षेत्रका प्रतिनिधिसहित १८४ जना विज्ञ व्यक्तिहरूसँग प्रत्यक्ष छलफल गरेको थियो।

साथै, संवैधानिक निकाय, महान्यायाधिवक्ताको कार्यालय, प्रदेश तथा स्थानीय सरकार, नेपाल बार एसोसिएसन, विभिन्न धार्मिक संघसंस्थाहरूलगायत १५० भन्दा बढी संघ-संस्थाहरूसँग लिखित सुझाव माग गरिएको थियो। आमनागरिकको सुझावका लागि वेबसाइटमा सूचना प्रकाशन गरिएकामा स्वदेश तथा विदेशमा रहेका नेपालीहरूबाट इमेल र ह्वाट्सएपमार्फत कुल ४४ हजार ६१३ वटा डिजिटल सुझावहरू प्राप्त भएका थिए भने टेलिफोन र अन्य विद्युतीय माध्यमबाट पनि सुझाव संकलन गरिएका थिए।

नेपालको संविधान निर्माणका ऐतिहासिक दस्तावेज, संविधानसभाका समितिका प्रतिवेदन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र नजिरहरूको अध्ययन गरी प्राप्त सुझावहरूलाई विभिन्न २० वटा विषय क्षेत्रमा वर्गीकरण गरेर कार्यकारी सारांशसहितको प्रतिवेदन तयार गरिएको छ।

के छन् नागरिकका सुझाव ?

नागरिक र सरोकारवालाबाट प्राप्त सुझावमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्रीको मत बलियो गरी आएको छ। अहिलेको संसदीय व्यवस्थाले स्थायित्व नदिएको, शासनप्रणालीमा बेथिति बढाएको भन्दै प्रत्यक्ष निर्वाचित कार्यकारी जरुरी रहेको मत नागरिकको छ। प्रधानमन्त्रीको कार्यकाल एउटा दुईपटक मात्रै हुने, विज्ञहरू मन्त्री हुने व्यवस्था गर्न सुझाव छ।

त्यसैगरी, संघीय सांसदहरूको संख्या घटाउनुपर्ने सुझाव आएको छ। प्रतिनिधिसभालाई १०५ देखि १६५ प्रत्यक्ष सिटमा सीमित गर्नुपर्ने र राष्ट्रिय सभालाई पूर्ण समानुपातिक बनाउने सुझाव आएका छन्। प्रतिनिधिसभा सदस्य उम्मेदवारको उमेर २१ वर्ष र राष्ट्रिय सदस्यको उमेर ३० वर्ष बनाउनुपर्ने सुझाव छ। राष्ट्रपति र उपराष्ट्रपति फरक लिंगको हुनैपर्ने, उपराष्ट्रपति राष्ट्रिय सभाको अध्यक्ष हुने व्यवस्था गर्नुपर्ने मत नागरिकको छ। स्थानीय तहलाई गैरदलीय बनाउने मत पनि जनताको छ।

निर्वाचन प्रणालीमा सुधार, राइट टु रिकल, नो भोट, विदेशमा रहेका नेपालीलाई मतदान, राजनीतिक दल पारदर्शी हुनुपर्ने, आम्दानी महालेखामार्फत लेखापरीक्षण हुनुपर्ने सुझाव छ। यसैगरी, नेपाल हिन्दु राष्ट्र हुनुपर्ने मत बलियो छ। धर्मनिरपेक्षता कायम राख्नुपर्ने मत नागरिकको छ। गणतन्त्रलाई थप समृद्ध बनाउने साझा मत छ। केहीले राजसंस्था हुनुपर्ने सुझाएका छन्।

प्रदेश खारेज गरौं भन्ने सबैभन्दा बलियो रहेको छ। सुझाव दिनेहरूमध्ये अधिकांशले प्रदेश खारेज गरी संघीयता पुनर्संरचना गर्नुपर्ने, स्थानीय तहलाई गैरदलीय बनाएर बलियो संघीयताको अभ्यास गर्नुपर्ने सुझाएका छन्। प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री, विज्ञ मन्त्री हुनुपर्ने मत पनि छ। संघीयताका तहबिच एकल र साझा अधिकारको बाँडफाँड स्पष्ट हुनुपर्ने, जिल्ला समन्वय समिति खारेज हुनुपर्छ भन्ने पनि सुझाव आएको छ। प्रदेशको संख्या घटाउनुपर्ने, सिमाना हेरफेर गर्नुपर्ने, प्रदेशको मन्त्रीको संख्या पाँचदेखि सात राख्नुपर्ने सुझाव छ।

न्यायपालिकाअन्तर्गत सर्वोच्च अदालतका न्यायाधीशको संख्या घटाउनुपर्ने, मुद्दाको चापका आधारमा अस्थायी न्यायाधीश राख्न सक्ने व्यवस्था गर्नुपर्ने, संवैधानिक इजलास खारेज गर्नुपर्ने, संवैधानिक अदालत गठन गर्नुपर्ने, न्यायाधीशको नियुक्तिको प्रवेशद्वार जिल्ला अदालतलाई राख्नुपर्ने, न्यायिक करिअर अन्तिम गन्तव्य हुनुपर्ने, उच्च अदालतको क्षेत्राधिकार बढाउने र कोट अफ रेकर्डको हैसियत प्रदान गर्नुपर्ने, न्यायपालिकालाई वित्तीय एवं बजेटरी स्वायत्तता दिनुपर्ने सुझाव आएको छ।

यसैगरी, सर्वोच्च अदालतको न्यायाधीशको पदावधि बढीमा सात वर्ष र उच्च अदालतको मुख्य न्यायाधीशको तीन वर्ष, उच्च अदालतको न्यायाधीशको र जिल्ला न्यायाधीशको पदावधि बढीमा १० वर्ष उपयुक्त हुने, बढीमा ६० वर्ष उमेरहद कायम गर्ने सुझाव आएको छ। अदालतमा राजनीति अन्त्य गर्न न्यायाधीशहरू खुला प्रतिस्पर्धाबाट ल्याउने सुझाव छ। प्रधानन्यायाधीशको पदावधि तीन वर्ष राख्ने र संवैधानिक परिषद्मा सदस्य रहने व्यवस्था हटाउनुपर्ने सुझाव छ।

यसैगरी, संवैधानिक आयोगको संख्या र पदाधिकारी घटाउनुपर्ने, पदाधिकारीको पदावधि ६ वर्षबाट घटाएर चार वर्ष बनाउनुपर्ने सुझाव छ।

कार्यदलमा रास्वपा, नेकपा, श्रम संस्कृतिले राखेका धारणालाई पनि समेटिएको छ। कांग्रेस, एमाले, राप्रपाको घोषणापत्रमा भएका कुराहरू समेटिएको छ।

नागरिकहरूले सामाजिक आर्थिक सुधार हुने गरी प्रभावकारी कानुन बनाउनेतर्फ बढी जोड दिएका छन्। निर्वाचन प्रणाली, शासकीय स्वरूप, न्यायपालिकालाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी स्वतन्त्र न्यायपालिका बनाउनुपर्ने सुझाव छ।

मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्ने, देशभित्र रोजगारी सिर्जनामार्फत बिदेसिनुपर्ने नेपालीको बाध्यता अन्त्य गर्ने, आरक्षणको खारेज गर्ने, एउटै पदमा दुई कार्यकालभन्दा बढी बस्न नहुने पनि सुझाव छ। नागरिकको कर्तव्यमा निर्वाचन सहभागी भइ मतदान गर्नु पनि सुझाव प्राप्त भएको छ।

नागरिकतासम्बन्धी पनि धेरै सुझावहरू छ। अंगीकृत नागरिकतासम्बन्धी, नेपाली नागरिकहरूसँग विवाह सम्बन्ध कायम गरेको विदेशी महिलाका बारेमा, छोराछोरी विभेद भएकोमा समान व्यवस्था कायम हुनुपर्छ भन्ने सुझाव आएका छन्।

एकपटकको नेपाली सधैँको नेपाली हुनुपर्ने गोर्खा सैनिक र तिनका सन्ततिहरूको वंशज नागरिकताको नियुक्ति हुनुपर्ने, अनि प्रमुख राजनीतिक पदमा नियुक्ति हुन वंशज र जन्मसिद्धका आधारमा नेपाली नागरिक हुनुपर्नेजस्ता सुझाव पनि प्राप्त भएको छ।

उपत्यकामा...

पृष्ठ १ बाट क्रमशः

छ, न त जेब्राक्रस। फुटपाथ पनि गतिला छैनन्। राजधानीजस्तो ठाउँमै सडक पूर्वाधार जोखिमपूर्ण छ भने अन्य ठाउँको त कुरै नगरौं।'

सडक वारपार गर्ने पैदलयात्रुको अत्यधिक भिड हुने पुतलीसडक चोक र पद्मोदय मोडमा पनि अकासे पुल छैन। ट्राफिक प्रहरीले सवारीसाधन र यात्रुलाई पालैपालो रोक्दै सडक वारपार गराउँछ। यसले यात्रामा ढिलाइ व्यहोर्नुपर्ने अवस्था छ।

केही ठाउँमा त अकासे पुल बनाउने भनेर जग हालेको पाँच वर्ष भइसक्दा पनि अलपत्र छाडिएको छ। काठमाडौं महानगरमा विद्यासुन्दर शाक्य मेयर हुँदा ०७७/७८ मै गौशाला, मित्रपार्क र चाबहिल चोकमा अस्थायी प्रकारको अकासे पुलको जग हालिएको थियो। तर, डिजाइन फरक परेको भन्दै महानगरकै जनप्रतिनिधिहरूले रोकेका थिए। डिजाइन गलत पेस गरेका कारण उक्त योजना रद्द गरिएको काठमाडौं महानगरका सार्वजनिक निर्माण विभाग प्रमुख सुरेश राईले बताए। अब गौशाला र मित्रपार्कमा लिफ्टसहितको पुल निर्माण गर्ने उनको भनाइ छ। चाबहिलमा भने अर्कै योजनाअन्तर्गत अहिले अस्थायी पुल छ। 'चाबहिल, मित्रपार्क र गौशाला क्षेत्रमा अकासे पुल अत्यावश्यक हो। विगतमै अस्थायी पुल बनाउन लागिएको पनि हो, तर डिजाइन नै गलत परेकाले रोकिएको हो। अब पुरानो टेन्डर रद्द गरेर नयाँ खोल्ने तयारीमा छौं,' राईले भने, 'अब मित्रपार्क र गौशालामा लिफ्टसहितको पुल निर्माण हुन्छ। नयाँ डिजाइन पनि आइसकेको छ। नयाँ आर्थिक वर्षमा टेन्डर आह्वान गरेर पहिले जग बसालेकै ठाउँमा नयाँ डिजाइनमा लिफ्टसहितको पुल निर्माण गरिनेछ। चाबहिलमा भने अहिले अस्थायी पुलले चलिरहेको छ।' महानगरले शोभा भगवती र तिलगंगा क्षेत्रमा दुईवटा मोटरेबल पुल निर्माण गर्ने योजना पनि ल्याएको छ। नयाँ आर्थिक वर्षमै यो पुल निर्माण पनि अघि बढ्नेछ।

बनाइएका ठाउँमा पनि पुल प्रयोग गर्दैनन् बटुवा

उपत्यकामा कतै पुल नहुँदा बटुवा जोखिमपूर्ण रूपमा सडक पार गर्न बाध्य छन्। तर, कतै अकासे पुल भए पनि कतिपय यात्रु त्यसको प्रयोग गर्दै छन्। सडकबाटै ज्यान धरापमा राखेर पार गर्ने प्रवृत्ति छ। एक उदाहरण हो चाबहिल चोक।

चाबहिल चोकमा अकासे पुल हुँदाहुँदै पनि बटुवाहरू पुलमुनि सडकबाटै ओहोरदोहोर गरिरहेका देखिन्छन्। तीनतिरबाट आउने सवारीसाधन र त्यसमा बटुवाले पनि सडकबाटै ओहोरदोहोर गर्दा चाबहिल चोक अस्तव्यस्त हुने गरेको छ।

नयाँ बानेश्वर चोकमा पनि अकासे पुल छ। तर, कैयौं यात्रु पुल छाडेर सडकबाटै हिँडिरहेका हुन्छन्। जसले सवारीसाधन प्रयोगकर्ता र पैदलयात्रु दुवैलाई जोखिम निम्त्याएको छ। अकासे पुल हुँदाहुँदै यात्रुले जथाभावी बाटो काट्दा ट्राफिक जाम पनि बढ्ने गरेको छ।

चक्रपथको कलंकी-महाराजगन्ज खण्डका तीन ठाउँमा अकासे पुल बन्ने

चक्रपथको कलंकी-महाराजगन्ज खण्डमा तीन ठाउँमा अकासे पुल निर्माणको डिजाइन तयार भइसकेको छ। काठमाडौं चक्रपथ सुधार यो जना प्रमुख आशिका पोखरेलका अनुसार सीतापाइला, बालाजु र ग्रिनसिटी अस्पतालनजिक अकासे पुल बन्नेछन्। चिनियाँ ठेकेदार कम्पनीले बनाउने ती पुल निर्माण केही महिनामै अघि बढ्ने पोखरेलले बताइन्।

'उपत्यकामा अकासे पुलको अभाव नै छ, कलंकी महाराजगन्ज खण्डमा तीन अकासे पुल निर्माण हुन्छन्, चक्रपथको ललितपुर खण्डमा ललितपुर महानगरपालिकाको सहयोगमा पुल निर्माणको काम भइरहेको छ,' उनले भनिन्, 'कलंकी महाराजगन्ज खण्डमा चिनियाँ कम्पनीले नै बनाउँछ, जसको डिजाइन तयार भइसकेको छ।'

■ मधेशमा मृत्युको कारण बन्दै पोखरी र खाल्डाखुल्डी

पाँच वर्षमा ५८१ बालबालिकाको मृत्यु

घटना १

सिराहाको चोहर्वामा एकै परिवारका तीन बालबालिकाको मृत्यु

गत २८ असारमा सिराहाको गोलबजार नगरपालिका- ७, पुरानो चोहर्वास्थित पशु हाटबजारपरिसरमा बाटोमा हाल्न माटो खनेको खाल्डोमा जमेको पानीमा डुबेर एकै परिवारका तीन बालबालिकाको मृत्यु भयो । रौतहटको भिंगहर्वा- २ घर भई चोहर्वामा कबाडी संकलनको काम गर्दै आएका अब्बास शेखका १२ वर्षीया छोरी सबनम खातुन, १० वर्षीया रुविना खातुन र आठ वर्षीय छोरा साफुल शेखको डेरानजिकैको खाल्डोमा नुहाउने क्रममा डुबेर ज्यान गएको हो । स्थानीयका अनुसार पशु हाटबजारमा चौपायालाई पानी खुवाउन बनाइएको करिब डेढ फिटको खाल्डोलाई पश्चिमतर्फको बाटो बनाउन खनेर गहिरो बनाइएको थियो । वर्षाको पानीले भरिएको सोही खाल्डोको गहिराइ आकलन गर्न नसक्दा तीनैजनाले ज्यान गुमाउनुपरेको स्थानीयले बताए ।

घटना २

ग्राभेल उत्खनन गरी खुला छाडेको खाल्डोमा मामा-भान्जाले गुमाए ज्यान

१८ असार ०८२ मा सिराहाकै नरहा गाउँपालिका- ३, खोरिया गाउँमा स्थानीय ठेकेदारले माटो र ग्राभेल उत्खनन गरी खुला छाडेको खाल्डोमा डुबेर नातामा मामा-भान्जा पर्ने दुई बालकको मृत्यु भयो । स्थानीय सुशील मण्डलका सात वर्षीय छोरा राहुल मण्डल र रामकुमार मण्डलका छोरा आशिष मण्डलको नुहाउने क्रममा बेपत्ता भएको २० घण्टापछि भोलिपल्ट मात्रै शव फेला परेको थियो ।

घटना २

इँटा उद्योगले चिम्नीका लागि खनेको खाल्डोमा दुईवर्षे बालकको मृत्यु

२६ वैशाख ०८३ मा महोत्तरीको औरही नगरपालिका- २ मा व्यवसायी हरिनारायण यादवको स्वामित्वमा रहेको 'न्यु बाबा फिक्स इँटा उद्योग'को चिम्नी निर्माण गर्न खनिएको खाल्डोमा जमेको पानीमा खेल्ने क्रममा दुई वर्षीय बालक हिराबहादुर रानामगरको डुबेर मृत्यु भयो । उनी सोही उद्योगमा मजदुरी गर्ने सिन्धुली मरिण गाउँपालिका- ८ का दिलबहादुर रानामगरका छोरा थिए ।

पाँच वर्षमा डुबेर ज्यान गुमाएकामध्ये
६० प्रतिशत बालबालिका

३४५	२३६	४०५
बालक	बालिका	वयस्क महिला र पुरुष

जम्मा ५८१

लहानमा **मणिलाल विश्वकर्मा**

विकास निर्माणका नाममा जथाभावी खनिने र काम सकिएपछि बेवारिसे छाडिने खाल्डाखुल्डी मधेश प्रदेशमा बालबालिकाका लागि 'मृत्युको धराप' बन्न थालेका छन् । विनाकुनै पूर्वसतर्कता र सुरक्षा मापदण्ड नदी, सडक तथा इँटा उद्योगका लागि खनिएका खाल्डामा जमेको वर्षाको पानीमा डुबेर ज्यान गुमाउने बालबालिकाको संख्या धेरै देखिन्छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार पाँच वर्षमा खोलानाला, नदी, पोखरी, तलाउ, नहर र विकास निर्माणका क्रममा खनिएका खाल्डाखुल्डीमा डुबेर कुल ९८६ जनाको मृत्यु भएको छ । जसमध्ये करिब ६० प्रतिशत बालबालिका छन् । बालबालिकामा ३४५ बालक र २३६ बालिकाको ज्यान गएको छ । यसबाहेक डुबेर ज्यान गुमाउनेमा ४०५ वयस्क पुरुष र महिला छन् ।

पछिल्लोपटक सिराहा र महोत्तरीमा भएका तीनवटा घटनाले योजनाविहीन विकास र सरोकारवालाको चरम लापरबाहीलाई पुनः उजागर गरिदिएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालले डुबेर हुने घटना न्यूनीकरणका लागि परिवार नै सचेत बन्नुपर्ने बताए । 'खेल्ने उमेरका बालबालिका कहाँ गइरहेका छन्, कोसँग गइरहेका छन् भन्ने कुरामा अभिभावकले कडा निगरानी राख्न जरुरी छ,' एसएसपी ढकालले भने, 'समुदायले पनि पालिकासँग समन्वय गरी जोखिमयुक्त पोखरी वा खाल्डाखुल्डीको घेराबेरा गर्नुपर्छ ।'

प्रहरीले हरेक युनिटमार्फत 'समुदाय-प्रहरी साझेदारी कार्यक्रम'अन्तर्गत दैनिक रूपमा गाउँ-गाउँमा पुगेर जनचेतना जगाउने काम गरिरहेको जानकारी दिँदै उनले स्थानीय सरकारले पनि यस विषयमा वार्षिक योजना बनाएर काम गर्नुपर्ने सुझाव दिए ।

जल सुरक्षा नीति लागू गर्न बाल अधिकारकर्मीको माग

पानीमा डुबेर बालबालिकाको मृत्यु हुने दर निरन्तर बढेपछि बाल अधिकारका लागि नागरिक समाज संस्था सञ्जालले गम्भीर चिन्ता व्यक्त गर्दै तत्काल कदम चाल्न माग गरेको छ । सञ्जालले प्रदेश र स्थानीय तहमा तत्काल जल सुरक्षा नीति निर्माण र कार्यान्वयन गरिनुपर्ने, जोखिमयुक्त पोखरी, खोला र खाल्डाखुल्डीको पहिचान गरी तत्काल घेराबेरा र चेतावनी बोर्ड राख्नुपर्ने र विकास निर्माण वा उत्खननका नाममा खनिएका खाल्डाखुल्डी सुरक्षित नगरी खुला छाड्ने ठेकेदार वा कम्पनीलाई कानुनी रूपमा जवाफदेही र दण्डित बनाउनुपर्ने माग अधि सारेको छ । त्यस्तै, विद्यालयस्तरमा जनचेतना फैलाउने, वर्षायाम लक्षित उद्धार संयन्त्रको स्थापना गर्ने र स्थानीय विपत् व्यवस्थापनमा जल सुरक्षाको सवाललाई अनिवार्य समावेश गर्नुपर्ने माग छ ।



सिराहाको गोलबजार नगरपालिका- ७, पुरानो चोहर्वास्थित पशु हाटबजारपरिसरमा रहेको खाल्डो । गत २८ असारमा यही खाल्डोमा जमेको पानीमा डुबेर एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको थियो ।

■ गोलबजार नगरपालिकाका मेयर **श्यामकुमार श्रेष्ठ** भन्छन्-

पालिका, वडा कार्यालय र स्थानीय समुदायको सहकार्य जरुरी भयो



एउटै खाल्डोमा जमेको पानीमा डुबेर तीन जना बालबालिकाको ज्यान जाने भवितव्य घटना भयो । अनुसन्धान गर्ने निकायले छानबिन पनि गर्दै होला, तर हामीले पनि सजग हुनुपर्ने पाठ सिक्यौं । मानिसहरूको बढी जमघट हुने ठाउँमा रहेको पोखरी, तलाउ या खाल्डाखुल्डीको पानीमा डुबेर हुनसक्ने मानवीय क्षति रोक्न पालिका, वडा कार्यालय र स्थानीय समुदायको सहकार्य जरुरी महसुस भएको छ ।

मानवीय क्षति हुन नदिन निर्माण व्यवसायीलाई सचेत गराउन आवश्यक

गोलबजार नगरपालिकाका नगर प्रमुख श्यामकुमार श्रेष्ठले हाट बजारमा पशु चौपायालाई पानी खुवाउन करिब दुई दशकदेखि अस्तित्वमा रहेको खाल्डोमा जमेको पानीमा डुबेर एकै परिवारका तीनजना बालबालिकाको दुःखद् निधनले स्तब्ध भएको बताए । 'भवितव्य घटना भयो,' उनले भने, 'अनुसन्धान गर्ने निकायले छानबिन पनि गर्दै होला, तर हामीले पनि सजग हुनुपर्ने पाठ सिक्यौं । मानिसहरूको बढी जमघट हुने ठाउँमा रहेको पोखरी, तलाउ या खाल्डाखुल्डीको पानीमा डुबेर हुनसक्ने मानवीय क्षति रोक्न पालिका, वडा कार्यालय र स्थानीय समुदायको सहकार्य जरुरी महसुस भएको छ ।' त्यस्ता ठाउँहरूमा सन्देशमूलक सूचनासम्बन्धी बोर्ड राख्ने, मापदण्डअनुसार विकास निर्माण सम्पन्न भएपछि मानवीय क्षति हुन सक्ने खाल्डाखुल्डी तत्काल पुर्न उपभोक्ता समिति, निर्माण व्यवसायीलाई सचेत गराउनुपर्ने उनले बताए ।

२० करोडको कोकिनसहित दुई विदेशी महिला पक्राउ



सिलिकनमा झोल कोकिन मिसाई कपडाको आकार दिई कोलम्बियाबाट ल्याइएको कोकिन

योनिथ गार्जेन

रेबिका पुले

नयाँ पत्रिका

अन्तर्राष्ट्रिय माफिया समूहले नेपालको रुट हुँदै नयाँ शैलीमा कोकिन तस्करी गर्न थालेको प्रहरीले जनाएको छ । त्यसरी तस्करी गर्न लागिएको करिब २० करोड मूल्यबराबरको चार केजीभन्दा धेरै कोकिनसहित दुई विदेशी महिला काठमाडौंमा पक्राउ परेका छन् ।

झोल कोकिनलाई सिलिकनमा मिसाई कपडाको आकार दिई कोलम्बियाबाट नेपालसम्म कोकिन ल्याइएको हो । त्यसरी लागुऔषध लिएर आएकी कोलम्बियाकी ६२ वर्षीया योनिथ गार्जेन काइजेडालाई लागुऔषध नियन्त्रण ब्युरोले ठमेलको होटेलबाट आइतबार पक्राउ गरेको हो । उनले सुटकेसभित्र फल्सबटम बनाई, ब्ल्यांकेट, म्याट, ज्याकेट, एप्रोन नेक पिलोभित्र कोकिन लुकाइएको थियो । उनीबाट चार किलो दुई सय ५८ ग्राम कोकिन बरामद भएको र जसको अवैध बजार मूल्य १५ करोडभन्दा धेरै भएको लागुऔषध नियन्त्रण ब्युरोका एसएसपी सुवासचन्द्र बोहराले बताए । लागुऔषध कारोबारीले एक ग्राम कोकिनको ५० हजार रुपैयाँसम्म बिक्री गर्ने गर्छन् । यद्यपि, यसको खपत नेपालमा भने न्यून हुने गरेको छ ।

कोलम्बियाबाट ल्याइएको कोकिन भारत लैजाने तयारी थियो । सो कोकिन लिन आएकी ३७ वर्षीया भारतीय युवती रेबिका पुलेलाई पनि प्रहरीले पक्राउ गरेको छ । कोलम्बियन युवती पानमा, ब्राजिल, दोहा हुँदै ३१ असारमा नेपाल आइपुगेकी हुन् । उनलाई केही दिन होटेलमै निगरानीमा राखेर ब्युरोको टोलीले आइतबार पक्राउ गरेको हो । उनलाई निगरानीमै राख्दा कोकिन लिन आएकी भारतीय महिलालाई पनि पक्राउ गर्न सफल भइएको प्रहरीले जनाएको छ ।

अन्तर्राष्ट्रिय माफिया गिरोहले कोकिन तस्करीमा नेपाललाई अन्तर्राष्ट्रिय ट्रान्जिटका रूपमा प्रयोग गर्दै आएका छन् । तुलनात्मक रूपमा नेपालमा कम सजाय हुने र विमानस्थलमा चेकिङ बलियो नहुने ठानेर यसरी नेपाललाई ट्रान्जिट बनाउने गरिएको आकलन गरिएको छ । ठुलो परिमाणमा लागुऔषध कारोबार गर्नेलाई नेपालमा २५ वर्षसम्म कैद सजाय हुने प्रावधान छ भने कतिपय देशमा मृत्युदण्ड नै दिइन्छ ।

संक्षेप

क्यान्सर तथा अत्यावश्यक औषधिको मूल्य समायोजन गरिँदै

काठमाडौं / सरकारले क्यान्सर तथा अत्यावश्यक औषधिको मूल्य समायोजनको तयारी थालेको छ । औषधि व्यवस्था विभागले क्यान्सर तथा अन्य अत्यावश्यक औषधिको अभाव न्यूनीकरण गर्ने मूल्य समायोजन प्रक्रिया अघि बढाएको हो । विभागले यसको जिम्मेवारी औषधि मूल्य अनुगमन समितिलाई दिएको छ । समितिको दुईपटक बैठक बसिसकेको छ । बैठकले भारत तथा तेस्रो मुलुकबाट आयात गरिने औषधिको मूल्य भारतकै सरह राख्ने गरी छलफल भएको छ । पहिलो चरणमा ६५ प्रकारका औषधिको मूल्य निर्धारण हुने विभागले जनाएको छ । विभागका अनुसार हालको मूल्य भारतमा भन्दा नेपालमा कम हुँदा आयातकर्ता तथा व्यवसायीले औषधि आयात गर्न आनाकानी गरिरहेका छन् । जसका कारण क्यान्सरको सिसप्लाटिन र कार्बोप्लाटिनलगायत अत्यावश्यक औषधिको हाहाकार भइरहेको छ । अन्य देशमा भन्दा नेपालमा ती औषधिको मूल्य कम हुँदा नेपालमा ल्याएर बिक्री गर्न नसकिएको आयातकर्ताहरूले बताउँदै आएका छन् । यसअघि १२ वर्ष पहिले यी औषधिको मूल्य निर्धारण गरिएको थियो । अन्य देशमा ती औषधिको मूल्य तीन-चारपटक समायोजन भए पनि नेपालमा भने समयोजन भएको छैन । सोही विषयमा अडान लिँदै व्यवसायी तथा आयातकर्ताले औषधि ल्याउन मानिरहेका छैनन् ।

बेलायत पठाइदिने भनेर १७ लाख ठगी गरेको आरोपमा पक्राउ

काठमाडौं / वैदेशिक रोजगारीमा बेलायत पठाइदिने प्रलोभन देखाएर १७ लाख रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ । वैदेशिक रोजगार विभागबाट जारी पक्राउ पुर्जीका आधारमा काठमाडौं महानगरपालिका- १७ बस्ने ३२ वर्षीया पूजा शाहीलाई प्रहरीले काठमाडौंको माइतीघरबाट पक्राउ गरेको हो । उनीविरुद्ध एक व्यक्तिसँग १७ लाख रुपैयाँ ठगी गरेको आरोप छ । पक्राउ परेकी शाहीमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

चार सय सहकारीविरुद्ध उजुरी

काठमाडौं / प्रदेश सहकारी रजिस्ट्रार कार्यालय, बागमतीमा एक हजार तीन सय १९ सहकारी संघ संस्थाले विवरण अद्यावधिक गराएका छन् । कार्यालयद्वारा प्रकाशित विवरणअनुसार १२ सय सहकारीले कार्यालयको सूचनाबमोजिम प्रमाणीकरण गरी र ११९ सहकारीले हुलाक र अन्य माध्यमबाट गरी विवरण अद्यावधिक गरेका हुन् । विगतमा संघहरूसमेतले विवरण पेस नगरेकामा हाल छाता संघसहित तीन प्रदेश संघ, नौ जिल्ला सहकारी संघ, ११ जिल्ला बचत संघ चार, बहुउद्देश्य संघ तीन, कफी संघ तीन, जिल्ला दुग्ध संघ र एक साना किसान संघ एक, उपभोक्ता संघ एक, जुनार संघसहित ३६ संघ प्रदेश अभिलेखमा अभिलेखीकरण भएका छन् । कार्यालय स्थापनाको महिनाको समयमै ४० लाखभन्दा बढ़ी कर राजस्वसमेत उठेको छ । रजिस्ट्रार प्रदीपराज पौडेलका अनुसार प्रदेशभित्रका धेरै सहकारी हाल अझै निष्क्रिय छन् । करिब १८ सय सहकारी निष्क्रिय वा सम्पर्कविहीन रहेको देखिएकोमा हाल १३ जिल्लामध्ये १० जिल्लाका निष्क्रिय सहकारी पहिचान गर्ने कार्य सकिएको उनले बताए । काठमाडौं उपत्यकाका निष्क्रिय सहकारी पहिचान गर्ने कार्य भइरहेको र निकटसमयमा निष्क्रिय संस्थाको सूची निकाली खारेजी प्रक्रियामा समेत नियमानुसार अगाडि बढाउने गरी काम अघि बढेको कार्यालयले छ । हालै एक सहकारी संस्था खारेजी तथा तीन सहकारीका विनास्वीकृति सञ्चालन गरिएका सेवा केन्द्रसमेत बन्द गरिएको र प्रदेश नियमनका ४० सहकारी संस्थाको प्रारम्भिक अनुगमन निरीक्षण र छड्के अनुगमनसमेत गरी १९ संस्थालाई लिखित राय सुझावसहित सुधारका लागि पठाइएको रजिस्ट्रार पौडेलले बताए ।

■ पशुपतिनाथमा भक्तजनको भिड



पशुपतिनाथ मन्दिरमा दर्शनार्थीको भिड । साउन महिनाको पहिलो सोमबार भएकाले बिहानदेखि बेलुकासम्म भक्तजनको लामो लाइन थियो । तस्बिर : **दिपेन्द्र ढुंगाना** / नयाँ पत्रिका

छात्रामाथि यौनहिंसा आरोपमा दुई शिक्षकसहित तीन पक्राउ

विराटनगर / छात्राहरूमाथि यौनहिंसा गरेको आरोपमा मोरङको सुन्दरहरैंचा नगरपालिका-१० स्थित सुकुना माध्यमिक विद्यालका दुई शिक्षक र एक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । विद्यालयमा अध्ययनरत छात्राहरूलाई विभिन्न समाजिक सञ्जालमार्फत भौतिक रूपमा यौनहिंसा गरेको खुलासा भएपछि प्रहरीले अनुसन्धानका लागि शिक्षक र चालकलाई सोमबार नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार घटनामा संलग्न रहेको आरोपमा सुन्दरहरैंचा नगरपालिका- १० का स्कुल बसचालक प्रदीप भट्टराई र शिक्षकहरू किशोरलाल गच्छदार र अविलाल मास्के छन् । छात्राहरूमाथि यौन दुर्व्यवहार गर्ने गरेको खुलासा भएपछि कारबाही माग गर्दै विद्यार्थीहरू आन्दोलित भएपछि सोमबार बिहान १० बजे नियन्त्रणमा लिएर अनुसन्धान थालेको मोरङ प्रहरी प्रवक्ता मकेन्द्रकुमार मिश्रले बताए ।

विद्यालयमा पढाउने शिक्षकहरूले नै छात्राहरूलाई सामाजिक सञ्जालमार्फत यौनजन्य सन्देश पठाउने र भौतिक रूपमा पनि जाँदा-आउँदा बाटो छेकेर हात समाएर यौन प्रस्ताव राख्ने गरेको विद्यार्थीहरूको आरोप छ । सामाजिक सञ्जालको हाइड पेजमार्फत घटना बाहिर आएको थियो ।

विद्यार्थीहरूका अनुसार छात्राहरूलाई शिक्षकले मोबाइलमा अनुचित तथा यौनजन्य प्रकृतिका सन्देश पठाउने, प्रायोगात्मक नम्बर बढाइदिने प्रलोभन देखाएर अश्लील तस्बिर माग्ने र यौन सम्पर्क गर्न प्रस्ताव गर्ने गरेका थिए । पीडित विद्यार्थीहरूले च्याटमार्फत साथीभाइसँग यो तथ्य खुलाएपछि त्यही पोस्ट हाइड पेजमार्फत सार्वजनिक भएको थियो ।

■ प्रदेशमा नयाँ समीकरण प्रयास

कांग्रेस र एमालेबिच दूरी बढेपछि नेकपा निर्णायक शक्ति

प्रेम गौतम / नयाँ पत्रिका

प्रदेश सत्तासमीकरणको विषयमा कांग्रेस, एमाले र नेकपाका शीर्ष नेताहरूबिच द्विपक्षीय छलफलको तयारी भएको छ । दोस्रो तहका नेताहरूबिच निरन्तर छलफल जारी छ भने शीर्ष तहमै छलफलको तयारीसमेत गरिएको छ । यसअघि नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्ड श्रीलंका जानुअघि कांग्रेस सभापति गगन थापाले छलफल गरेका थिए । श्रीलंकाबाट फर्किएपछि थप छलफल गर्ने दुवै दलका नेताहरूले बताएका थिए ।

एमाले अध्यक्ष केपी ओली र नेकपा संयोजक प्रचण्डबिच पनि छलफलको तयारी छ । ओली र थापाको प्रचण्डसँग नियमित टेलिफोन सम्पर्क भइरहेको छ । तर, श्रीलंकाबाट प्रचण्ड फर्किएपछि भने शीर्ष तहमा छलफल भइनसकेको प्रचण्डको सचिवालयले जनाएको छ ।

जेन-जी आन्दोलनपछि पनि प्रदेशमा सत्ता सहकार्य गरेका कांग्रेस र एमालेबिच दूरी बढेपछि नेकपा निर्णायक शक्ति बनेको छ । कांग्रेसले नेकपासँग मिलेर कर्णालीमा एमालेका मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराइसकेको छ । अन्य प्रदेशको सन्दर्भमा पनि औपचारिक-अनौपचारिक छलफल जारी रहेको नेताहरूले बताएका छन् ।

सत्तागठबन्धनमा दूरी बढेपछि प्रतिपक्षमा रहेको नेकपा निर्णय बनेको छ । तर, कांग्रेस र एमालेको सत्तागठबन्धन औपचारिक रूपमा टुटेको घोषणा नभएकाले नेकपाले औपचारिक छलफल अघि बढाएको छैन । कांग्रेस र एमाले नै मिलेर सरकार चलाउन भन्नेमा नेकपा छ । तर, सरकारविहीन हुने अवस्था आउनेतर्फ नेकपा सचेत छ ।



कांग्रेस उपसभापति **विश्वप्रकाश शर्मा** भन्छन्-

सत्ताका लागि तीन दल मिल्दैनौं

कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले सत्ताका लागि तीन दल मिलेर जाने अवस्था नभएको बताएका छन् । पार्टी कार्यालय सानेपामा सोमबार आयोजित पत्रकार सम्मेलनमा शर्माले प्रतिपक्षविहीन प्रदेश सभाको कल्पना कांग्रेसले नगरेको स्पष्ट पारे । बरु कांग्रेस प्रतिपक्षमै बस्न तयार रहेको उनले बताए । 'आन्तरिक रूपमा संवाद भइरहेका छन् । हाम्रो बटमलाइन भनेको कुनै पनि प्रदेश सभा प्रतिपक्षविहीन बन्नुहुँदैन भन्ने हो,' शर्माले भने, 'कुनै पनि प्रदेश सभा प्रतिपक्षविहीन बन्नुहुँदैन । संविधान निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका दलहरूले संविधानको मूल मर्मलाई भुल्नुहुँदैन । आवश्यक परेको खण्डमा कांग्रेस प्रतिपक्षमा बस्न पनि तत्पर हुन्छ ।'

श्रीलंकाबाट आइतबार फर्किएपछि नेकपा संयोजक प्रचण्डले पार्टीका नेताहरूसँग विकसित घटनाक्रमबारे छलफल गरेका छन् । सहसंयोजक माधवकुमार नेपालसँग प्रचण्डले नेपालनिवास कोटेश्वरमै पुगेर छलफल गरेका छन् । नेपालको स्वास्थ्य अवस्था बुझ्नुका साथै विकसित राजनीतिक घटनाक्रमबारे छलफल भएको उनको सचिवालयले जनाएको छ ।

विकसित राजनीतिक घटनाक्रम र आगामी रणनीतिबारे दुई नेताबिच छलफल भएको छ । एमाले अध्यक्ष ओलीसँग भेटवार्ता गरेका नेकपाका नेताहरू वर्षमान पुन र प्रमेश हमालले ब्रिफिङ गरेका छन् । त्यसका साथै अन्य नेताहरूसँग पनि प्रचण्डले छलफल गरेका छन् ।

'औपचारिक रूपमा कांग्रेस र एमालेबिचको सत्तागठबन्धन टुटेको छैन । दुई दलबिच दूरी बढेको कुरा आएको छ । प्रदेश तहमा भएका छलफल र निर्णयबारे बुझ्ने कुरा हुन्छ । सरकारविहीनताको अवस्था आउनु हुँदैन । त्यस्तो अवस्था बन्यो र प्रस्ताव आयो भने छलफल गरेर निर्णयमा पुग्ने कुरा छ,' प्रचण्डका स्वकीयसचिव गोविन्द आचार्यले भने ।

नेकपा संविधान निर्माणमा भूमिका खेलेका गणतन्त्र पक्षधर दलहरूसँग सहकार्य गर्नुपर्ने पक्षमा छ । 'हामीलाई प्रदेश सरकारमा जाने हतारो छैन । जेन-जी आन्दोलनपछि पनि कांग्रेस र एमालेको प्रदेशमा सत्तागठबन्धन कायमै रह्यो । राष्ट्रिय सभामा पनि उहाँहरूले गठबन्धन गर्नुभयो । अहिले किन दूरी बढ्यो ? गठबन्धन टुटेर सरकार बन्नै नसक्ने स्थितिमा पुग्न लागेको हो कि होइन ? यस्ता विषयमा स्पष्ट भएपछि बैठक बसेर आवश्यक निर्णय लिनुपर्ने हुन्छ,' आचार्यले भने 'संविधान, व्यवस्था र राष्ट्रियताको रक्षाका लागि संविधान निर्माणमा भूमिका खेलेका शक्तिबिच सहकार्य हुनुपर्छ भन्ने छ ।'

एमाले पनि तीन दलकै सहकार्यमा प्रदेश सरकार सञ्चालन गर्ने र राष्ट्रिय विषयमा मिलेरै सरकारलाई खबरदारी गर्ने पक्षमा छ । त्यसका लागि एमाले अध्यक्ष केपी ओलीले विभिन्न चरणमा छलफल गरेका छन् । नेकपा संयोजक प्रचण्डसँग पनि छलफलको तयारी छ ।

बागमतीमा एमालेले तत्काल सरकार नछाड्ने

मकवानपुर / केन्द्रीय सत्ता समीकरण परिवर्तनसँगै बागमती प्रदेश सरकारबाट तत्काल बाहिरिने तयारी गरेको एमाले अन्तिम समयमा आफ्नो निर्णयबाट पछि हटेको छ । सोमबार सरकारलाई दिएको समर्थन फिर्ता लिने र मन्त्रीहरूको सामूहिक राजीनामा गराउने तयारीमा रहेको एमालेले अब भने केन्द्रीय नेतृत्वको स्पष्ट निर्देशन नआएसम्म सरकार नछाड्ने निष्कर्ष निकालेको छ । सोमबारै काठमाडौंको कोटेश्वरमा बसेको एमाले बागमती प्रदेश संसदीय दलको बैठकले बदलिएको राष्ट्रिय राजनीतिक परिस्थितिको समीक्षा गर्दै तत्काल सरकारबाट बाहिरिनु उपयुक्त नहुने निष्कर्ष निकालेको दलका नेता जगन्नाथ थपलियाले बताए । बैठकले केन्द्रको निर्णय र अन्य दलसँगको छलफलको नतिजा पर्खेर मात्रै आगामी कदम चाल्ने निर्णय गरेको उनको भनाइ छ ।

यसअघि एमाले दलका नेता थपलियाले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णयबारे जानकारी गराइसकेका थिए । उनले सरकारमा रहेका एमालेका मन्त्रीलाई सामूहिक राजीनामा दिन निर्देशनसमेत दिएका थिए । पछिल्लो राजनीतिक घटनाक्रमले एमालेको रणनीति फेरिएको छ । केन्द्रमा नेकपा र एमालेबिच नयाँ सत्ता सहकार्यको सम्भावनाबारे छलफल सुरु भएपछि प्रदेश तहमा हतारमा निर्णय नगर्ने निष्कर्षमा एमाले पुगेको स्रोतले दाबी छ । नेता थपलियाले अहिलेको राजनीतिक परिस्थिति दैनिक रूपमा बदलिरहेको भन्दै हतारमा निर्णय नगर्ने नीति लिइएको बताए ।

राष्ट्रिय सदाचार नीति र हाम्रो संस्कृति

प्रत्येकप्रति हरेक जिम्मेवार बन्नु, असल काम आफूबाट सुरु गर्नु र उच्च ओहोदाले झन् उच्च नैतिक व्यवहार प्रदर्शन गर्नु सदाचार संस्कृति हो



● गोपीनाथ मैनाली

अग्रलेख


सामाजिक जीवन शुद्ध र स्वच्छ राख्न सकारात्मक सोच र सदाचारी व्यवहार चाहिन्छ। असल सोच, असल बुझाइ र असल गराइ भएपछि मात्र असल संस्कृति बन्ने हो। सार्वजनिक संस्थाका लागि त बाँच्ने र औचित्य सिद्ध गर्ने आधार नै सदाचार हो। यो गुण नभए न सामाजिक अनुष्ठान मर्यादित हुन्छ, न सार्वजनिक संस्था हुनुको कुनै अर्थ रहन्छ। संस्थाका पात्र जति सदाचारी भए, त्यसैको सापेक्षमा संस्थाहरू बलिया हुन्छन् र सुशासनको जग बस्छ। नेपाली समाज सदाचार र सकारात्मक सोचबाट विषयान्तर बन्दै गएको छ। सार्वजनिक जीवनको शक्तिउन्मादी, लालसी र गैरव्यावसायिक प्रवृत्तिको लहरे असर नागरिकस्तरसम्म पुगेको छ। त्यसैले, अहिलेको प्रमुख चुनौती राज्यलाई कसरी नैतिक संस्था बनाउने र त्यहाँका पत्रामा कसरी व्यावसायिक सदाचारिता विकास गर्ने भन्ने देखिएको छ।

सुशासन राज्यप्रणालीको साध्य हो। सुशासनका लागि नै पदाधिकारी तथा संस्थाहरू परिचालित हुन्छन्, जसमा नैतिकता, सदाचार, व्यावसायिक मूल्य आचरण देखिनुपर्छ। यी आचरणगत पक्षले सार्वजनिक पदाधिकारी तथा संस्थालाई आदर्श बनाउन मद्दत गर्छन्। त्यसैले, संस्थाका मूल्य घोषणा र ती मूल्यअनुरूप पदाधिकारीका आचरण व्यवस्थित गर्न नीति, विधि र आचार संहिता लागू गर्ने, जिम्मेवारी वरण गर्दा निष्ठाको शपथ लिनेजस्ता कार्य गरिन्छन्। तर, सार्वजनिक क्षेत्रमा नीति, निष्ठा एवं समर्पणका पक्ष कमजोर हुँदै गएको छ। व्यक्तिगत, सांगठनिक, सामाजिक र व्यावसायिक तहमा आचरण स्खलित भएका छन्। कोही अर्काको अस्तित्व स्विकार्न र स्वार्थ त्याग्न तयार छैन। विनय, मर्यादा र इमानदारीलाई स्वार्थ, अहं र ओहोदाले विस्थापन गरेको छ। संस्थाहरूमा विश्वासले होइन, बाध्यताले जानुपर्ने स्थिति रहँदै आएको छ।

व्यक्ति आचारच्युत हुँदै जानुका पछि खास कारण छन्। जन्मले मानिस असल हुन्छ, कोही पनि खराब हुँदैन, कर्मले मात्र मानिस खराब वा असल भनिने हो। पारिवारिक, सामाजिक परिवेश, अभिमुखीकरण, रहनसहन, मूल्य-संस्कृतिजस्ता पक्षले व्यक्तिलाई खराब वा असल बनाउँछ। जब व्यक्ति असल प्रक्रियामा लाग्छ, भन्नै असल र सदाचारी बन्छ। मानसिक चेत, आत्मिक शक्ति र विवेकले मानिसलाई सकारात्मक बनाउँदै लान्छ। विपरीतमा जब मानिस सुखवादी सोच (प्लिजर इनर्सिया) ग्रसित हुँदै जान्छ, प्रयासभन्दा बढी उपलब्धिको खोजी गर्छ, पसिनाविनाको आर्जन र उपलब्धिको प्राप्ति गर्छ, कर्मविनाको पहिचान-प्रतिष्ठा चाहन्छ, व्यक्ति खराब आचरणतर्फ डोरिन्छ। लोभ (पैसा, पद, पावर, प्लेजर, प्रतिष्ठा, प्रेम आदि), तृष्णा र आसक्ति नै खराब आचरणका स्रोत हुन्। जब व्यक्ति लोभ र आसक्तिमा पर्छ, विधि विधान र मूल्य-मान्यता देखावटी बन्छन्, गर्भित आशयले काम गर्न थाल्छ।

समाजमा असल कुराको माग त हुन्छ, तर खराब कुराको प्रवेग गतिवान् हुन्छ। एकपटक खराब चित्तवृत्ति भएको व्यक्ति फेरिफेरि खराबतिरै लाग्छ। उसको सोच-संगत सबै खराबबाटै प्रेरित हुन्छन्, असलहरू पनि खराब हुन थाल्छन्। खराब व्यक्तिका नेतृत्वमा संस्थाहरू बिटुलिन्छन् र नीति निष्ठाजस्ता सदाचारका आधारशिला मक्किँदै जान्छन्। गैरसदाचारीले दिने नीतिनिर्देशनले सदाचारलाई उपेक्षा गर्छ र आचार व्यवस्था पाखा लाग्छ। अहिलेको अवस्था यही हो। तर, अहिले पनि व्यक्ति नराम्रो काम लुकेर गर्छ, नराम्रो गरेर पनि राम्रो गरौं भन्छ। यस अवस्थामा सदाचार कायम गर्न सकिने सम्भावनाचाहिँ बाँकी छ।

समाजमा सदाचार कायम गर्न पूर्वाधार चाहिन्छ, नेपालजस्ता मुलुकमा ती पूर्वाधार दह्रो चाहिन्छ। सर्वप्रथम त कठोर राजनीतिक इच्छाशक्ति चाहिन्छ। यसैको अभावमा राष्ट्रिय सदाचार नीति औपचारिक प्रक्रियामा गएपछि पनि पारित हुन दशक कुर्नुपऱ्यो। दोस्रो- कार्यान्वयनयोग्य आचारसंहिता चाहिन्छ, तेस्रो- पेसागत संरचना भए भने तिनले सदाचारिताका लागि दबाब दिन्छन्। चौथो- आचरण समन्वय संयन्त्र चाहिन्छ। अर्को पूर्वाधार भनेको सहयोगी कार्यावस्था हो। यी सबै पूर्वाधार एउटा समष्टिगत नीति खाकामा रहनुपर्छ। सदाचारिता कार्यान्वयनको स्वचालित मूल्यांकन हुने जवाफदेही संयन्त्र चाहिन्छ र यी कुराको राज्य संयन्त्रबाहिरबाट निष्पक्ष पहरेदारी गर्ने नागरिक समाज चाहिन्छ। सदाचार सिद्धान्त लागू गर्ने विभिन्न ढाँचा छन्। बेलायतमा संस्थालाई सदाचारयुक्त बनाउन सार्वजनिक सेवाका मूल्य घोषणा गरी त्यसलाई लागू



> जिम्मेवारीमा रहेकाहरूले गर्ने निर्णय, बनाउने नीति र गरिने नियुक्तिमा राष्ट्रिय स्वार्थबाहेक अर्को स्वार्थ रहनुहुन्न। नेपालमा आफ्ना व्यक्तिलाई जिम्मेवारी दिने र त्यो योग्यताका आधारमा हो भन्ने दलिलले सदाचारलाई स्खलित बनाएको छ।

गर्ने कार्यात्मक सिद्धान्त अवलम्बन गरिएको छ। सेवा मूल्यका पाँच स्तम्भ छन्, पहिलो मूल्य जवाफदेहिता, दोस्रो निष्पक्षता, तेस्रो न्याय र स्वच्छता, चौथो स्वार्थको समर्पण र पाँचौं राम्रो गर्ने प्रण।

बहस हुन थालेको निकै पछि मस्यौदा भएकै झन्डै दशकपछि राष्ट्रिय सदाचार नीति जारी भएको छ। नीति संरचना र सदाचारको अभीष्टका दृष्टिमा नीति आवश्यकताअनुरूप नै देखिन्छ। नीतिको सोच सदाचारयुक्त समाजमार्फत सुशासन र समृद्धि छ, सदचारितालाई जीवन पद्धति बनाउने लक्ष्य छ। सुशासन प्रवर्द्धन गर्नु, सुसांस्कृतिक समाज निर्माण गर्नु, स्वनियमन पद्धति व्यवस्थित गर्नु यसका उद्देश्य छन्। मूलभूत मान्यता भनेर सदाचार नीतिको मूल्य घोषणा गरिएका छन्, जसमा स्वतन्त्रता, सक्रियता, व्यावसायिकता, रचनात्मकता, मानव मर्यादा, सहभागिता, राष्ट्रभक्ति, निष्ठा र सकारात्मकतामा समेटिएको छ। नीति कार्यान्वयनको क्षेत्रमा नागरिक, जनप्रतिनिधि र सार्वजनिक जिम्मेवारी पाएकाहरू, राजनीतिक दल, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था, कूटनीतिक क्षेत्र, शैक्षिक/प्राज्ञिक क्षेत्र, निजी क्षेत्र, सामाजिक सञ्जाल र आमसञ्चार, वित्तीय क्षेत्र, धार्मिक सामाजिक संघसंस्था, विदेशी नागरिक सबैको भूमिका उल्लेख छ। भूमिका उल्लेख गरिनु भनेको सदाचारको दायराभित्र समेटिनु हो। तर, न्यायिक क्षेत्र, राज्यका विशिष्ट संस्था र संवैधानिक अंगहरूको भूमिका उल्लेख छैन। नीतिको उद्देश्यमा समाजका सबै क्षेत्रमा इमानदारी र सदाचारिता कायम गर्दै निष्ठा एवम् सुशासन प्रवर्द्धन गर्नु रहेको छ। यस अर्थमा राज्यका विशिष्ट संरचना भूमिकामा समेटिनुनपर्ने विषय होइन।

> नेपाली समाज सदाचार र सकारात्मक सोचबाट विषयान्तर बन्दै गएको छ। सार्वजनिक जीवनको शक्ति उन्मादी, लालसी र गैरव्यावसायिक प्रवृत्तिको लहरे असर नागरिकस्तरसम्म पुगेको छ।

राष्ट्रिय सदाचार पद्धतिको दायराभित्र राज्यका सबै अंग समेटिनुपर्छ नै। स्वतन्त्रता, निष्पक्षता र सदाचारिता राज्यका उच्च र न्यायिक निकायका आधार मूल्य हुन्। संवैधानिक मर्म र न्याय सिद्धान्तका आधारमा यस्ता संस्थालाई समेट्दा ती संस्थाको गरिमा झन् उच्च हुन्छ। राज्यका विशिष्ट संरचना र पदाधिकारीका आचरणले राज्यका अन्य पदाधिकारी र नागरिक तहसम्म लहरे असर पार्ने हैसियत राख्छन्। सदाचार पद्धतिले माग्ने सबैभन्दा ठुलो विषय भनेको स्वार्थको समर्पण हो। जिम्मेवारीमा रहेकाहरूले गर्ने निर्णय, बनाउने नीति र गरिने नियुक्तिमा राष्ट्रिय स्वार्थबाहेक कत्ति पनि अर्को स्वार्थ रहनुहुन्न। नेपालमा जहिल्यै पनि आफ्ना व्यक्तिलाई जिम्मेवारी दिने र त्यो योग्यताका आधारमा हो भन्ने दलिलले सदाचारलाई स्खलित बनाएको छ। आफ्नाहरू योग्य नै छन् भने पनि उनीहरूलाई जिम्मेवारीबाट पर राख्ने सामर्थ्य निर्णयकर्तामा कहिल्यै देखिएन। केही नियुक्तिमा त 'रविन्सन सिद्धान्त' पनि देखिन्छ। यसले राज्यलाई नैतिक संस्था बन्न र विश्वासिलो हुन अवरोध पुऱ्याएको छ। सदाचार भनेको घोषणाभन्दा व्यवहारमा देखिने कुरा हो। परिपक्व लोकतन्त्रको राष्ट्रिय सदाचार पद्धतिबाट हामीले शिक्षा लिन सक्छौं।

राष्ट्रिय सदाचार पद्धति संस्थागत गर्न क्षेत्रगत आचार पद्धति चाहिन्छ, जसले सदाचार नीतिको कार्यढाँचा क्रियाशील बनाउँछन्। कार्यकारी सदाचार पद्धति, न्यायिक सदाचार पद्धति, संसदीय सदाचार पद्धति, संवैधानिक निकाय सदाचार पद्धति, गैरसरकारी संरचना सदाचार पद्धति र अन्य पेसागत सदाचार पद्धति चाहिन्छ र त्यसअनुसार आचरण भएको नागरिक विवेचना हुने अवस्था चाहिन्छ। राष्ट्रिय सदाचार पद्धतिले सार्वजनिक जीवनलाई शुद्ध, स्वच्छ र सकारात्मक बनाउने आधार दिन्छ र प्रत्येकलाई प्रत्येकप्रति जिम्मेवार बनाउँछ। आत्मिक शुद्धता र सकारात्मक सोच नै सदाचारका ऊर्जा हुन्, यो तथ्य कसैले पनि भुल्नुहुन्न। प्रायः शक्तिमा रहनेहरू सदाचारी चरित्र अरूबाट मात्र खोज्छन् र आफू अरूबाट विवेचित हुन चाहँदैनन्, सबैभन्दा ठुलो प्रश्न नै यही हो।

यसर्थ, नीति आउनु मात्र उपलब्धि होइन, कार्यान्वयनमार्फत सदाचार पद्धति बसाउनु उपलब्धि हो। नीतिनिर्माण समय नै निकै लामो लागेकाले सदाचार संस्कृति निर्माण आफैंमा जटिल छ भन्ने संकेत गर्छ। लोकतन्त्र परिपक्व भइनसकेको र समाज तहसोपनायुक्त भएकाले पद, प्रतिष्ठा, शक्ति, ओहोदा, शिक्षा, सम्पत्ति र अन्य सामाजिक अवयवले सदाचार संस्कृति सहजै संस्थागत हुन सक्दैन भन्ने देखिन्छ। तहसोपान र शक्ति संरचनाका कारण जवाफदेहिता अरूबाट खोजिने र आफू र आफ्नालाई यसबाट पर राख्ने प्रवृत्तिले सदाचार संस्कृतिमा अवरोध ल्याएको छ। त्यसैले, प्रत्येकप्रति प्रत्येक जिम्मेवार बन्ने, असल काम आफूबाट सुरु गर्ने, उच्च ओहोदाले झन् उच्च नैतिक व्यवहार गर्ने विषय प्राथमिकतामा पर्नुपर्छ। आशा गरौं, आउँदा दिनमा सदाचार र सकारात्मक सोचको संस्कृति बस्दै जानेछ।

(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन्)

@mainaligopi

---

३ प्रश्न

अर्थशास्त्री **डा. डिल्लीराज खनाल**लाई



शिक्षा र स्वास्थ्यमा लगाइएको समता शुल्क (कर) कति जायज छ ?

शिक्षा र स्वास्थ्यमा लगाइएको समता शुल्क (कर) सामाजिक न्याय र करका हिसाबले बिल्कुलै गलत छ। सामुदायिक विद्यालयको गुणस्तरमाथिको विश्वासको कमीले गर्दा गिट्टी कुटेर निर्वाह गर्ने सामान्य नागरिकले पनि आफ्ना सन्तानलाई निजी स्कुलमै पढाउँछन्। राजधानीका केही सरकारी अस्पतालबाहेक बाँकी सरकारी अस्पतालको सेवा सहज र भरपर्दो दुवै छैन। यस्तोमा सास छउन्जेल आस हुन्छ भनेझैं विपन्न नागरिकले पनि निजी स्वास्थ्य संस्थामा नगई धर छैन। हामीकहाँ सबैभन्दा बढी खर्च नै शिक्षा र स्वास्थ्यमा हुने गरेको छ। शिक्षा र स्वास्थ्यमा लगाइएको कर मौलिक हकको बर्खिलाप पनि छ।

यस्तो करले विपन्न नागरिकमाथि कस्तो प्रभाव पार्ला ?

शिक्षा र स्वास्थ्यमा यसरी कर थोपर्दा विपन्न नागरिकले आफ्ना सन्तानलाई आफूले चाहेको विद्यालयमा पढाउन सक्दैनन्। परिवारका सदस्यको उपचार गराउन सक्दैनन्। बजारमा हरेक वस्तुको मूल्य बढिरहेको समयमा यसरी समता शुल्कका नाममा लगाइएको करको बोझले नागरिकमा थप निराशा बढाउँछ। जीवनस्तरको लागत वृद्धि हुन्छ। आमनागरिकमा राज्यप्रति वितृष्णा फैलिन सक्छ।

यस्तो करको विकल्प थिएन ?

सुशासनको नारा लिएर सत्तामा पुगेको झन्डै दुईतिहाइको सरकारले शिक्षा र स्वास्थ्यजस्ता मौलिक हकमाथि थप शुल्क थोपर्नुअघि यसका विकल्प खोज्न सक्नुपर्थ्यो। विकल्प हजारौं उपलब्ध छन्। अहिलेकै कर प्रणालीबाट पनि सयौं अर्ब कर उठाउन सकिन्छ। त्यतातिर पूर्ण उपेक्षा गरेर शिक्षा र स्वास्थ्यमा कर बढाउनुको औचित्य कुनै हालतमा पुष्टि हुन सक्दैन। अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउने, कर प्रशासनलाई प्रभावकारी बनाउने, करछली गर्नेमाथि कडाइ गर्ने, करको आधार विस्तार गर्ने, करप्रणालीको युक्तिसंगत पुनर्संरचनालगायत कार्य गर्ने हो भने शिक्षा र स्वास्थ्यमाथि लगाइएको समता शुल्कको विकल्प कति छन् कति !

प्रेरक प्रसंग

वृद्ध र राजाको सवाल-जवाफ

उहिल्यै एक राजा थिए। उनी जनताका दुःखपीडामा साथ दिने न्यायप्रेमी राजाका रूपमा परिचित थिए। उनी आफ्ना जनताका सुखदुःखमा जहिल्यै साथ दिन्थे। जनता पनि उनलाई आफ्ना अभिभावकसरह मान्थे।

एक दिन राजा भेष बदलेर सहरमा घुम्दै थिए। उनले एक वृद्धले खाली जमिनमा बिरुवा रोप्दै गरेको देखे। जिज्ञासावश राजा वृद्धको नजिकै गए र सोधे- बाबा, तपाईं यो केको बिरुवा रोप्दै हुनुहुन्छ ? वृद्धले सानो स्वरमा जवाफ दिए- आँपको। राजाले यसो विचार गरे र हिसाब लगाए। बिरुवा ठुलो भएर फल लाग्न कति वर्ष लाग्छ भन्ने उनले अनुमान लगाए। केहीबेरको मौन हिसाबकिताबपछि राजाले भने- बाबा, यो बिरुवा ठुलो भएर फल दिने समय हुन्जेल के तपाईं रहनुहोला र यसको फल सेवन गर्न पाउनुहोला त ? सायद राजा यी वृद्धले बेकारमा श्रम गरिरहेका छन्, यिनले यी बिरुवा ठुला भएर दिने फल सेवन गर्ने मौका पक्कै पाउनेछैनन् भन्ने सोचिरहेका थिए।



भेष बदलेका राजाको प्रश्न सुनेपछि वृद्धले उनलाई पुलुक्क हेरे र जवाफ दिए- सायद तपाईंलाई लागिरहेको होला, म पागलपन देखाइरहेको छु। जुन कामबाट कसैलाई फल प्राप्त हुँदैन, त्यो काममा मिहिनेत गर्नु बेकार हो भन्ने तपाईंलाई लागेको हुन सक्छ। तर, अरूहरूले यसैगरी लगाएर छाडेका बिरुवाको फल मैले अहिलेसम्म कति खाएँ होला ? जब अरूले लगाएका बिरुवा बढेपछि तिनको फल मैले सेवन गर्न पाएँ भने मैले अहिले लगाएका बिरुवा बढेर दिने फल अरूहरूले पनि त सेवन गर्लान् नि, होइन ? के हामीले केवल आफ्ना लागि मात्र सोच्नुपर्ने हो र ? के स्वार्थ छाडेर अरूका लागि पनि काम गर्नु मनुष्यको जिम्मेवारी होइन र ? वृद्धको यस्तो जवाफ सुनेपछि राजा प्रसन्न भए। उनले आज निकै ठुलो र गहन शिक्षा प्राप्त गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कर लगाउन छुट्यो कि ?

शिक्षा र स्वास्थ्यजस्तो आधारभूत आवश्यकता र मौलिक हकका विषयमा समेत सरकारले थप तीन प्रतिशत कर लिन थालेपछि नागरिकले अझै कुनै वस्तुमा थप कर लगाउन बाँकी छ कि सरकार भनेर प्रश्न गर्नुपर्ने अवस्था आएको छ।

हो सरकार, अब कात्रो, शव बोक्ने घारो, शव जलाउन प्रयोग गरिने दाउरा पनि बाँकी छन् है कर लगाउन। त्यता पनि दृष्टि पुऱ्याइहालौं। अन्यथा, मन्त्री, सांसद तथा कर्मचारीलाई बढेको तलब दिन र सांसदलाई स्वकीय दिन पैसा नपुग्ला नि फेरि ! पैसाकै अभावमा ने ताहरुको सुविधा कटौती गर्नुपर्ला त्यसैले सकभर अझै कुनै शीर्षक छुटे को भए खोजेर कर लगाए भो नि !

● **स्वाभिमान नेपाल**, दक्षिणढोका, काठमाडौं

प्रदेशमा ठिक गरेनन् दलहरूले

प्रदेश सभाकै कार्यकाल सकिन लागेको अवस्थामा प्रदेश सरकारलाई चलायमान गराएर पुराना राजनीतिक दलले पुनः राजनीतिक अस्थिरताको खेल सुरु गरेका छन्। यिनलाई अस्थिर राजनीतिमा बढी फाइदा हुन्छ कि के हो ? नत्र यिनीहरू जहिल्यै किन राजनीतिक अस्थिरता चाहन्छन् ? अहिले प्रदेशमा जसको जहाँ नेतृत्व छ, उसले त्यस प्रदेशमा उल्लेखनीय रूपमा काम गरेर देखाउनेतिर उनीहरू किन लागेनन् ? अहिले प्रदेशमा दलहरूले बिल्कुलै ठिक गरिरहेका छैनन्।

● **सम्झना राई**, विराटनगर-६, मोरङ

माइतीघर सधैं डुबिरहने हो ?

विशेषतः आवाजविहीनले आफ्नो आवाज सुनाउने थलो बनेको राजधानीको माइतीघर यसै पनि हरेक दिन चर्चामै हुन्छ। पछिल्ला केही दिनयता भने माइतीघर थप चर्चामा छ। अविरल वर्षासँगै माइतीघर जलमग्न हुँदा सवारी आवागमनमै प्रत्यक्ष असर परेको देखिँदै छ। के देशको मुख्य प्रशासनिक निकाय सिंहदरबारको काखमै रहेको माइतीघरजस्तो स्थान सधैं यसरी नै डुबानमा परिरहने हो ? के यस स्थानलाई डुबानमुक्त बनाउन सकिने कुनै उपाय छैन ?

● **विनोश शिल्पकार**, थापाथली, काठमाडौं

क्याबात सरकार !

'रोगमा मात्रै होइन, शवमा पनि कर' शीर्षकको समाचार पढेपछि यत्ति नलेखी बस्नै सकिएन। सायद सरकारका कुनै मान्छेले पढे पनि या नपढे पनि उसका 'साइबर सेना'का लडाकुले यसलाई सरकारका जिम्मेवार मानिससम्म पुऱ्याइदेलान् भन्ने आशा राखेकी छु। हामीले हिजोका सरकार र पुराना दलले राम्रो गरेनन्, जनतालाई दुःख मात्र दिए भनेर नयाँ दललाई देशैभरिबाट अकल्पनीय बहुमत दिएर पठाएका हौं। सायद यो स्तरको बहुमतको कल्पना स्वयं अहिलेको सत्तारुढ दलका अधिकांश नेताले नै गरेका थिएनन् होला।


हो, हिजोको सरकारभन्दा यो सरकार साँच्चै भिन्न साबित हुँदै गएको छ। हिजोका दलले शवमाथि कर लगाउने हिम्मत गरेका थिएनन्। आजको हिम्मतिलो सरकारले मानिस जिउँदो छँदा मात्र होइन, मरेपछि पनि कर नतिरी जान नपाउने गरी कर ठेकिदिएको छ। अनि भएन त यो सरकार फरक ? फेरि शिक्षा र स्वास्थ्य जनताका मौलिक हक भनेको त दलहरूले हो र ? संविधानले त हो ? अनि, संविधानको पालना सरकारले गर्नुपर्छ र ? कि कसो ?

हाम्रो प्यारो हिम्मतिलो सरकार ? अनि, छोराछोरीलाई महँगा निजी विद्यालयमा पढ्न पठाउने धनी, शोषक, सामन्त र बुर्जुवा नागरिकलाई जाबो तीन प्रतिशत कर लगाएर के भो त ? तिनले त अझै त्योभन्दा पनि बढ्ता तिर्न सक्छन्, होइन त सरकार ? अनि, सरकारी अस्पताल हुँदाहुँदै निजीमा उपचार गराउन जाने धनाढ्य नागरिकमाथि तीन प्रतिशत कर लगाउँदा के भो त ? तिनले तिर्न नसक्ने हुन् र ? कि कसो सरकार ?

● **गोमा परियार**, लोकन्थली, भक्तपुर

ठुलो महत्त्व छ सिरियाका लागि नयाँ संसद्को

सिरियाको नवगठित संसद् आवश्यक मात्रामा बलियो नहोला, तर यो रबर स्ट्याम्प पनि होइन



देश/विदेश

● इब्राहिम अल असिल

(लेखक हार्वर्ड केनेडी स्कुलका 'मिडलइस्ट इनिसिएटिभ'का वरिष्ठ अनुसन्धान फेलो हुन्)

जुलाई १२ मा सिरियाको नयाँ संसद् (जनसभा)को पहिलो बैठक बस्यो। उसो त भन्नेहरूले सिरियाको नयाँ संसद् लोकतान्त्रिक व्यवस्थापिका नभएको बताइरहेका छन्, जुन दाबी सही छ। तर, साथमा यो असद परिवारको ६० वर्षे शासनकालकोजस्तो 'रबर स्ट्याम्प' पनि होइन। खासमा नयाँ संसद् एउटा नियन्त्रित राजनीतिक खुलापनतर्फको अर्को एक पाइला हो। यसले वर्तमान शक्तिशाली राष्ट्रपतिलाई प्रतिद्वन्द्वी नबनाई देशलाई अहिलेको नाजुक संक्रमणबाट निकास दिए पनि धेरै हुन्छ।

खासमा अहिलेको सिरियाली संसद् पुनर्स्थापित भन्न अलि मिल्दैन। ६० वर्ष लामो अन्तरालपछि संसदीय राजनीतिलाई लगभग सुरुवातबाटै सुरु गर्नुपरेको छ। नत्र, असद परिवारको ६ दशकभन्दा लामो शासनमा विधायिका भनेको राष्ट्रपतिले पहिल्यै निर्णय गरिसकेको कानुनलाई अनुमोदन गर्ने निकाय बनेको थियो।

कतिपयले सिरियाको संसद्लाई अर्थहीन भन्न सक्छन्। त्यस्तो तर्क गर्नेसँग केही बलिया तर्क पनि हुनेछन्। विशेषतः अहिलेको संसद्का २१० सदस्यमध्ये एकतिहाइ अर्थात् ७० जनालाई राष्ट्रपति अहमद अल सारालेप्रत्यक्ष नियुक्त गरेका हुन्। बाँकी १४० पनि सारा आफैंले चुनेको एक उच्च निर्वाचन समितिको डिजाइनमा बनेको इलेक्ट्रोल कलेजमार्फत अप्रत्यक्ष चुनिएका हुन्। अर्थात्, सांसद चुनिँदा कुनै आममतदान गरिएन। त्यस्तै, उम्मेदवारलाई दलबाट नभई व्यक्तिगत रूपमा मात्र उम्मेदवार बन्न पाउने भनिएको थियो। परिणामस्वरूप अहिले संसद्को प्रतिनिधिको जनतासँग पातलो सम्बन्ध मात्रै कायम छ। धेरै सिरियालीले त सांसद घोषित भएपछि मात्र आफ्नो क्षेत्रको सांसदको नाम सुन्न पाए। संक्षिप्तमा यो एक कमजोर संसद् हो, जसको बनोट नै राष्ट्रपति पदसँग नजिक रहेर काम गर्ने खालको छ। तथापि, कमजोर भनेको अर्थहीन होइन। यो कुरा संसद्को पहिलो बैठक बस्नुअघि नै को सभामुख हुने भन्ने प्रतिस्पर्धाका क्रममा प्रतिबिम्बित भएको थियो। त्यसका लागि सांसदबिच समूह र गठबन्धन बनेको देखियो। केही भौगोलिक क्षेत्रका आधारमा गोलबन्द भए भने कोही इस्लामवादी र उदारवादीका रूपमा वैचारिक रूपमा विभाजित भए। तीनजना सभामुखका प्रतिस्पर्धाबाट अब्दुल हमिद अकिल अल अवाकले कुल २०५ मध्ये ९९ मत हासिल गरेर जित निकाले। त्यस्तै, मुय्याद अल कब्लावीले ७५ र तेस्रो उम्मेदवारले ३१ मत ल्याए।

दलविहीन संसद् भए पनि सभामुखका लागि भएको निर्वाचनका क्रममा पक्षधरता र वैचारिक शिविर निर्माण भएको छ। यो समूहले पछि कानुन बनाउँदा राजनीतिक दलको जस्तै चरित्र देखाउन सक्छ।

जे भए पनि सिरियामा अहिले शक्तिको अर्को एउटा शिविर तयार भएको छ। अहिले यो कमजोर छ, तर



पनि यो अस्तित्वमा आएको छ। संसद्को पहिलो बैठकका दुई साना विवरणले पनि यो अर्थहीन छैन भन्ने देखाउँछ। पहिलो, संसद् बैठक दिनभरजसो देशको सरकारी टेलिभिजनमा प्रत्यक्ष प्रसारण गरिएको थियो। सांसदका तर्कवितर्क, अन्योल र विवादित मत जनताले प्रत्यक्ष देख्न पाए। पुरानो शासनकालमा संसद् भनेको सांसदहरू शासनप्रति प्रतिबद्ध छन् भन्ने देखाउने मञ्च थियो। तर, आइतबार सिरियालीले आफ्ना सांसदले एक-अर्कासँग असहमति राखेको देखे। दोस्रो, राष्ट्रपति सारा बोल्दा देखियो। उनी बोल्दा विगतका राष्ट्रपतिका हरेक वाक्यमा बज्ने ताली बजेन। अहिलेको संसद्मा २२ सदस्य मात्र महिला छन्, जसमध्ये पनि १५ जना राष्ट्रपतिबाट नियुक्त भएका हुन्। सांसद सदस्यमा न्यून संख्या भए पनि दुईजना उपसभामुख पदका लागि भएको मतदानमा महिला सांसद म्याडोना बिसारा दोस्रो उपसभापति चुनिएकी छन्। जितपछि बोल्ने क्रममा उनले महिला अधिकारमाथि आफ्नो रुचिबारे बोलिन्। कमजोर समावेशिताको सही आरोपबिच पनि यो उल्लेखनीय उपलब्धि हो।

संविधान निर्माण नभएसम्मका लागि कम्तीमा ३० महिनाका लागि भनेर गठित यो सांसद के भएमा सफल मानिनेछ ? उदार लोकतन्त्रमा प्रवेश गरिसकेका देशमा जस्तो यो मन्त्रीका कामकारबाहीमाथि प्रश्न गर्न सक्ने वा राष्ट्रपतिका कामकारबाही अवरुद्ध गर्ने अधिकार भएको संसद् होइन। यस्तोमा अहिलेका लागि सबैभन्दा यथार्थपरक सफल परिणाममा मौन रूपमा प्रकट हुनेछ। एक महिनाभित्र संसद्ले आफ्नो कामकारबाहीसम्बन्धी संहिता तयार पार्ने कार्यतालिका छ। यसका समितिले मन्त्रीलाई बोलाउन थाल्छन्। हुनत मन्त्रीले आफ्नो कुरा मात्र राख्ने भनिएको तर बिस्तारै सुनुवाइ शिष्टाचारबाट निगरानीमा परिणत हुन सक्छ। सांसदले जब बजेट उनीहरूले मात्र अनुमोदन गर्न सक्छन् भन्ने थाहा पाउँछन्, उनीहरूलाई थप शक्तिको महसुस हुनेछ। बिस्तारै सांसद आफ्ना निर्वाचन क्षेत्रमा जाने, जनतासँग समय बिताउने गर्न थालेपछि ती क्षेत्रका माग राजधानी आइपुग्नेछ। अहिले एकजना पनि सांसदको नाम भन्न नसक्ने मानिसले भोलिका दिनमा राज्यप्रतिको गुनासो गर्ने वेला आफ्ना सांसदलाई सम्झिन थाल्नेछन्। हुन त यत्तिले नै सिरियालाई लोकतान्त्रिक देश बनाउनेछैन। तैपनि, बिस्तारै संसदीय अभ्यास भने विकास हुँदै जानेछ। यही नै नयाँ संसद्को विरासत हुनेछ।

फरेन पोलिसीबाट

भारतमा सिजेपीको 'चलो संसद्' मार्च र मोदीको मौनता

कक्रोच जनता पार्टी (सिजेपी) ले देशको परीक्षा प्रणालीमा व्यापक सुधार र शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गरेको छ

संसारमै सबैभन्दा धेरै जनसंख्या भएको देश भारतमा परीक्षाको प्रश्नपत्र चुहावट, प्राविधिक गडबडी र परीक्षा रद्दजस्ता घटनाको शृंखलाले आक्रोश निम्त्याएपछि कक्रोच नामक भाइरल आन्दोलनका समर्थकले झन्डै एक महिनादेखि नयाँदिल्लीको जन्तरमन्तर क्षेत्र आफ्नो नियन्त्रणमा लिँदै आएका छन्। जन्तरमन्तर संसद् भवनबाट केही किलोमिटरको दूरीमा रहेको देशको चर्चित विरोध प्रदर्शन स्थल हो, जहाँ सरकारलाई खबरदारी गर्न विभिन्न दल र समूहले गतिविधि सञ्चालन गर्छन्।

'कक्रोच मुभमेन्ट'को समर्थनमा ५९ वर्षीय गान्धीवादी अभियन्ता सोनम वाङचुकले आमरण अनशन सुरु गरेको २० दिनपछि शनिबार दर्जनौं प्रहरी अधिकारीले उनलाई विरोधस्थलबाट बलपूर्वक हटाए। प्रहरीले अदालतको आदेश र वाङचुकको 'बिग्रँदै गएको स्वास्थ्य अवस्था'लाई आफ्नो कदमको बचाउको आधार बनायो। तर, वाङचुककी पत्नी गीताञ्जली जे आङमोले आफ्ना पतिलाई उनको इच्छाविपरीत अस्पताल लगिएको बताइन् र सरकारले उपचारको बहानामा 'गैरकानुनी रूपमा नियन्त्रणमा लिएको' आरोप लगाइन्।

वाङचुकलाई हटाइएकोमा आक्रोशित हुँदै सिजेपीका संस्थापक अभिजित दीपकेले मोदीको राजीनामा माग गरे। उनले आफ्ना समर्थकलाई संसद्को बर्खे अधिवेशन सुरु हुने पहिलो दिन अर्थात् सोमबार संसद् भवनतर्फ मार्च गर्न आह्वान गरे। दीपकेको आह्वानमा हजारौं मानिसले साथ दिएपछि ठुलो संख्यामा प्रहरी तथा अर्धसैनिक बल परिचालनका कारण नयाँदिल्लीमा तनावपूर्ण स्थिति बन्यो। अन्य अधिकारवादी समूह र राजनीतिक दलले पनि यस मार्चप्रति ऐक्यबद्धता जनाउँदै सर्वसाधारणलाई प्रदर्शनमा सहभागी हुन आग्रह गरेका थिए।



● यशराज शर्मा
(शर्मा अलजजिराका नयाँदिल्ली संवाददाता हुन्)

के भइरहेको छ जन्तरमन्तरमा ?

सिजेपीले भारतको प्रतिस्पर्धात्मक परीक्षा प्रणालीमा व्यापक सुधार तथा प्रश्नपत्र चुहावट र परीक्षा नतिजाका कारण आत्महत्या गरेका विद्यार्थीका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरिरहेको छ। तर, शिक्षामन्त्री धर्मेन्द प्रधानले पदबाट राजीनामा दिन अस्वीकार गर्दै आएका छन् र प्रदर्शनकारीलाई 'आतंकवादी'सँग तुलना गरेका छन्। १२ वर्षभन्दा बढी समयदेखि कुनै पत्रकार सम्मेलन नगरेका तर सामाजिक सञ्जालमा सक्रिय प्रधानमन्त्री मोदीले यी प्रदर्शनबारे अहिलेसम्म कुनै प्रतिक्रिया दिएका छैनन्।

यसैबिच, लद्दाखको उत्तरी क्षेत्रका ख्यातिप्राप्त इन्जिनियर तथा शिक्षाविद् वाङचुकले जुन २८ मा सुरु गरेको आमरण अनशनलाई निरन्तरता दिए। उनले यसअघि सेप्टेम्बरमा पनि यस्तै अनशनमा बसेका थिए, जसमा उनले लद्दाखका लागि विशेष दर्जाको माग गरेका थिए। मोदी सरकारले सन् २०१९ मा भारत-शासित कस्मिरबाट अलग्याएर लद्दाखलाई छुट्टै क्षेत्र बनाएको थियो। नेहा बोरा, अमिन अमितोज र मनीष गरी तीनजना विद्यावारिधिका विद्यार्थी वाङचुकको यस अनिश्चितकालीन अनशनमा सामेल भए। उनीहरू भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)'को विद्यार्थी संगठन 'अल इन्डिया स्टुडेन्ट्स एसोसिएसन' (एआइएसए) का सदस्य हुन्। शनिबार, सादा पोसाकमा रहेका प्रहरीहरू विरोध प्रदर्शन भइरहेको स्थल प्रवेश गरे र मञ्चमाथि धाबा बोल्दै सेतो पर्दाले छोपेर वाङचुकलाई त्यहाँबाट बाहिर लगे। प्रहरीको यस्तो कारबाहीका तस्बिरहरू सामाजिक सञ्जालमा भाइरल भए र आक्रोश निम्त्याउनुका साथै विरोध आन्दोलनलाई अझ चर्कायो। धर्नास्थलको मञ्चबाट प्रहरीले शारीरिक रूपमा कमजोर रहेका वाङचुकलाई बाहिर लैजाँदै गर्दा उनीहरूले एआइएसएमा आबद्ध विद्यार्थीका टेन्टभित्र पनि प्रवेश गरेका थिए। पछि प्रदर्शनकारीले उनीहरूलाई त्यहाँबाट बाहिर लखेटेका थिए।

> १२ वर्षभन्दा बढी समयदेखि कुनै पत्रकार सम्मेलन नगरेका तर सामाजिक सञ्जालमा सक्रिय प्रधानमन्त्री मोदीले कक्रोच पार्टीका प्रदर्शनबारे अहिलेसम्म कुनै प्रतिक्रिया दिएका छैनन्।

८ जुलाईमा शिक्षाविद् वाङचुकले शिक्षमन्त्री प्रधानको राजीनामाको माग गर्दै संसद् भवनतर्फ मार्च गर्ने योजनाको घोषणा गरेका थिए। 'यदि तपाईं साँच्चै मद्दत गर्न चाहनुहुन्छ भने आरामदायी सोफामा बसेर सन्देश पठाउनुभन्दा थोरै पहल गर्नुहोस्। २० जुलाईमा दिल्ली आउनुहोस्,' उनले एक्समा लेखेका थिए। पछि उनले यस प्रदर्शनलाई 'भारतको दोस्रो स्वतन्त्रता आन्दोलन'को संज्ञा दिए। यो मिति सोचविचार गरेरै तय गरिएको थियो। किनकि, सोमबारदेखि संसद्को वर्षे अधिवेशन सुरु भएको छ, जुन वर्षभरि हुने तीनवटा विधायी अधिवेशनमध्ये एक हो।

के हो कक्रोचको माग ?

सोमबार अस्पतालबाट जारी गरिएको हातले लेखिएको एक सन्देशमा वाङचुकले शिक्षा प्रणालीमा देखिएका कथित प्रश्नपत्र चुहावट तथा अन्य कमजोरीको जिम्मेवारी सरकारले लिएमा वा विभिन्न राजनीतिक दलका सांसद तथा नेताले संसद्मा यो विषय उठाउने आश्वासन दिएमा आफ्नो अनशन अन्त्य हुने बताएका छन्। सिजेपीले मुख्यतया तीनवटा माग राखेको छ। पहिलो, सोनाम वाङचुकको तत्काल रिहाइ, दोस्रो, शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा र तेस्रो 'निट' (राष्ट्रिय योग्यता परीक्षा) विवादका कारण आत्महत्या गरेका प्रत्येक परीक्षार्थीका परिवारलाई एक करोड भारु क्षतिपूर्ति।

वाङचुकलाई जबर्जस्ती हटाइएपछि हजारौं मानिस भेला हुँदा शनिबार साँझ जन्तरमन्तर खचाखच भरिएको थियो। दिल्ली विश्वविद्यालयकी विद्यार्थी श्रेया कुमारले विरोधस्थलमा अलजजिरासँग कुरा गर्दै प्रहरीले प्रदर्शनकारीलाई झुक्याएको आरोप लगाइन्। आफ्ना साथीसँगै त्यहाँ पुगेकी १९ वर्षीया कुमारले भनिन्, 'म यहाँ आएँ किनभने मेरो रगत उम्लिरहेको छ। यो सरकारले सबै कुरालाई मजाक बनाएको छ। सरकार झुटो बोल्ने र धोका दिनेको जमात हो।' सिजेपीका प्रवक्ता सौरभ दासले वाङचुक गैरकानुनी हिरासतमा रहेको र त्यस्तो हिरासतको आधार आफूहरूलाई उपलब्ध नगराइएको बताए।

डिजिटल समूहको सुरुवात

भारतका प्रधानन्यायाधीश सूर्यकान्तले बेरोजगार व्यक्तिलाई लक्षित गर्दै 'परजीवी' र 'साङ्ला' भनी गरेको टिप्पणीपछि अभिजित दीपकेले मे महिनामा 'कक्रोच जनता पार्टी' नामक एक व्यंग्यात्मक डिजिटल समूहको सुरुवात गरे। केही दिनभित्रै यसले इन्टरनेटमा व्यापक चर्चा पायो र विभिन्न सामाजिक सञ्जाल मञ्चमा लाखौं अनुयायी बटुल्यो। यसले विपक्षी दलका नेता, अधिकारकर्मी, कलाकार र खेलाडीबाट समेत समर्थन प्राप्त गऱ्यो।

पछिल्ला दुई वर्षयता अमेरिकामा बस्दै आएका ३० वर्षीय दीपके दिल्लीमा विरोध प्रदर्शनको नेतृत्व गर्न जुन महिनामा भारत फर्किएका थिए। उनले प्रश्नपत्र चुहावटलगायत प्रतिस्पर्धात्मक परीक्षामा भएका भनिएका अनियमिततापछि शिक्षा क्षेत्रमा सुधारको माग गर्दै उक्त प्रदर्शनको नेतृत्व गरेका थिए। पछि उनलाई अभियानकर्मी सोनम वाङचुकले साथ दिए। वाङचुकले २८ जुनदेखि जन्तरमन्तरमा अनिश्चितकालीन अनशन सुरु गरे। यद्यपि, ५९ वर्षीय वाङचुकलाई स्वास्थ्य अवस्थालाई कारण देखाउँदै गत शनिबार प्रहरीले धर्नास्थल जन्तरमन्तरबाट जबर्जस्ती उठाएर अस्पताल लगेको थियो।

अलजजिराबाट

संसद्तर्फ मार्च गरेका आन्दोलनकारीमाथि लाठी र अश्रुग्यास

नयाँदिल्ली / कक्रोच जनता पार्टी (सिजेपी) का हजारौं समर्थकहरूमाथि प्रहरीले व्यापक धरपकड गरेको छ। शिक्षा प्रणालीमा सुधारको माग गर्दै सीजेपीले गरेको आह्वानमा संसद् भवनतर्फ मार्च गर्ने प्रयास गरेका प्रदर्शनकारीमाथि प्रहरीले लाठीचार्ज र अश्रुग्यास प्रहार गरेको हो। सोमवार वर्षे अधिवेशनको पहिलो दिन संसद् भवनतर्फ मार्च गर्न विद्यार्थी, अभिभावक, अभियानकर्मी तथा विभिन्न दलका नेताहरूको पनि उपस्थिति थियो।

मेडिकल कलेज भर्नाका लागि लिइने राष्ट्रिय प्रवेश परीक्षा (एनइइटी) मा भएको भनिएको अनियमितताको विरोध र केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै 'चलो संसद्' (संसद् मार्च) का लागि जन्तर-मन्तरमा भेला भएका प्रदर्शनकारीहरूलाई प्रहरीले चरम दमन गरेको हो। सहभागीमा अधिकांश युवाहरू थिए। संसद् भवनतर्फ अघि बढ्ने क्रममा ब्यारिकेड तोड्ने प्रयास गर्दा केही प्रदर्शनकारी र प्रहरी कर्मचारी सामान्य घाइते भए। संसद भवनको गेट नजिक पुगेका प्रदर्शनकारीलाई प्रहरीले अश्रुग्यास र लट्ठी प्रहार गरेको थियो। प्रर्दशनकारी संसदतर्फ बढ्नुअघि नै प्रधानमन्त्री मोदी लोकसभाबाट बाहिरिएका भारतीय सञ्चार माध्यमले जनाएका छन्। मध्य दिल्लीका केही भागमा मोबाइल इन्टरनेट सेवा पनि बन्द गरिएको थियो।

सिजेपीको आन्दोलनमा विभिन्न दलका नेता र कलाकारले समर्थन जनाएका थिए। संसद मार्चमा ५० हजारभन्दा बढी मानिस सडकमा उत्रिएका थिए।




> हजारौंको संख्यामा रहेका प्रदर्शनकारी संसद् भवनतर्फ बढ्नुअघि नै प्रधानमन्त्री नरेन्द्र मोदी लोकसभाबाट बाहिरिएका थिए

कक्रोच जनता पार्टीका प्रवक्ता सौरभ दासले संस्थापक अभिजित दिपकेलाई दिल्ली प्रहरीले सडकबाटै नियन्त्रणमा लिएको दाबी गरेका छन्। उनले प्रहरीले शान्तिपूर्ण प्रदर्शनकारीलाई कुटपिट गरेको दाबी पनि गरेका छन्। सिजेपीको समर्थनमा २१ दिनदेखि अनशनमा बसेका अभियानकर्मी तथा शिक्षाविद् सोनम वाङचुकलाई शनिवार सुरक्षाकर्मीहरूले बलपूर्वक अस्पताल लगेपछि तनाव चुलिएको हो। उनले अस्पतालमा पनि अनशन जारी राखेका छन्। यसैबीच, सिजेपीले सरकारको आग्रहपछि केन्द्रीय मन्त्री जेपी नड्डालाई उनको निवासमा भेटेर १० मिनेट छलफल गरेको जनाएको छ। सरकारले आन्दोलनकारीलाई आमरण अनशन र धर्ना त्याग्न आन्दोलनकारीसँग अनुरोध गरेका थिए। यसअघि संसद्तर्फ मार्च पासका क्रममा सिजेपीले आफ्ना समर्थकहरूलाई शान्त रहन आग्रह गरेको थियो। 'यदि तपाईंहरूलाई कुनै ठाउँमा रोकियो भने पनि शान्त रहनुहोस् र शान्ति कायम राख्नुहोसस्,' सिजेपीले भनेको थियो। *एनडिटिभीबाट*

इतिहासमा आज

जुलाई २१



सन् १९६९ : निल आर्मस्ट्रङ चन्द्रमामा पहिलोपटक हिँडेका थिए। अन्तरिक्षयान एपोलो ११ अवतरण गरेको करिब सात घण्टापछि उनले चन्द्रमाको सतहमा पाइला टेकेका थिए।

- **सन् १८९९** : प्रसिद्ध अमेरिकी उपन्यासकार, कथाकार र पत्रकार अर्नेस्ट हेमिङ्वेको जन्म। 'द वर्ल्ड मेन एन्ड द सी' उनको प्रख्यात कृतिमध्ये एक हो। उनको मृत्यु सन् १९६१ जुलाईमा भएको थियो।
- **सन् १९१९** : ब्रिटिसको हाउस अफ लर्डद्वारा भर्सेलिज सन्धि अनुमोदन। पहिलो विश्वयुद्ध अन्त्य गर्ने यस सन्धिको मस्यौदा पेरिस शान्ति सम्मेलनमा तय गरिएको थियो। ठुला चार शक्तिराष्ट्र बेलायत, फ्रान्स, इटली र अमेरिकाले सन्धिको खाका तयार गरेका थिए।
- **सन् १९७७** : लिबिया र इजिप्टबिचको युद्ध सुरु। लिबियाले इजिप्टका सहरमा हमला गरेसँगै दुई देशबिच छोटो युद्ध भएको थियो। युद्ध दुई दिनसम्म चलेको थियो।

युरोपमा तापलहरले एक सातामा दश हजारको मृत्यु

पेरिस / जुन महिनाको अन्त्यमा पश्चिम युरोपमा आएको तापलहरमा दश हजारभन्दा बढी मानिसको मृत्यु भएको छ। युरोपेली रोग रोकथाम तथा नियन्त्रण केन्द्र र विश्व स्वास्थ्य संगठनद्वारा समर्थित सञ्जाल युरोमोमोले प्रकाशित गरेको तथ्यांकमा उक्त जानकारी दिइएको हो। मृतकमध्ये नौ हजारभन्दा बढी ६५ वर्ष र सोभन्दा माथिका मानिस छन्।

युरोमोमोका अनुसार अत्यधिक गर्मीका कारण वृद्धवृद्धामा 'स्ट्रोक', मुटु र श्वासप्रश्वाससम्बन्धी रोग बढ्दा ठुलो संख्यामा धेरैको मृत्यु भएको हो। २७ वटा युरोपेली देशमा राष्ट्रिय मृत्युदर तथ्यांकका आधारमा तयार गरिएको तथ्यांकमा जुन २२ देखि २८ सम्म भएका मृत्युबारे विश्लेषण गरिएको थियो। त्यस अवधिमा तापलहर फ्रान्स, स्पेन, बेलायत र छिमेक देशमा चरम सीमामा पुगेको थियो।

जुन महिनाको अन्त्यमा अत्यधिक गर्मीको लहरले फ्रान्स, स्पेन र बेलायतमा विद्युत् आपूर्ति अवरुद्ध हुँदा थप असर देखिएको थियो। त्यतिबेला उच्च तापक्रमका कारण विद्यालय पनि बन्द गरिएका थिए।

युरोमोमोले तापलहरका कारण भएको अतिरिक्त मृत्युलाई देशका आधारमा छुट्याएको छैन, तर बढी अतिरिक्त मृत्यु मुख्यतः फ्रान्स र बेल्जियममा रेकर्ड भएको छ। बेल्जियमको सार्वजनिक स्वास्थ्य संस्था साइन्सानोका अनुसार गर्मीको लहरको समयमा बेल्जियममा मात्र २००० जनासम्म अतिरिक्त मृत्यु भएको थियो।

सोमबार प्रकाशित एउटा छुट्टै वैज्ञानिक अध्ययनले मे र जुन महिनाको गर्मीको लहरमा इंग्ल्यान्ड र वेल्समा मात्र गर्मीसँग सम्बन्धित कारणले दुई हजार ७०० जनाको मृत्यु भएको अनुमान गरेको छ। अध्ययन इम्पेरियल कलेज लन्डन, बेलायतको मौसम कार्यालय र 'लन्डन स्कुल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिन'ले मिलेर गरेका हुन्।

अमेरिकाको आर्थिक दबाबले संकटमा परेको क्युबा

हिजोआज जब-जब क्युबामा देशव्यापी विद्युत् ग्रिड धराशयी हुन्छ, देशभरका सहरमा सामूहिक विलापको लहर फैलिन्छ। क्युबालीहरू फेरि सोच्न बाध्य हुन्छन्, के उनीहरूको देशको मक्किसकेको विद्युत् प्रणाली छिटै पुनर्स्थापित हुन सक्ला ? क्युबामा अमेरिकाले तेल प्रवेशमा नाकाबन्दी लगाएको ६ महिना नाघिसक्यो। अमेरिकाले क्युबाको कम्युनिस्ट सरकार ढाल्ने दबाब अभियानको रूपमा यस्तो नाकाबन्दी लगाइरहेको छ। तर, क्युबाको पूर्वाधारको कमजोरी भने त्यसअघिकै कथा हो।

'क्युबाको विद्युत् प्रणालीको मेरुदण्ड अझै पनि ठुला ऊर्जा संयन्त्र हुन्। तिनले ससना ऊर्जा पूर्वाधारमा लगानी नगर्दा अहिले समस्या झन् बढेको छ,' टेक्सास विश्वविद्यालयका वरिष्ठ ऊर्जा अनुसन्धानकर्ता जर्ज पिननले भने। तिनीहरू पुराना, जीर्ण र भार थाम्न नसक्ने अवस्थामा पुगेका छन्। अहिले ग्रीष्ममा तापक्रम ३५ डिग्री र आर्द्रता ८० प्रतिशत भएको समयमा लामो समय बिजुली जान थालेपछि मानिसको आक्रोश सडकमा पोखिन थालेको छ।



● रुरिध निकोल
निकोल अब्जर्भर म्यागजिनका पूर्वसम्पादक हुन्।



अहिले देशव्यापी बनेको लामो विद्युत् कटौती खासमा विगतमा कैयौं स्थानीय क्षेत्रमा सामान्य बनिसकेको थियो। अहिले स्थानीय 'ब्ल्याकआउट'ले देशव्यापी रूप लिएको मात्र हो। अहिले विद्युत् छिटपुट रूपमा मात्र आउँछ। 'पानी तान्न वा फोन चार्ज गर्नेलगायत काम गर्न एक घण्टा पर्याप्त समय होइन,' अधबैंसे अल्बर्टोले भने, 'यसैले आममानिस सरकारले सुधारको दिशामा अहिले नै कदम चालिहालोस् भन्ने चाहन्छन्।' यद्यपि, सरकारले भने आफूसँग धेरै विकल्प नरहेको बताइरहेको छ। 'हामीले पहिले नै भनिसकेका छौं कि अहिले देशमा इन्धनको चरम अभाव छ। हामीले अहिले बिग्रिएका थर्मोइलेक्ट्रिक युनिटको पार्टपुर्जासमेत लिन सकिरहेका छैनौं,' ऊर्जामन्त्री भिसेन्टे डे ला ओ लेभीले केहीअघि भनेका थिए।

जनवरी ३ मा अमेरिकी सेनाले भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलाई अपहरण गरेर सत्ताच्युत गरेपछि डोनाल्ड ट्रम्पले क्युबाको कम्युनिष्ट सरकार ढाल्ने चेतावनी दिएका थिए। त्यही उद्देश्यका लागि ट्रम्प प्रशासनले अहिले क्युबाका उद्योगलाई नष्ट गर्न प्रतिबन्ध थप कठोर बनाएको छ। इन्धन अभावबाट सिर्जित कठिनाइका कारण अहिले त्यस देशमा जति पनि विदेशी कम्पनी, होटेल सञ्चालक, वायुसेवादेखि खानी तथा ढुवानी कम्पनी सञ्चालनमा थिए, ती लगभग बाहिरिसकेका छन्। त्यस्तै, गत मे महिनामा फ्लोरिडाको एक अदालतले ९५ वर्षीय राउल क्यास्ट्रोलाई हत्याको आरोप लगाएको छ। नजिकैको मियामीबाट हवानामा पर्चा खसाल्न गएका क्यास्ट्रोलाई उक्त घटनामा संलग्न भएको आरोप लगाइएको हो। योसँगै अब राउल क्यास्ट्रोलाई पनि मदुरोलाई जस्तै अपहरण गरेर अमेरिकी अदालतमा सुनुवाइमा लाने बाटो खुलेको छ।

उसो त अमेरिकाको पछिल्लो आर्थिक दबाब बढाउनुअघि नै क्युबाली राज्य कमजोर बन्दै गएको थियो। महामारीको समयमा 'हाइपरइन्फ्लेसन' (अति ठुलो दरको मुद्रास्फीति)को चपेटामा परेको क्युबामा अहिले सबै खालका सेवाको अवस्था दयनीय छ। विगतमा ल्याटिन अमेरिकाको सबैभन्दा सुरक्षित देशमध्ये एक रहेको क्युबामा अहिले आर्थिक कठिनाइले लुटपाट, आक्रमणका घटना ह्वात्तै बढेका छन्। एक समय जताततै देखिने प्रहरी अहिले फेला पार्न गाह्रो छ। अपराध नियन्त्रण कम प्राथमिकतामा परे पनि उही समयमा राजनीतिक धरपकड भने बढेको छ। म्याड्रिडमा मुख्यालय रहेको समूह 'प्रिजनर्स डिफेन्डर्स'का अनुसार राजनीतिक बन्दीहरूको संख्या एक हजार ३०६ पुगेको छ। हेक्टर ओचोआ भेर्गाराजस्ता अभियन्ता सिएगो डे एभिला सहरमा लामो विद्युत् कतौती र पानीको अभावविरुद्ध शान्तिपूर्ण प्रदर्शनमा भाग लिएको आरोपमा पक्राउ गरिएका छन्।

> अमेरिकाले क्युबामा ६ महिनादेखि तेल तथा अन्य इन्धन प्रवेशमा रोक लगाउँदा देशको संकटग्रस्त आर्थिक क्षेत्र थप दबाबमा छ

क्युबाका सबैभन्दा परिचित राजनीतिक बन्दी, कलाकार लुइस म्यानुअल ओटेरो अल्कान्टारा अभद्र व्यवहारका लागि पाँच वर्षको जेल सजाय पूरा गरेर शनिबार अमेरिकातर्फ निर्वासन जाँदै थिए। भिसा प्रक्रियासमेत पूरा गरिसकेका अल्कान्टारालाई अन्तिम समयमा एक हप्ताका लागि नियन्त्रणमा लिने भन्दै अज्ञात स्थानमा राखिएको छ।

महिनौंदेखि अमेरिकी दबाब अन्त्य गर्न गोप्य रूपमा वार्ता चलिरहेको छ। अमेरिकाले वार्ताका क्रममा राजनीतिक र आर्थिक सुधारबारे उठेका विषय मिडियामा चुहाइरहेको छ। क्युबाका तर्फबाट वार्ताको मध्यस्थता राउल क्यास्ट्रोका नाति राउल गुइलेर्मो रोद्रिगेज क्यास्ट्रोले गरिरहेका छन्।

रोद्रिगेज क्यास्ट्रो सरकारी कागजातसमेत महँगो 'साल्भाटोर फेरागामो' झोलामा राखेर हिँडिरहेका थिए। 'मलाई दुःख लाग्छ कि धेरै क्युबालीले मैले जस्तै जीवन बाँच्न सक्दैनन्,' उनले अन्तरवार्तामा पत्रकारलाई भने। राजनीतिमा कुनै रुचि नभए पनि क्रान्तिले आफूलाई 'आवश्यक ठान्यो भने राजनीति पनि गर्ने' उनले बताए।

रोद्रिगेज क्यास्ट्रोको अन्तरवार्ता बाहिरिएपछि कैयौं क्युबाली रुष्ट बने। कैयौं संगीतकार, शिक्षाविद्, पूर्वकूटनीतिज्ञ र आममानिसले समेत विरोध जनाए। धेरै क्युबाली 'कुनै सार्वजनिक ओहोदामा नभएको' व्यक्तिको यस्तो विलासी जीवनशैली र यति महत्त्वपूर्ण वार्ताको नेतृत्व गरेकोमा असन्तुष्ट देखिए। सबैभन्दा चर्को असन्तुष्टि सरकारी पेसामा रहेका युवा क्युबालीहरूबाट आयो। 'यसरी कुनै सरकारी ओहोदामा नरहेको वा सार्वजनिक भूमिका ग्रहण नगरेका व्यक्तिले देशको नयाँ दिशाबारे भइरहेको वार्ताको नेतृत्व गर्ने अनुमति कसरी पायो ?' क्युबाली टिभी प्रस्तोता सिशेल टोरेस कोरोनाले लेखे।

पछिल्लो संकटको सुरुमै अमेरिकाले क्युबाली 'डेल्सी' बन्न चाहने व्यक्ति खोजिरहेको स्पष्ट पारेको थियो। डेल्सी अर्थात् भेनेजुएलामा मदुरो अपदस्थ भएपछि सत्ता चलाइरहेकी तत्कालीन भेनेजुयाली उपराष्ट्रपति र हालकी राष्ट्रपति डेल्सी रोड्रिगेज। डेल्सीले अहिले वासिंटनसँग सहकार्यमा सरकार चलाइरहेकी छन्। तर, मियामी विश्वविद्यालयमा 'क्युबन एन्ड क्युबन अमेरिकन स्टडिज'का अध्यक्ष माइकल बुस्टामान्टे भने रोद्रिगेज क्यास्ट्रोको 'थुएसए टुडे' अन्तरवार्तालाई जारी वार्ता सोचेअनुरूप अगाडि नढेबको संकेत मान्छन्। त्यस अन्तर्वार्तालाई उनी क्यास्ट्रोको 'प्रासंगिकता' पुष्टि गर्ने प्रयास मात्र मान्छन्। 'अहिले खासमा यी नाति क्यास्ट्रोको वर्तमान क्युबाली शासकसँग सम्पर्कमा छन् कि छैनन् भन्ने नै प्रश्न उठाएको छ,' उनले भने।

फिफा विश्वकपको समयमा केही शान्त देखिको दुई देशको अवस्था पुनः तनावपूर्ण हुने निश्चित छ। यसको पूर्वसंकेत कोरल गेबल्स सहरको बिल्टमोर होटेलमा फ्लोरिडाका पूर्वगभर्नर जेब बुसको पत्रकार भेटघाटमै देखिएको थियो। त्यहाँ बुसले पत्रकारलाई क्युबा र इरानबिच घनिष्ठ सम्बन्ध रहेको बताउँदै केहीअघिदेखि चर्चामा रहेको क्युबाले ३०० इरानी आक्रमण ड्रोन किनेको (अपुष्ट) समाचार दोहोऱ्याए। 'इरानले क्युबासँग नजिकमा रहेर काम गरिरहेको कुरा खतरनाक छ,' बुसले भने। उता केहीपछि नै ह्वाइट हाउसमा ट्रम्पले बुसकै भनाइ पछ्याउँदै भने, 'हामी त्यसो हुन दिनेछैनौं।'

यसैबिच क्युबाली सरकार भने अमेरिकालाई खुसी बनाउन अर्थतन्त्र उदार बनाउन लागिपरेको छ। उसले यस दिशामा निजी क्षेत्र विस्तार गर्ने र लगानी सहजीकरण गर्ने १७६ वटा (अझै लागू नभएका) कदमको घोषणा गरेको छ। उता अमेरिकी विदेश मन्त्रालयले भने यी कदमलाई जनताको आँखामा छारो हाल्ने प्रयास भन्दै खारेज गरेको छ।

लामो समय विद्युत् अवरुद्ध भएपछि गत बुधबार बिहान ७ बजे ग्रिड पुनः जोडियो। धेरै मानिसले बिजुली आएकोमा हर्षोल्लास मनाए। तर, सबैलाई थाहा थियो कि यो केवल अस्थायी अवस्था मात्र हो।

द गार्जियनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ५ साउन ०८३

कोलकाताबाट हिँडेको कार्गो आइपुग्यो विराटनगर



गणेश लम्साल/नयाँ पत्रिका

भारतको कोलकाता बन्दरगाहबाट पहिलोपटक औपचारिक रूपमा सञ्चालनमा आएको मालवाहक रेल विराटनगर आइपुगेको छ। तेम्रो मुलुकबाट आयात गरिएको औद्योगिक कच्चा पदार्थ तोरी बोकेर कोलकाता बन्दरगाहबाट शुक्रबार अपराह्न हिँडेको कार्गो रेल सोमबार दिउँसो एक बजे विराटनगर भन्सारमा आइपुगेको हो।

सुनसरी-मोरङ आद्योगिक करिडोरमा रहेको स्वस्तिक आयल इन्डस्ट्रिजका लागि तेम्रो मुलुकबाट आयात गरिएको क्यानोला ग्रेन लोड गरिएको ४० वटा ४० फिट क्षमताका कन्टेनर विराटनगर- १८ भेडियारीस्थित संयुक्त भन्सार जाँचचौकी (आइसिपी) यार्ड स्टेसनमा आइपुगेको छ। इलेक्ट्रोनिक कार्गो ट्र्याकिङ प्रणाली जडान गरिएका कन्टेनरहरू बोकेर विराटनगर आइपुगेको रेललाई उद्योगी-व्यापारी, भन्सारका अधिकारीहरू र स्थानीयले पूजाआजासहित स्वागत गरेका थिए।

कोलकाताबाट छुटेको डिजेल इन्जिन भएको कार्गो रेल सामान्यतया २४ देखि ३६ घण्टाभित्र विराटनगर आइपुग्छ। तर, पहिलोपटक भएकाले रुट क्लियर गर्न समय लागेकाले आउन तीन दिन समय लागेको विराटनगर भन्सार कार्यालयका प्रमुख उमेशकुमार श्रेष्ठले बताए। उनका अनुसार रिफाइनरी उद्योगका लागि कच्चा पदार्थ बोकेर कोलकाताबाट विराटनगर आइपुगेको रेलबाट कन्टेनर अनलोड गरेर आइसिपीमा निर्मलीकरण गरेर टेलरमा अनलोड गरेर प्रवेश गराइनेछ। त्यसपछि भन्सार जाँच प्रक्रिया पूरा गरेर उद्योगमा पठाइनेछ। रेलमार्फत आयात भएका कन्टेनरहरू मंगलबार उद्योगी र सेवाप्रदायक कम्पनीहरूसँग छलफल गरेपछि मात्र अनलोड सुरु हुनेछ।

भारतको केन्द्रीय अप्रत्यक्ष कर तथा भन्सार बोर्डले सन् २०२५ नोभेम्बर ४ मा जारी गरेको सूचनामार्फत इलेक्ट्रोनिक कार्गो ट्र्याकिङ प्रणालीसम्बन्धी व्यवस्थामा संशोधन गर्दै कोलकाता, हल्दिया र विशाखापट्टनम बन्दरगाहबाट विराटनगर भन्सारसम्म रेलमार्फत कार्गो ढुवानी गर्न सकिने व्यवस्था गरेको थियो।

सोही निर्णय कार्यान्वयनका लागि कोलकातास्थित नेपाली महावाणिज्य दूतावासको पहलपछि कोलकाता भन्सारले सन् २०२६ फेब्रुअरी २६ मा सार्वजनिक सूचना जारी गर्दै विराटनगरसम्म रेलमार्फत ढुवानीको बाटो खुला गरेको हो। त्यसपछि कोलकाता भन्सार, बन्दरगाह, सिपिङ लाइन तथा सम्बन्धित निकायबिच समन्वय गरी १ साउनदेखि औपचारिक रूपमा कोलकाता-विराटनगर सोझै मालवाहक रेल सेवा सुरु भएको हो।

उद्योगी भन्छन्- कार्गो रेल सेवाले निरन्तरता पाउनुपर्छ

कोलकाताबाट विराटनगरसम्म पहिलोपटक औपचारिक रूपमा कार्गो रेल आएपछि उद्योगीहरूले सेवाले निरन्तरता पाउनुपर्ने बताएका छन्। उनीहरूका अनुसार पहिले उद्घाटन भएर पनि रेल सेवाले निरन्तरता पाउन नसक्ने मुख्य कारणमध्ये नेपालतर्फको लोड-अनलोड सेवा शुल्क रहेको थियो। विराटनगरनजिक रहेको रेलबाट कन्टेनरहरू क्रेनमार्फत अनलोड गराएर टेलर (लामो ट्रक)मा राखेर भन्सार भित्र्याएर जाँचपास गराएर उद्योगसम्म ल्याउनुपर्छ। यसका लागि विराटनगर भन्सारमा सेवा दिने कम्पनीहरू टिआरएस र ट्रान्स नेपाललेे जिम्मा पाएका छन्। रेलबाट ल्याएका कन्टेनरहरूको हेन्डलिङ शुल्क महँगो भएमा कार्गो रेल सेवाले निरन्तरता पाउन गाह्रो हुने उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठौले बताए। रेल सेवाले निरन्तरता पाए ट्रकमार्फत असुरक्षित रूपमा हैरानी खेपेर मालवस्तु निकासी-पैठारी गर्नुपर्ने बाध्यता पूर्ण रूपमा बन्द गर्दा पनि फरक नपर्ने उनको भनाइ छ। विराटनगर भन्सारमा दैनिक तीन सयभन्दा बढी मालवाहक सवारीहरू आवतजावत हुन्छन्। अध्यक्ष राठौले भने, 'भारततर्फको झन्झट क्लियर भयो, तर अझै नेपालतर्फको कन्टेनर हेन्डलिङ महँगो शुल्कको समस्या कायमै छ। सरकारले यो समाधान गरे गाडीको रुट बन्द गर्दा पनि फरक पर्दैन।'

अब कोलकाता र विशाखापट्टनममार्फत तेम्रो मुलुकबाट आयात गरिएका औद्योगिक र व्यापारिक मालवस्तु विराटनगरसम्म एकैपटक ४५ वटासम्म ४० फिटका कन्टेनर रेलमार्फत ल्याउन सकिने भएको छ।

पहिलोपटक भारतको कोलकाता बन्दरगाहदेखि विराटनगरको भेडियारी स्टेसनसम्म कार्गो रेल आइपुगे पनि कटहरीसम्म आउन भने पाउनेछैन। अझै मुआब्जा विवादकै कारण नेपालतर्फको कटहरीसम्मको १३ किलोमिटर दूरीको निर्माणकार्य अझै सम्पन्न भइसकेको छैन। जग्गाको मुआब्जा विवाद समाधानमा ढिलाइ हुँदा अझै कटहरी गाउँपालिकाको महेशपुरमा रेलवे प्लाटफर्म र गोदामघर निर्माण गर्न र रेलवे ट्र्याक बिछ्याउन अझै बाँकी नै छ। रेल सेवाका लागि भारत र नेपाल सरकारबिच भएको सम्झौताअनुसार सन २००९ जनवरीदेखि निर्माणकार्य दुवैतर्फ सुरु गरेर सन् २०१४ भित्र सम्पन्न गर्नुपर्ने थियो।

पूर्व–पश्चिम राजमार्गको पूर्वीखण्डको काम समयमै नसकिने निश्चित

काँकडभिट्टादेखि सुनसरीको लबिपुरसम्मको ९५ किलोमिटर सडक र ठुला पुल निर्माणका प्याकेज तीन वर्षमा सक्न लगाइएको ठेक्काको म्याद १९ माघ ०८३ मा सकिँदै छ। तर, कुनै पनि प्याकेजको काम ५० प्रतिशत पनि पुग्न सकेको छैन।

झापामा **चिरञ्जीवी घिमिरे**

ठेक्काको म्याद सकिन ६ महिना मात्रै बाँकी हुँदा पूर्व-पश्चिम राजमार्गको पूर्वीखण्डको काम आधा पनि सकिएको छैन। झापाको काँकडभिट्टादेखि सुनसरीको लौकहीसम्मको खण्डमा निर्माण कम्पनीको ढिलासुस्तीका कारण सडक विस्तारमा ढिलाइ भएसँगै समयमा नसकिने निश्चित भएजस्तै हो, जसका कारण नागरिकले सास्ती व्यहोर्नुपरेको छ।

पूर्वी र पश्चिमी गरी दुई खण्डमा विभाजन गरिएको ठेक्काको काम सुस्त गतिमा भइरहेको छ। पूर्वी र पश्चिमी खण्डको ९५ किलोमिटरको सडक र यसमा पर्ने ठुला पुलहरुलाई विभिन्न प्याकेज बनाएर काम गरिँदै आएको छ। तर, कुनै पनि प्याकेजको काम ५० प्रतिशत पनि पुग्न सकेको छैन। यी सबै प्याकेज तीन वर्षमा सक्ने गरी ठेक्का लगाइएको सडक विस्तार गर्ने ठेक्काको म्याद १९ माघ ०८३ सकिन्छ।

एसियाली विकास बैंकको तीन सय मिलियन डलर ऋण सहायता र नेपालको लगानीमा चार लेनमा विस्तार हुँदै गरेको काँकडभिट्टा-लौकही सडकलाई दुई खण्डमा विभाजन गरेर काम भइरहेको छ। काँकडभिट्टेदेखि लौकहीसम्मको एक सय २० किलोमिटर सडक ठेक्कामा लगाउने योजना भए पनि सुनसरीको लबिपुरसम्मको ९५ किलोमिटर मात्रै ठेक्का लागेको छ।

९५ किलोमिटर सडक विस्तार र यसमा पर्ने पुल निर्माणका लागि २ कात्तिक ०८० मा ठेक्का सम्झौता भएको थियो। सम्झौताअनुसार सम्पन्न मिति भने १९ माघ ०८३ छ। ठेक्का २ कात्तिक ०८० मा लागेको भए पनि सम्झौता मितिले काम माघदेखि सुरु भएको हो। ९५ किलोमिटर सडकमा ६ वटा ठुला नदीका पुल पर्छन्।

पूर्वीखण्ड अर्थात् झापा काँककभिट्टादेखि झापाकै कमल गाउँपालिकास्थित केर्खासम्मको ४५ किलोमिटर सडक पर्छ। यो खण्डमा ३० महिनामा सडकको काम जम्मा ४७ प्रतिशत मात्रै भएको काँकडभिट्टा-लौकही सडक योजना कार्यालय (पूर्वीखण्ड)का प्रमुख सुनीलबाबु पन्तले जानकारी दिए। यो काम अपेक्षकृत होइन।



निर्माणाधीन पूर्व-पश्चिम राजमार्गअन्तर्गत झापाको कमल गाउँपालिकास्थित पाडाजुँगी।

काँकडभिट्टादेखि कमल गाउँपालिकास्थित सीतापुरीसम्मको ४५ किलोमिटर सडक निर्माणको ठेक्का भने १० अर्ब ६ करोडमा एभरसकोन-कालिका जेभीले ठेक्का लिएको हो। यस्तै, पुल निर्माणको काम भने जम्मा २९ प्रतिशतमा सीमित रहेको उनी बताउँछन्। यो खण्डमा कन्काई, निन्दा र बिरिङ नदीको पुल पर्छ। यी तीन पुल निर्माणका लागि कोभेक-सिआरइजिसी-टुन्डी जेभीले पाँच अर्ब ९७ करोडमा ठेक्का लिएका छन्। यही गतिले निर्धारित म्यादमा काम सकिने सम्भावना नरहेको उनी बताउँछन्। आउँदो वर्षको असार मसान्तसम्म कम्तीमा ९० प्रतिशत काम सम्पन्न गर्ने गरी अघि बढेको प्रमुख पन्तको भनाइ छ। यो बर्खाको समयमा पनि गर्न मिल्ने काम निरन्तर भइरहेको उनले बताए। पन्तका अनुसार सडकमा पाँचम सिएमका दुई तहको कालोपत्रे हुन्छ। यो खण्डमा करिब १७ किलोमिटर पहिलो तहको कालोपत्रे सकिएको छ। समय अवधिभरिमा ४५ किलोमिटरमै पहिलो तहको कालोपत्रे सक्ने गरी अघि बढ्ने योजना रहेको उनी बताउँछन्। जसले गर्दा सर्वसाधारणलाई यात्रामा सहज हुने उनको भनाइ छ।

यो खण्डमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि र बिटुमिन अभावमा पनि काम भएको थियो। तर, काम भने सुस्त हुँदा निर्धारित समयमा काम नसकिने भएको हो। 'समयको हिसाबले ८० प्रतिशत सकियो। तर, काम ४७ प्रतिशत छ। यो वेलासम्म ६० प्रतिशत काम सकिनुपर्ने हो। काम नसकिनुमा विविध कारण छन्,' पन्तले भने, 'निर्माण सामग्री पर्याप्त नहुनु, दक्ष कामदारको अभाव, समयमा बिजुलीका पोललगायत साइट क्लियर नहुनु, निर्माण कम्पनीको व्यवस्थापनको कुरा पनि राम्रो नहुँदा ढिला हुन्छ। आन्तरिक र बाह्य व्यवस्थापनको पक्ष कमजोर हुँदा ढिला भयो। पुलको हकमा स्टिलका पार्टस् आउन ढिला भयो।'

यस्तै, सीतापुरीदेखि पश्चिम सुनसरीको लबिपुरसम्मको ५० दशमलव ७६ किलोमिटर सडक विस्तारका लागि पनि सडकतर्फ दुईवटा प्याकेज बनाएर ठेक्का लगाइएको छ। केर्खादेखि पश्चिम मोरङको गोठगाउँसम्मको ४० किलोमिटर सडक सिआरएफजी-टुन्डी जेभीले नौ अर्ब १३ करोडमा ठेक्का लिएको छ। गोठगाउँदेखि लबिपुरसम्मको १० दशमलव ७६ किलोमिटर कोभेक-सिआरइजिसी-टुन्डी जेभीले चार अर्ब सात करोडमा निर्माणका लागि ठेक्का लिएको छ। यो खण्डमा केखर्दिखि पश्चिम मोरङको गोठगाउँसम्मको ४० किलोमिटर खण्डको काम ४३ प्रतिशत सम्पन्न भएको काँकडभिट्टा-लौकही सडक योजना (पश्चिम खण्ड)का प्रमुख जगत प्रजापतिले जानकारी दिए। यद्यपि, ३० महिनामा यो काम पनि सुस्त हो। गोठगाउँदेखि लबिपुरसम्मको १० दशमलव ७६ किलोमिटरको काम झनै अत्यधिक सुस्त छ। ठेक्का लागेको ३० महिनामा २४ प्रतिशत मात्रै काम भएको प्रमुख प्रजापतिले जानकारी दिए।

यस्तै, पश्चिम खण्डमा ठुलाका तीन पुल रतुवा, बक्राह र लोहेन्द्र नदीमा पुल निर्माण भइरहेको छ। यो पुल निर्माणका लागि कोभेक-सिआरइजिसी-टुन्डी जेभीले पाँच अर्ब ६५ करोडमा ठेक्का लिएको छ। यसको काम ४२ प्रतिशत मात्रै सम्पन्न भएको उनले बताए। बिजुलीको पोल समयमा सार्न नसक्दा, मूल्यवृद्धि, बिटुमिन अभावले काममा प्रभाव परेको उनले बताए। 'बिजुलीको पोल समयमा नसारिँदा पनि समस्या भएको छ। ऊर्जा मन्त्रालयसँग पनि समन्वय भएको थियो। तर, काम अघि बढेन। बिटुमिन र मूल्यवृद्धिलगायत कारणले पनि काम ढिला भयो। निर्माण व्यवसायीले पनि ढिलासुस्ती गरे,' उनले भने, 'अहिले बर्खाको समय छ। काम सोचेअनुरूप हुँदैन। लगत्तै चाडपर्व आउँछन्। तसर्थ, निर्धारित समयमा काम सकिने सम्भावना कम छ।'



सेजको बक्यौता भाडा असुल गर्न प्राधिकरणको ताकेता

काठमाडौं/ सरकारले औद्योगिक क्षेत्रपछि विशेष आर्थिक क्षेत्र (सेज)को बक्यौता भाडा असुल कार्यलाई तीव्रता दिएको छ। विशेष आर्थिक क्षेत्र (सेज) प्राधिकरणले लामो समयदेखि भाडा नतिर्ने उद्योगलाई पत्राचार गरेर भुक्तानीका लागि एक साताको म्याद दिएको हो। प्राधिकरणले तोकिएको समयमा बक्यौता भाडा नतिरे बिजुली-पानी काटिदिने चेतावनीसमेत दिएको छ। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी यादवको ठाडो निर्देशनपछि सेजभित्र सञ्चालनमा रहेका उद्योगहरूको वर्षौंदेखि उठ्न बाँकी भाडा असुली प्रक्रिया तीव्र पारिएको मन्त्रीको सचिवालयले जनाएको छ।

प्राधिकरणले ताकेता गरेपछि हालसम्म १६ करोड रुपैयाँ बक्यौता भाडा असुली भएको सचिवालयले जनाएको छ। 'पहिलो सूचीअनुसार ६ करोड १४ लाख ५८ हजार दुई सय ५९ रुपैयाँ १२ पैसा असुली भएको छ भने दोस्रो सूचीअनुसार नौ करोड ९५ लाख ९२ हजार चार सय ९२ रुपैयाँ ४१ पैसा असुल गरिएको छ,' सचिवालयले उल्लेख गरको छ, 'दुवै सूचीमा गरी १६ करोड रुपैयाँभन्दा बढी रकम असुल भइसकेको छ।'

खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्न अर्थ मन्त्रालयको आग्रह

काठमाडौं/ अर्थ मन्त्रालयले चालू आर्थिक वर्ष ०८३/८४ को बजेट कार्यान्वयन गर्न ३७ बुँदे मार्गदर्शन जारी गर्दै खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्न सबै मन्त्रालय र निकायलाई आग्रह गरेको छ। अर्थसचिव डा. घनश्याम उपाध्यायले सोमबार बजेट कार्यान्वयनको मार्गदर्शन पठाउँदै स्रोतको अधिकतम उपायोग गर्दै खर्चमा मितव्ययिता, दक्षता र प्रभावकारिता कायम गर्न आग्रह गरेका हुन्। अर्थ मन्त्रालयले ठुला पूर्वाधार एवं आयोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरी पुँजीगत खर्चमा उल्लेखनीय सुधारको प्रयास गर्न आग्रह गरेको छ।

मन्त्रालयले वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट फागुन मसान्तसम्म खर्च नभए १५ चैतभित्र बजेट समर्पण गर्नसमेत आग्रह गरेको छ। 'वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट फागुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम संवत् ०८३ चैत १५ गतेभित्र अर्थ मन्त्रालयमा समर्पण गर्नुहुनेछ,' मार्गदर्शनमा उल्लेख छ। त्यस्तै, उस्तै आयोजना तथा कार्यक्रम बजेट सूचना प्रणालीमा दोहोरो प्रविष्ट भएको देखिएमा एउटा मात्रै कार्यान्वयन गरी अन्य रोक्का राखी बजेट समर्पण गर्नसमेत मन्त्रालयले आग्रह गरेको छ।

■ योजनासहित बजेट कार्यान्वयन गर्न अर्थमन्त्रीको निर्देशन



अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शतप्रतिशत पुँजीगत खर्च र राजस्व लक्ष्य प्राप्तिको योजनासहित बजेट कार्यान्वयनमा लाग्न सचिवहरूलाई निर्देशन दिएका छन्। सोमबार मन्त्रालयमा आयोजित आर्थिक वर्ष ०८३/८४ को बजेट कार्यान्वयन योजनासम्बन्धी सबै मन्त्रालयका सचिवहरू सम्मिलत बैठकलाई सम्बोधन गर्दै उनले यस्तो निर्देशन दिएका हुन्। कार्यान्वयनमा आएको नयाँ बजेट पाँच वर्षको सरकारको आर्थिक मार्गचित्रअन्तर्गतको पहिलो किस्ताको सुरुवात भएको भन्दै उनले विगतको पुँजीगत खर्चको निराशा र राजस्व संकलनका कमजोरी सच्याउन सचिवहरूलाई निर्देशन दिएका हुन्। 'गएको आर्थिक वर्ष पुँजीगत खर्च निराशाजनक रह्यो। जम्मा ४९ प्रतिशत हाराहारी मात्रै। राजस्व पनि साढे १२ खर्ब हाराहारीभन्दा उठेन,' उनले भने।

एउटै पम्पबाट दुई अर्बको इन्धन बिक्री

अजित अधिकारी/नयाँ पत्रिका

गत आर्थिक वर्ष ०८२/८३ मा नीलकण्ठ नगरपालिका, धादिङमा रहेको भैरवी इन्टरप्राइजेजले दुई अर्ब भन्दाबढीको इन्धन बिक्री गरेको छ। सो पम्पले गत आवमा एक अर्ब ९९ करोड ११ लाख ६० हजार दुई सय ६५ रुपैयाँको पेट्रोल र डिजेल खरिद गरेर लगेको आयल निगमको मधेश प्रादेशिक कार्यालय, अमलेखगन्जले जनाएको छ।

निगमबाट खरिद गरेर लगेको इन्धनमा नाफा र ढुवानी लागतसमेत जोडेर बिक्री गर्ने भएकाले पम्पहरूको कुल कारोबार झन् बढी हुन आउँछ। भैरवी इन्टरप्राइजेज लगातार तेम्रोपटक सर्वाधिक तेल बिक्री गर्ने पम्प बनेको हो।



सूचीको दोस्रो स्थानमा काठमाडौंको सामाखुसीस्थित प्रहरी कल्याणकोष पेट्रोलपम्प रहेको छ। सो पम्पले गत आवमा एक अर्ब ८५ करोड ५३ लाख एक हजार एक सय ४७ रुपैयाँको पेट्रोल-डिजेल खरिद गरेर लगेको निगमको बागमती प्रादेशिक कार्यालय, थानकोटले जनाएको छ।

सूचीको तेस्रो स्थानमा चितवनको नारायणगढ चोकमा सञ्चालित कैलाश आयल डिस्ट्रिब्युटर्स रहेको छ। सो पम्पले आयल निगमका अमलेखगन्ज डिपोबाट एक अर्ब ६७ करोड ९१ लाख सात हजार आठ सय नौ रुपैयाँको तेल खरिद गरेर लगेको थियो। त्यस्तै, चौथो नम्बरमा नेपाल आर्मीद्वारा काठमाडौंको भद्रकालीमा सञ्चालित रिपुमर्दिनी पेट्रोल स्टेसन रहेको छ। रिपुमर्दिनीले गत आवमा एक अर्ब ६७ करोड ३६ लाख ८१ हजार ६ सय ७८ रुपैयाँको पेट्रोल-डिजेल खरिद गरेको निगमको थानकोट डिपोले जनाएको छ।

पाँचौं स्थानमा रहेको ललितपुरको पुल्चोकस्थित साझा सेवा सहकारी पेट्रोलपम्पले निगमको थानकोट डिपोबाट एक अर्ब ४१ करोड ५० लाख २१ हजार सात सय २९ रुपैयाँको तेल खरिद गरेको थियो। सूचीको छैटौं नम्बरमा बुटवलको मिलन ब्रदर्स सप्लायर्स रहेको छ। सो पम्पले एक अर्ब ३४ करोड ९३ लाख ४९ हजार नौ सय २७ रुपैयाँको तेल खरिद गरेर लगेको निगमको लुम्बिनी प्रादेशिक कार्यालय, रुपन्देही (भलबारी)ले जनाएको छ।

सातौंदेखि १०औं नम्बरमा भने काठमाडौं उपत्यकाभित्रका पम्प छन्। सातौं स्थानमा रहेको नक्सालस्थित प्रहरी कल्याण कोष पम्पले एक अर्ब ३३ करोड ८९ लाख २६ हजार दुई सय ७७, आठौं स्थानमा रहेको भक्तपुर फ्युल सेन्टरले एक अर्ब १८ करोड ७६ लाख ७० हजार ६ सय तीन, नवौं स्थानमा रहेको बालाजुस्थित सत्यनारायण प्रालिले एक अर्ब १७ करोड ९४ लाख ९३ हजार एक सय ५६ र १०औं नम्बरको बागमती आयल सप्लायर्सले एक अर्ब १७ करोड सात लाख ३४ हजार ५७ रुपैयाँको तेल खरिद गरेर लगेको निगमको थानकोट डिपोले जनाएको छ।

■ एक अर्बभन्दा बढीको कारोबार गर्ने पम्पको संख्या १६

पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनका अनुसार देशभर एक हजार पाँच सय ३० पेट्रोल पम्प सञ्चालनमा छन्। यीमध्ये वार्षिक एक अर्बभन्दा बढी रकमको कारोबार गर्ने पेट्रोल पम्पको संख्या १६ वटा मात्र छन्। सर्वाधिक तेल बेच्ने १० पम्पको सूचीमा रहेकाबाहेक चितवनको बाइपास रोडमा सञ्चालित साझा पेट्रोल पम्पले एक अर्ब १५ करोड, नुवाकोटको बट्टारमा सञ्चालित भैरवी आयल स्टोरले एक अर्ब १४ करोड, बाराको पथलैयामा सञ्चालित प्रहरी कल्याण केन्द्र पम्पले एक अर्ब आठ करोड, बाराको अमलेखगन्जमा रहेको आकाश पेट्रोलियम प्रालिले एक अर्ब आठ करोड, सशस्त्र प्रहरीद्वारा ललितपुरको लगनखेलमा सञ्चालित शक्तिदेवी पेट्रोल स्टेसनले एक अर्ब सात करोड र काठमाडौंको महादेवस्थानमा सञ्चालित हिमाल इन्टरप्राइजेजले एक अर्ब चार करोडको पेट्रोल-डिजेल खरिद गरेर लगेको आयल निगमले जनाएको छ।

सूची दर्ता गर्ने बारेको सूचना

(प्रकाशित मितिः २०८३/०४/०५ गते)

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस वित्तीय संस्थालाई आर्थिक वर्ष २०८३/०८४ को लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित वस्तु तथा सेवाहरु आपूर्ति/प्रवाह गर्ने प्रयोजनको लागि कम्तिमा ३ (तीन) वर्षको कार्यानुभव भएका सम्बन्धित विषयको कारोवार गर्ने स्वीकृति प्राप्त गरेका इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न कागजातहरु संलग्न गरी सूचना प्रकाशित भएको **मितिले १५ दिन भित्र** सूची दर्ताका लागि **gsd@nmbmicrofinance.com** मा पठाउन हुन वा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा-८, न्यूरोड, कास्कीमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

आवेदन सँग पेश गर्नुपर्ने कागजातहरु :

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. अन्य कार्य अनुभव प्रमाणित हुने प्रमाणपत्र।

	समूह क : कार्यालय उपकरणहरु		समूह ख : फर्निचर तथा अन्य सेवाहरु
१.	कम्प्यूटर, ल्यापटप, ल्यापटप ब्याट्री, ट्र्याव, सर्भर तथा अन्य डिभाइसहरु।	१.	काठ तथा मेटलका फर्निचर/फर्निसिङ्ग तथा अन्य सामाग्रीहरु।
२.	फोटोकपी मेसिन, प्रिन्टर, फ्याक्स, स्क्यानर।		**समूह घ : मर्मत/सम्भार**
३.	चेक राइटर, पावर ब्याकअप (ब्याट्री इन्भर्टर, सोलार) सम्बन्धी उपकरणहरु।	१.	कम्प्यूटर, ल्यापटप, प्रिन्टर, सर्भर लगायत अन्य मर्मत।
४.	इलेक्ट्रिक, इलेक्ट्रोनिक्स तथा हार्डवयेर सम्बन्धी अन्य उपकरणहरु।	२.	सवारी साधन मर्मत।
	समूह ग : छपाई तथा मसलन्द	३.	फर्निचर, धारा वाथरुमका सामान लगायत अन्य सम्पत्ति मर्मत।
१.	स्टेशनरी तथा फुटकर सामानहरु।	४.	जेनेरेटर, सिसिटिभी, एसी लगायत अन्य कम्प्युटर नेटवर्किङ, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सम्बन्धी उपकरणहरु मर्मत।
२.	छपाई सम्बन्धी कार्यहरु।		
३.	प्रि-प्रिन्टेड बैकिङ्ग स्टेशनरी, भिजिटिङ्ग कार्ड, आइडी कार्ड, स्ट्याम्प।		**समूह ङ : प्रवर्द्धन**
४.	प्रिन्टर रिबन, टोनर, कार्टेज, मसी लगायत रिफिलिङ्ग सम्बन्धी कार्यहरु।	१.	साइनबोर्ड, फ्लेक्स, होर्डिङ्ग बोर्ड सम्बन्धी सेवाहरु।
		२.	विज्ञापन तथा प्रबर्द्धनात्मक कार्यक्रम सम्बन्धी सेवाहरु।
	समूह च : अन्य सेवाहरु		
१.	संचार कुरियर सेवा।	३.	ईन्टरनेट सेवा।
२.	बीमा सेवा-स्थीर सम्पत्ति, मार्गस्थ तथा नगद बीमा, सामूहिक दुर्घटना तथा स्वास्थ्य बिमा, सवारी साधन।	४.	विभिन्न प्रकारका सफ्टवेयरहरु आपूर्ति।
		५.	तालीम हल, होटल तथा रेस्टुरेण्ट।

अन्य थप जानकारीहरु :

१. सूचीकृत हुन निवेदन दिनेहरु मध्येबाट उपयुक्त ठहरिएका फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ। त्यसरी सूचीकरण गर्दा पेश हुन आएको विवरण, क्षमता, अनुभव तथा दक्षतालाई आधार मानी गरिनेछ।
२. सूचीकृत भएका बिक्रेता, फर्महरुबाट वित्तीय संस्थाको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न पत्रमार्फत कोटेशन माग गरिनेछ र प्राप्त कोटेशनहरु मध्येबाट वित्तीय संस्थालाई उपयुक्त लागेको फर्म/कम्पनीलाई सामान आपूर्ति गर्नको लागि खरिद आदेश पठाइने छ।
३. सूचीकृत भएको जानकारी वित्तीय संस्थाको वेभसाइट www. nmbmicrofinance.com मा राखिनेछ साथै फोन वा इमेलबाट जानकारी गराईनेछ।
४. सूचीकृत भएका कम्पनी तथा फर्महरुले उपलब्ध गराएको बस्तु तथा सेवाहरु तोकिएको गुणस्तर एवं मापदण्ड बमोजिमको नभएमा वा कार्यसम्पादन शैली सन्तोषजनक नरहेमा उक्त कम्पनी तथा फर्मलाई बिना पूर्व सूचना बस्तु तथा सेवा उपलब्ध गराउने सूचीबाट हटाउन समेत सकिनेछ। यस उपर कुनै दावी बिरोध गर्न पाईनेछैन।
५. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा वित्तीय संस्थाको टेलिफोन नं.: ०६१-४००४२७, ४००४२८, ४००४७७ Ext. No. २०४, २४२ सामान्य सेवा विभागमा सम्पर्क गरि जानकारी प्राप्त गर्न सकिनेछ।
६. सूचीकरण गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ।

एनएमबि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"

केन्द्रीय कार्यालय : पोखरा-८, स्ट्रेट नं.३, जेनेक्स कम्प्लेक्स न्युरोड, कास्की
फोन : ०६१-४००४२७, ४००४७७

प्रधानमन्त्री बालेन र लगानीकर्ताबिच छलफल

पुँजीबजारलाई मर्यादित र व्यावसायिक बनाउन प्रधानमन्त्रीको आग्रह

नयाँ पत्रिका

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले पुँजी बजारलाई मर्यादित र व्यावसायिक बनाउने गरी काम गर्न सरोकारवाला निकाय र लगानीकर्तालाई आग्रह गरेका छन् । सोमबार पुँजीबजारका सरोकारवाला संस्था तथा नियमनकारी निकायका प्रतिनिधिसँग छलफल गर्दै उनले मनोबल बढाएर काम गर्नसमेत आग्रह गरे ।

प्रधानमन्त्रीले पुँजीबजारमार्फत उद्यमशीलता विकास र रोजगारी सिर्जना सरकारको मुख्य प्राथमिकता रहेको बताए । सरकारले देशको आर्थिक विकास र समृद्धिका लागि पुँजीबजारलाई विशेष प्राथमिकता दिएको प्रधानमन्त्री शाहको भनाइ छ ।

उनले यस क्षेत्रका व्यवसायीलाई उच्च मनोबलका साथ काम गर्न आग्रह गर्दै नेपालको पुँजीबजारलाई व्यावसायिक र मर्यादित बनाउनुपर्नेमा जोड दिएका छन् । यसबाट उद्यमशीलता फस्टाउने र रोजगारीका अवसर थपिने उल्लेख गर्दै प्रधानमन्त्री शाहले राम्रो काम गर्नेलाई सरकारले सधैँ प्रोत्साहन गर्ने, तर गल्ती गर्नेविरुद्ध शून्य सहनशीलताको नीति अपनाउने चेतावनीसमेत दिएका छन् ।

छलफलका क्रममा पुँजीबजारका सरोकारवाला संस्थाका प्रतिनिधिले बजारको दिगो विकासका लागि कानुनी, नीतिगत, संस्थागत र प्रणालीगत सुधारको आवश्यकता रहेको सुझाव दिए । प्रधानमन्त्रीसँगको संवादले आफूहरू अझ बढी प्रोत्साहित भएको उल्लेख गर्दै उनीहरूले प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ) प्रणालीमा सुधार गर्न, दोस्रो बजारमा माग र आपूर्तिको सन्तुलन मिलाई उचित मूल्य निर्धारण प्रणालीको विकास गर्न तथा दैनिक कारोबार रकमलाई ३० अर्ब रुपैयाँभन्दा बढी पुऱ्याउने वातावरण बनाउन सरकारसँग आग्रह गरेका छन् ।

यसैगरी, बैंक तथा वित्तीय संस्थामार्फत मार्जिन कारोबारसँग सम्बन्धित ब्रोकर कम्पनीहरूलाई कर्जा प्रवाह सहज बनाउन नेपाल राष्ट्र बैंकले आवश्यक कदम चाल्नुपर्ने लगानीकर्ताको भनाइ थियो । बैंक तथा वित्तीय संस्थाले धितोपत्रमा लगानी गरेपछि कम्तीमा ६ महिनासम्म बिक्री गर्न नपाउने विद्यमान व्यवस्था खारेज गर्न तथा सेयर धितो कर्जाको सीमालाई प्राथमिक पुँजीसँग आबद्ध गर्नुको सट्टा कुल कर्जाको पाँच प्रतिशत



कायम गर्ने व्यवस्था मिलाउन पनि लगानीकर्ताले सुझाव दिएका छन् ।

अर्थ मन्त्रालयले व्यक्तिगत कारोबारमा हुने नोक्सानीमा समेत कर समायोजनको व्यवस्था गरिदिनुपर्ने, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषजस्ता ठुला संस्थाहरूलाई दोस्रो बजारमा लगानी गर्न प्रोत्साहन गर्नुपर्ने, नेपाल स्टक एक्सचेन्जको रणनीतिक साझेदारसहित पुनर्संरचना गरिनुपर्ने र गैरआवासीय नेपालीलाई पनि नेपालको पुँजीबजारमा लगानी गर्ने मार्ग प्रशस्त गरिनुपर्ने माग पनि प्रधानमन्त्रीसमक्ष राखिएको थियो ।

उक्त छलफलमा स्टक ब्रोकर एसोसिएसन अफ नेपालका अध्यक्ष सागर ढकाल, नासा सेक्युरिटिजका प्रतिनिधि सन्दीप जलान, नेपाल लाइफ इन्स्योरेन्सका प्रतिनिधि नवराज सिलवाल, नागरिक स्टक डिलर कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत महेश्वरलाल श्रेष्ठ, पुँजीबजार समितिका सभापति प्रियराज रेग्मी र लगानीकर्ता अम्बिकाप्रसाद पौडेल सहभागी थिए ।

नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. गोपाल भट्टले सरोकारवालाका सुझावलाई आत्मसात् गर्दै बोर्डले आर्थिक वर्ष ०८३/८४ को पुँजीबजार नीति तथा नेपालको पुँजीबजार मार्गचित्र २०८३ लागू गरिसकेको जानकारी गराए । ती नीतिहरूमा उल्लिखित कार्यक्रमलाई चरणबद्ध रूपमा कार्ययोजना बनाई कार्यान्वयनमा लगिसकिएको उनको भनाइ छ । त्यस्तै, नेपाल स्टक एक्सचेन्जका अध्यक्ष अमृत लम्सालले बैंक तथा वित्तीय संस्था, बिमा बजार एवं पुँजीबजार सुधारका लागि आवश्यक ऐनहरूको तर्जुमा तथा संशोधन प्रक्रिया सुरु भइसकेको जानकारी दिए ।

नेप्से एक महिनायताकै उच्च विन्दुमा

काठमाडौं/ नयाँ सरकार गठनयता अस्थिर बन्दै ओरालो लागेको धितोपत्र बजारले लय समाते संकेत देखाएको छ । नेपाल धित्रोपत्र बोर्ड र अर्थमन्त्रीले मात्रै नभई स्वयं प्रधानमन्त्रीले समेत सेयर बजार सुधारको लागि अग्रसरता देखाएपछि त्यसको प्रभाव बजारमा देखिएको हो ।

निरन्तर ओरालो लागिरहेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक सोमबार २७०० विन्दु नाघेको छ । पछिल्ला पाँच कारोबार दिन सेयर बजार लगातार बढ्दै आएको छ । सोमबार मात्रै ४१.७० अंक अर्थात् १.५५ प्रतिशतले बढेर नेप्से परिसूचक २७१९.२४ विन्दुमा कायम भएको छ । यो एक महिनायताकै उच्च हो । यसअघि १ असारमा नेप्से २७११.७६ विन्दुमा थियो ।

सरकारले चालू आर्थिक वर्षको बजेटमार्फत सेयर बजारलाई गतिशील बनाउने व्यवस्था गरेको दाबी गर्दै आएको छ । तर, बजेट र मौद्रिक नीतिले पनि बजारमा सकारात्मक प्रभाव नपारेपछि नेप्से घटेर २५७० विन्दुसम्म ओर्लिएको थियो । निरन्तर बजार ओरालो लाग्न थालेपछि गत साता सेयर लगानीकर्ता नेपाल धितोपत्र बोर्ड नै घेराउ गर्न पुगेका थिए । धितोपत्र बोर्डले पुँजी बजार सुधारका लागि विभिन्न नीतिगत व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गऱ्यो । लगत्तै बोर्डले धितोपत्र सुधारको मार्गचित्र समेत सार्वजनिक गऱ्यो ।

> धितोपत्र बोर्ड, अर्थ मन्त्रालय र प्रधानमन्त्रीको समेत चासो र सक्रियताको सकारात्मक प्रभाव बजारमा, नेप्से २७०० विन्दुमाथि

३२ असारमा प्रधानमन्त्री बालेन्द्र शाहले नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलसँग अर्थतन्त्रलाई गतिशील बनाउनेबारे छलफल गरेका थिए । उनले बजार बढाउने गरी लचिलो नीति लिन आग्रह पनि गरे । सोही दिन महिला उद्यमी महासंघका प्रतिनिधिसँगको छलफलमा पनि उद्यमशील विकासका लागि सरकार प्रतिबद्ध रहेको बताएका थिए । त्यसपछि शुक्रबार फुटवेयर एसोसिएसनका पदाधिकारी र सोमबार सेयर लगानीकर्ता तथा नियामक निकायका सरोकारवालासँग छलफल गरेका थिए । त्यसको प्रभाव बजारमा देखिन थालेको लगानीकर्ताको भनाइ छ ।

यसैबिच अर्थमन्त्रीको सचिवालयले समेत सामाजिक सञ्जालमार्फत लगानीकर्तालाई आश्वस्त पार्ने कोसिस गरेको थियो । सचिवालयले केही मानिसले लाभका लागि भ्रामक प्रचार गरेर लगानीकर्तालाई आतंकित बनाउने प्रयास गरिरहेको भन्दै त्यसमा सजग हुन आग्रह गरेको थियो । बोर्डदेखि अर्थ र प्रधानमन्त्रीसम्मको चासोले बजारमा सकारात्मक प्रभाव पारेको लगानीकर्ता बताउँछन् । नेप्सेका अनुसार सोमबार तीन सय ४३ कम्पनीका एक करोड २२ लाख ४५ हजार कित्ता सेयर पाँच अर्ब ५१ करोड २६ लाखमा किनबेच भयो । शुक्रबार नेप्से ७९ अंकले बढ्दा चार अर्ब ५७ करोडबराबरको सेयर कारोबार भएको थियो ।

होन्डाको निःशुल्क एयरब्याग सेफ्टी रिकल सेवा



काठमाडौं/ होन्डाले निःशुल्क एयरब्याग सेफ्टी रिकल सेवा सञ्चालन गर्ने भएको छ । होन्डा कारको आधिकारिक विक्रेता स्याकार ट्रेडिङ कम्पनी प्रालिले ग्राहकको सुरक्षालाई प्राथमिकतामा राख्दै होन्डाका पुराना मोडेलको एयर ब्यागमा देखिन सक्ने सम्भावित जोखिमलाई समाधान गर्न निःशुल्क सेफ्टी रिकल अभियान' सञ्चालन गरेको हो ।

अभियानबाट सन् २००१ देखि २०१४ सम्म बनेका होन्डा कारका विभिन्न मोडेल प्रभावित भएको कम्पनीको भनाइ छ । जसमा सिटी, सिभिक, सिआरभी, ज्याज, इन्साइट, स्ट्रिम र अकर्ड कार पर्ने बताइएको छ । ग्राहकले आफ्नो गाडी यस रिकल अभियानमा पर्छ वा पर्दैन भनेर होन्डाको आधिकारिक वेबसाइटमा गएर आफैँ पनि जाँच गर्न सक्ने कम्पनीले जनाएको छ । अभियानअन्तर्गत प्रभावित गाडीको एयरब्याग जाँच र आवश्यक मर्मत वा इन्फ्लेटर परिवर्तन पूर्ण रूपमा निःशुल्क गरिनेछ ।

सम्भावित जोखिमबाट बच्न र सुरक्षित यात्रा सुनिश्चित गर्न ग्राहकलाई आफ्नो नजिकको होन्डाका आधिकारिक सर्भिस सेन्टरमा सम्पर्क गरी गाडीको एयरब्याग जाँच गराउन कम्पनीले अनुरोध गरेको छ ।

भिपी अग्रवाल फाउन्डेसनद्वारा पाँच शिक्षक पुरस्कृत

काठमाडौं/ भिपी अग्रवाल साइन्स फाउन्डेसनले देशभरका सामुदायिक विद्यालयमा अध्यापन गराउने उत्कृष्ट पाँच शिक्षकलाई जनही दुई लाख २२ हजार दुई सय २२ रुपैयाँ नगद पुरस्कारसहित सम्मान गरेको छ । शिक्षासेवी, अध्येता, समाजसेवी तथा संविधानसभा सदस्य स्व. प्राडा भिपी अग्रवालको नाममा स्थापित फाउन्डेसनले शिक्षकलाई सम्मान गरेको हो । फाउन्डेसनले नेपाली, अंग्रेजी, गणित, सामाजिक अध्ययन र विज्ञान विषयमा अध्यापन गराउने सामुदायिक विद्यालयका शिक्षकमध्येबाट छनोट गरी उत्कृष्ट पाँचजनालाई पुस्कृत गरेको जनाएको छ ।

पुरस्कृत हुने शिक्षकमा कीर्तिपुरस्थित मंगल माविकी नेपाली शिक्षिका अन्जना महर्जन, सोही विद्यालयकी अंग्रेजी शिक्षिका शर्मिला प्रधान, चितवनस्थित नारायणी नमुना माविका गणित शिक्षक राजकुमार कँडेल छन् । त्यसैगरी, काठमाडौंको टुसालस्थित श्रम राष्ट्रिय माविका सामाजिक अध्ययन शिक्षक प्रकाश आचार्य र सोही माविका विज्ञान शिक्षक मुकुन्दप्रसाद काफ्ले छन् ।



पुरस्कृत शिक्षकलाई फाउन्डेसनका अध्यक्ष दिलीप अग्रवाल तथा उपाध्यक्षसमेत रहेकी प्राडा अग्रवालकी ललिता अग्रवाललगायत पुरस्कार र सम्मान प्रदान गरेका थिए । अध्यक्ष अग्रवालले भिपीले शिक्षामा सुधार नभई देशको विकास र व्यक्तिको जीवनस्तर सहज नहुने बताउने गरेकाले उनको सम्झनामा फाउन्डेसन स्थापना गरी शिक्षाको ज्योति छर्न अहोरात्र खटिने उत्कृष्ट शिक्षकलाई सम्मान गरिएको बताए ।

आवासीय भवन निर्माणमा नेपाल लाइफको सहयोग



काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले दृष्टिविहीन बालबालिकाका लागि निर्माणाधीन आवासीय भवन सम्पन्न गर्न आर्थिक सहयोग गरेको छ । कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत काठमाडौं राउन्ड टेबल-१ मार्फत त्रिनेत्र फाउन्डेसनलाई उक्त सहयोग उपलब्ध गराएको हो ।

कम्पनीका अनुसार नवनिर्मित आवासीय भवनमा ६० जनासम्म दृष्टिविहीन बालबालिकाले सुरक्षित, सहज र स्नेहपूर्ण वातावरणमा बसोवास गर्न सक्नेछन् । भवनमा छात्रावास, कक्षाकोठा, सरसफाइका आवश्यक सुविधा, ब्रेल पुस्तकालय, संगीत कक्ष तथा अन्य आवासीय सुविधा समावेश गरिएका छन् ।

यसअघि त्रिनेत्र फाउन्डेसनले सीमित स्रोत-साधनबिच भाडाको सानो घरबाट सेवा सञ्चालन गर्दै आएको थियो । नयाँ भवन सञ्चालनमा आएपछि दृष्टिविहीन बालबालिकालाई गुणस्तरीय आवास, शिक्षा तथा जीवनोपयोगी सिप प्रदान गर्ने संस्थाको क्षमता विस्तार हुने अपेक्षा गरिएको छ ।

सहयोग हस्तान्तरण कार्यक्रममा नेपाल लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले कम्पनीले व्यावसायिक सफलतासँगै समाजमा सकारात्मक प्रभाव सिर्जना गर्ने कार्यलाई पनि प्राथमिकता दिएको बताए ।

रावा बैंक र सञ्चय कोषबिच समझदारी

काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंक र कर्मचारी सञ्चय कोषबिच अवकाश कोष व्यवस्थापनसबन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्रमण खनाल र कोषका निमित्त प्रशासक जीवनकुमार कटवालले हस्ताक्षर गरेका हुन् । यससँगै यस बैंकका कर्मचारीको सञ्चय कोषलगायतका अवकाश कोष व्यवस्थापन सञ्चय कोषले गर्नेछ । हाल यस बैंकमा दुई हजार नौ सय ५५ कर्मचारी कार्यरत छन् । बैंकले सातै प्रदेशका तीन सय १६ शाखा कार्यालयमार्फत डिजिटल बैंकिङ सेवा दिँदै आएको छ ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: प्रज्ञा मार्ग, कमलादी, काठमाडौं
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-०७७७७
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा नियम बमोजिम ऋणी तथा जमानतकर्तालाई समेत कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्ने र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताको चल अचल श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने ब्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
१	**कर्जाको किसिम : व्यक्तिगत कर्जा** **ऋणी : मो. वसिम** ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १ बाबु : जमाल मियाँ बाजे : अली महमद	
२	**कर्जाको किसिम : बिना धितो कर्जा** **ऋणी : फेकु दास** स्थायी ठेगाना : रौतहट जिल्ला, रमौली वैरीया गा.वि.स. वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ५ बाबु : राम प्रताप दास बाजे : दुखा दास ताल्मा	**इन्दु कुमारी दास** स्थायी ठेगाना : रौतहट जिल्ला, रमौली वैरीया गा.वि.स. वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ५ बाबु : सहदेव दास ससुरा : राम प्रताप दास पति : फेकु दास
३	**कर्जाको किसिम : व्यक्तिगत कर्जा** **ऋणी : कल्पना के.सी.** ठेगाना : दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ५ बाबु : ठेक बहादुर के.सी. ससुरा : मान सिंह के.सी. पति : हिरा बहादुर के.सी.	**हिरा बहादुर के.सी.** हालको ठेगाना : दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ५ बाबु : मान सिं के.सी. बाजे : लालु के.सी.
४	**कर्जाको किसिम : व्यक्तिगत कर्जा** **ऋणी : श्याम प्रसाद भट्टराई** स्थायी ठेगाना : झापा जिल्ला, मेचीनगर न.पा वडा नं. १० हालको ठेगाना : काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९, गोठाटार बाबु : डिल्ली राम भट्टराई बाजे : जगा निधि भट्टराई	**नानु माया खड्का** स्थायी ठेगाना : सोलुखुम्बु जिल्ला, सल्यान गा.वि.स. वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९, गोठाटार बाबु : बल बहादुर खड्का बाजे : जंग बहादुर खड्का
५	**कर्जाको किसिम : व्यक्तिगत कर्जा** **ऋणी : हरि ओम थापा** स्थायी ठेगाना : काठमाडौं जिल्ला, आलापोट गा.वि.स. वडा नं. ६ हालको ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ४ बाबु : अक्कल बहादुर थापा बाजे : गगन सिं थापा	**पुनम थापा** स्थायी ठेगाना : काठमाडौं जिल्ला, कागेश्वरी गा.वि.स. वडा नं. २, मनोहरा हालको ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ४ बाबु : लक्ष्मण गुरुङ्ग ससुरा : अक्कल बहादुर थापा पति : हरि ओम थापा
६	**कर्जाको किसिम : व्यक्तिगत कर्जा** **ऋणी : अनिशा कुमारी** स्थायी ठेगाना : सर्लाही जिल्ला, बरहथवा न.ज.पा वडा नं. ७ हालको ठेगाना : काठमाडौं जिल्ला, नागार्जुन न.पा वडा नं. १ बाबु : रामनरेश प्रसाद शाह बाजे : रामप्रित प्रसाद शाह	**जहाँगिर दर्जी** स्थायी ठेगाना : सर्लाही जिल्ला, सुन्दरपुर बुहडवा गा.वि.स वडा नं. ५ हालको ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १५ बाबु : अजिज दर्जी बाजे : तैसिम दर्जी
७	**कर्जाको किसिम : व्यक्तिगत कर्जा** **ऋणी : अनिल कुमार यादव** स्थायी ठेगाना : बारा जिल्ला, इनर्वामाल गा.वि.स. वडा नं. ७ हालको ठेगाना : बारा जिल्ला, आदर्श कोठवाल गा.पा. वडा नं. ४ बाबु : गजिन्दर प्रसाद यादव बाजे : शिवराज यादव	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय सुकेधारा, काठमाण्डौका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति : २०८३/०४/०५ गते मंगलबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मितिः २०८२/१२/०९ गते सोमबारको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम बिक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय **बबरमहल, काठमाण्डौमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८३/०४/२० गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको प्रधान कार्यालय **बबरमहल, काठमाण्डौमा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ अर्न्तगत मिति २०६८/०८/२८ मा दर्ता नं. ८८७५४/०६८/०६९ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय काठमाण्डौ-३, करदाता सेवा कार्यालय महाराजगंज काठमाण्डौबाट मिति २०६८/०९/०६ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००४००९८१ को प्रमाणपत्र प्राप्त **हिमालयन याक एपरल प्रा.लि.** ।

ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २९, ठमेल ।

संचालक तथा जमानतकर्ता : सन्तोष सेढाई (ना.प्र.नं. १३१४/०४४, जारी मिति २०५७/०७/१५, जारी गर्ने कार्यालय जि.प्र.का. चितवन) । ठेगाना : चितवन जिल्ला राप्ती न.पा. वडा नं. ८ (सांविकः भण्डारा गा.वि.स. वडा नं. ९) । बाबु : तेज मणि सेढाई । बाजे : बलभद्र सेढाई ।	**जमानतकर्ता : तेज मणि सेढाइ** (ना.प्र.नं. ३०८०, जारी मिति २०४३/०९/१२, प्रतिलिपी जारी मिति २०६०/०१/२४, जारी गर्ने कार्यालय जि.प्र.का. चितवन) । ठेगाना : चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ८ (सांविकः भण्डारा गा.वि.स. वडा नं. ९) । बाबु : बलभद्र सेढाई । बाजे : प्रभाखर सेढाई ।
जमानतकर्ता : रिता कुमारी साह (ना.प्र.नं. ३३१०९६/४६५, जारी मिति २०६६/०८/२५, जारी गर्ने कार्यालय जि.प्र.का. बारा) । स्थाई ठेगाना : बारा जिल्ला फेटा गा.पा. वडा नं. ५ (सांविकः रघुनाथपुर गा.बि.स. वडा नं. ९) । हालको ठेगाना : चितवन जिल्ला राप्ती न.पा. वडा नं. ८ । बाबु : नागेन्द्र ठाकुर । पति/ससुरा : सन्तोष सेढाई/तेज मणि सेढाई ।	**जमानतकर्ता : सिता कुमारी सेढाई** (ना.प्र.नं. ३०८१, जारी मिति २०४३/०९/१४, जारी गर्ने कार्यालय जि.प्र.का. चितवन) । ठेगाना : चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ८ (सांविकः भण्डारा गा. बि.स. वडा नं. ९) । बाबु : ..... पति/ससुरा : तेज मणि सेढाई/बलभद्र सेढाई ।

ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. **सिता कुमारी सेढाई**को नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला भण्डारा गा.बि.स. वडा नं. ९, नक्सा सिट नं. ९ख स्थित कित्ता नं. ८५४ र १२६७ को क्षेत्रफल ०-७-१८-० र ०-६-३-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १
२. **हिमालयन याक एपरल प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण १

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, **बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय सुकेधारा, काठमाण्डौमा** सम्पर्क राख्न सकिनेछ ।

प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७७
मंगलबार ५ साउन ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका

स्पेनलाई विश्व च्याम्पियन बनाउने सात नायक

मेटलाइफ रंगशालामा सोमबार बिहान साबिक विजेता अर्जेन्टिनालाई १-० ले हराउँदै स्पेन दोस्रोपटक फिफा विश्वकप फुटबल प्रतियोगिताको च्याम्पियन बनेको छ। सन् २०१० पछि स्पेन विश्व च्याम्पियन बनेको हो। स्पेनको जितले अर्जेन्टिना लगातार दोस्रोपटक च्याम्पियन बन्न वञ्चित भएको छ। अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा स्पेनलाई ट्रफी दिलाउन उत्कृष्ट प्रदर्शन गरेका सातजना खेलाडी यस्ता छन्।



फेरान टोरेस : अर्जेन्टिनाविरुद्धको फाइनलमा स्पेनका लागि टोरेसले खेलमा निर्णायक गोल गरेका थिए। बार्सिलोनाका खेलाडी टोरेस ६२औँ मिनेटमा मिकेल ओयर्जाबालको स्थानमा मैदान प्रवेश गरेका थिए। खेलको १०६ मिनेटमा उनले निको विलियम्सले हेडिङमा उत्कृष्ट गोल गरेका हुन्। यसअघि पोर्चुगलविरुद्ध मिकेल मेरिनोले विजयी गोल गर्दा टोरेसले असिस्ट गरेका थिए। अधिकांश समय वैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेका उनले विश्वकपमा ३४९ मिनेट खेलेका छन्।

लामिन यामल : स्पेन च्याम्पियन बन्दाका प्रमुख खेलाडीमध्ये यामल हुन्। १९ वर्षीय यामल विश्वकपभर निकै चर्चामा रहे। उनले विश्वकपमै सर्वाधिक ३० ड्रिबल गरेका थिए। उनले फ्रान्स र अर्जेन्टिनाविरुद्ध सानदार प्रदर्शन गर्न सफल भए। बार्सिलोनाका समेत प्रमुख खेलाडी रहेका यामलले विश्वकपमा एक गोल गरेका थिए। उनले ६९७ मिनेट खेल्दा ८६ प्रतिशत पास एक्युरेसी बनाए।

रोड्री : २३औँ संस्करणको विश्वकपमा रोड्री उत्कृष्ट मिडफिल्डरमा रहेका थिए। गोल्डेन बलसमेत जितेका उनले प्रतियोगितामा सर्वाधिक ८०३ पास मिलाए। म्यानचेस्टर सिटीका रोड्रीको एक्युरेसी ९४ प्रतिशत रह्यो। उनी फाइनलमा अर्जेन्टिनाका लियोनल मेसी, सेमिफाइनलमा केलिएन एम्बाप्पे र माइकल ओलिसे तथा औसमाने डेम्बेलेलाई गोल गर्न रोक्न सफल रहे।


मिकेल ओयर्जाबाल : लामिन यामल, निको विलियमजस्ता खेलाडी रहँदा मिकेलले अट्याकमा उत्तिकै सानदार प्रदर्शन गर्न सफल भए। उनले पाँच गोल गर्दा एक असिस्ट गरे। उनी विश्वकपमा स्पेनका लागि सर्वाधिक गोल गर्ने खेलाडी बनेका छन्। उनले कुल ६६४ मिनेट मैदानमा बिताउँदा साउदी अरेबिया र अस्ट्रियाले समान दुई गोल गरे। उनले सेमिफाइनलमा फ्रान्सविरुद्ध एक गोल आफ्नो नाममा राखे।

पाउ क्युबार्सी : स्पेनले दोस्रोपटक विश्वकप जित्दा क्युबार्सी प्रतियोगिताकै प्रतिभावान् खेलाडी बनेका छन्। डिफेन्डर भूमिका जबर्जस्त प्रदर्शन गरेका उनले आठै खेल खेल्दा ८५७ मिनेट मैदानमा बिताए। क्युबार्सीले ९७ प्रतिशत एक्युरेसीसहित ६९० पास निकाल्न सफल भए। १९ वर्षीय क्युबार्सीले पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो, फ्रान्सका कप्तान एम्बाप्पे र अर्जेन्टिनाका कप्तान मेसीलाई चल्नै दिएनन्।

उनाई सिमोन : स्पेनलाई उपाधि जिताउँदा गोलरक्षक सिमोनले फाइनलमा सानदार प्रदर्शन गरेका थिए। उनले आठमध्ये सात खेलमा क्लिन सिट राख्न सफल भए। उनले सेमिफाइनल र फाइनलमा गोल व्यहोरेननू। यसै प्रदर्शनका कारण उनले विश्वकपकै गोल्डेन ग्लोभ्स अवार्ड जित्न सफल भए। सिमोनले विश्वकपमा पूरा ८५७ मिनेट खेले। प्रतियोगितामा उनले १४ गोल अवसर विफल पारेका थिए।

निको विलियम्स : अर्जेन्टिनाविरुद्ध फाइनलमा जित निकाल्दा विलियम्सको महत्त्वपूर्ण योगदान रह्यो। घाइते हुँदा उनले प्रतियोगितामा १५९ मिनेट मैदान बिताए। स्ट्राइकर फेरान टोरेसले विश्व च्याम्पियन गोल गर्दा विलियम्सले सटिक पास मिलाएका थिए। युरो २०२४ देखि नै विलियम्स स्पेनको मुख्य खेलाडी बन्दै आएका छन्।

लगातार दोस्रोपटक गोल्डेन बुट जित्ने एम्बाप्पे पहिलो



एजेन्सी / फ्रान्सका कप्तान केलियन एम्बाप्पे फिफा विश्वकप फुटबल प्रतियोगितामा लगातार दोस्रोपटक गोल्डेन बुट जित्ने पहिलो खेलाडी बनेका छन्। विश्वकप २०२६ मा एम्बाप्पेले आठ खेलमा सर्वाधिक १० गोल गरेका थिए। उनले निकटम प्रतिद्वन्द्वी अर्जेन्टिनी कप्तान लियोनल मेसीलाई दुई गोलले पछि पारेका थिए। मेसीले स्पेनविरुद्धको फाइनल र इंग्ल्यान्डसँगको सेमिफाइनल खेलमा गोल नै गर्न सकेननू।

एम्बाप्पेले सन् २०२२ को कतार विश्वकपमा पनि आठ गोल गरेका थिए। सन् १९७० पछि विश्वकपमा पश्चिम जर्मनीका गर्ड मुलरपछि एम्बाप्पे १० गोल गर्ने खेलाडी बने। सन् १९५४ को विश्वकपमा सान्डोर कोसिसले सर्वाधिक ११ गोल गरेका थिए। विश्वकपमा एम्बाप्पे समग्रमा सर्वाधिक गोल गर्ने खेलाडी बनेका छन्। उनले तीन विश्वकपमा गरी २२ गोल गरेका छन्। उनले मेसीको विश्व रेकर्ड तोडेका हुन्। इंग्ल्यान्ड र फ्रान्सबिचको तेस्रो स्थानका लागि खेलअघिसम्म मेसी समग्र विश्वकपमा २१ गोलका साथ शीर्ष स्थानमा थिए।

फिफा विश्वकप २०२६ को अन्तिम वरीयता

१. स्पेन	१७. नेदरल्यान्ड्स	३३. इरान
२. अर्जेन्टिना	१८. जर्मनी	३४. दक्षिण कोरिया
३. इंग्ल्यान्ड	१९. आइभोरीकोस्ट	३५. टर्की
४. फ्रान्स	२०. क्रोएसिया	३६. स्कटल्यान्ड
५. नर्वे	२१. जापान	३७. उरुग्वे
६. बेल्जियम	२२. अस्ट्रेलिया	३८. साउदी अरेबिया
७. मोरोक्को	२३. डिआर कंगो	३९. चेक गणतन्त्र
७. स्विट्जरल्यान्ड	२४. घाना	४०. न्युजिल्यान्ड
९. मेक्सिको	२५. इक्वेडर	४१. कतार
१०. कोलम्बिया	२५. दक्षिण अफ्रिका	४२. कुरासाओ
११. ब्राजिल	२७. स्विडेन	४३. पानामा
१२. अमेरिका	२८. अस्ट्रिया	४४. जोर्डन
१३. पोर्चुगल	२९. बोस्निया	४५. हैटी
१४. क्यानडा	३०. अल्जेरिया	४६. उज्वेकिस्तान
१५. इजिप्ट	३१. सेनेगल	४७. ट्युनिसिया
१६. पारागवे	३२. केप भार्डे	४८. इराक

नेदरल्यान्ड्सको भूमिमा नेपालको परीक्षा

घरेलु भूमिमा ८ मध्ये ६ खेल जितेको नेपालले मंगलबारबाट घरेलु टोली नेदरल्यान्ड्स र नामिबियासँग आइसिसी विश्वकप लिग २ को सिरिज खेल्दै



रमेश सुवेदी / नयाँ पत्रिका

घरेलु भूमिमा लगातार दुई शृंखलामा उत्कृष्ट प्रदर्शन गरी ८ मध्ये ६ खेल जितेको नेपाल आइसिसी विश्वकप लिग २ खेल्न नेदरल्यान्ड्समा छ। नेपालले मंगलबारदेखि सुरु हुने सिरिजको पहिलो खेलमा नामिबियाविरुद्ध खेल्नेछ। त्यसपछि नेपालले घरेलु टोली नेदरल्यान्ड्सविरुद्ध प्रतिस्पर्धा गर्नेछ। पछिल्लो दुई खेलमा नेपालले नामिबियालाई नतिजा सुम्पिएको थियो। समग्र एकदिवसीय अन्तर्राष्ट्रियमा नेपालले नामिबियाविरुद्ध आठ भेटमा पाँचमा हार र दुईमा जित निकालेको छ।

नेपालले नेदरल्यान्ड्समा सिरिज खेल्नुअघि जर्सीसँग दुई अभ्यास खेल खेलेको थियो। नेपालले दुईवटै अभ्यास खेलमा जित निकालेको थियो। अभ्यास खेलमा ओपनर कुशल भुर्तेलले शतकीय इनिङ्स खेलेका थिए। उनले पछिल्लो तीन महिनामा चार शतक बनाएका छन्। नेपालले ओपनिङमा कुशलबाट नेदरल्यान्ड्स यात्रामा धेरै आशा गरेको छ।

विश्वकप ग्लोबल छनोटमा स्थान बनाउन नेपालले बाँकी ८ खेल जित्नैपर्ने दबाब छ। नेपालले आफ्नो सबै खेल जितेर मात्र पुग्दैन। स्कटल्यान्ड, नेदरल्यान्ड्स र ओमानको नतिजाअनुसार नेपालको ग्लोबल छनोटको स्थान छिनोफानो हुनेछ। नेपालका कप्तान रोहितकुमार पौडेलले लय कायम राख्दै नेदरल्यान्ड्समा पनि जित निकाल्ने बताएका छन्। 'हामीले घरेलु भूमिमा लगातार राम्रो प्रदर्शन गरेका छौं। स्कटल्यान्डमा पनि राम्रो भएको थियो,' पौडेलले भने, 'हामी यस लयलाई निरन्तरता दिन्छौं।'

चारमध्ये तीन टोली छनोट हुने

चारमध्ये तीन टोली ग्लोबल छनोटमा स्थान बनाउन अब, पाउँछन्। नेपालसँगै क्यानडा, स्कटल्यान्ड, नेदरल्यान्ड्स र ओमान यस स्थान बनाउन प्रतिस्पर्धा छन्। अमेरिका चार खेल खेल्न बाँकी रहँदै ग्लोबल छनोटमा स्थान बनाइसकेको छ।

स्कटल्यान्ड ३२ खेलमा ३८ अंकका साथ छनोटनजिक छ। नेदरल्यान्ड्स २८ खेलमा ३२ अंकका साथ तेस्रो स्थानमा छ। ओमान २८ खेलमा ३१ अंकका साथ चौथो र समान २४ अंकको नेपाल पाचौं तथा क्यानडा छैटौं स्थानमा छन्। नामिबिया २८ खेलमा २२ अंकका साथ सातौं स्थानमा छ। युएई भने १४ अंकसहित ग्लोबल छनोटमा स्थान बनाउन असफल भइसक्यो। नेपालले गत दुई सिरिजबाहेक घरेलु भूमिमा गतिलो प्रदर्शन गर्न सकेन। विदेशी भूमिमा नेपालको प्रदर्शन सन्तोषजनक थिएन। खेल तालिका अनुसार नेपालले घरेलु मैदानमा १२ मध्ये ७ खेलमा जित निकालेको थियो। नेपालले विपक्षी टोलीलाई पाँच नतिजा सुम्पिएको थियो। नेपालले घरेलुमा १४ र विदेशी भूमिमा १० अंक बटुलेको थियो।

नेपाली टोली

रोहित पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने, कुशल भुर्तेल, आशिफ सेख, ईशान पाण्डे, आरिफ सेख, गुल्सन झा, करण केसी, सोमपाल कामी, नन्दन यादव, ललित राजवंशी, भीम सार्की, अर्जुन कुमाल, विनोद भण्डारी। **रिजर्भ खेलाडी** : सन्दीप जोरा, साहब आलम, हेमन्त धामी, आकाश चन्द र युवराज खत्री।

श्रीलंकाली क्रिकेटर बलापुवाडुगे पोखराका मुख्य प्रशिक्षक

कास्की / तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)का लागि पोखरा एभेन्जर्सले श्रीलंकाका पूर्वअन्तर्राष्ट्रिय क्रिकेटर अजन्था मेन्डिस बलापुवाडुगेलाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ। पोखराका महाप्रबन्धक अमित लोहनीले टोलीको संरचना बलियो तथा प्रतिस्पर्धात्मक बनाउन अनुभवी अन्तर्राष्ट्रिय खेलाडीलाई मुख्य प्रशिक्षकको भूमिका चयन गरेको बताए।

'श्रीलंकाका सर्वाधिक सफल स्पिन बलरमध्ये एक अजन्थाको आगमनले पोखराको रणनीतिक दक्षता बलियो हुनेछ,' लोहनीले भने, 'श्रीलंकाको राष्ट्रिय टोलीबाट तीनवटै फर्म्याट खेलेका खेलाडीको आगमनमा हामी उत्साहित छौं।' उनले सन् २००८ को एसिया कपको उपाधि दिलाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए। सो प्रतियोगितामा उनी म्यान अफ दी सिरिज भएका थिए। 'विश्वस्तरीय खेलाडीको अनुभव, ज्ञान र खेलप्रतिको दृष्टिकोणले पोखराका खेलाडीहरूलाई मैदानभित्र तथा मैदानबाहिर महत्त्वपूर्ण मार्गदर्शन हुने विश्वास छ,' पोखराले जनाएको छ।

यसैगरी, मुख्य प्रशिक्षक बलापुवाडुगेले पोखरासँग आबद्ध भएर परिवारको हिस्सा बन्न पाउँदा आफू गौरवान्वित भएको बताए। 'नेपालले पछिल्ला वर्षहरूमा उल्लेखनीय प्रगति गरेको छ। यहाँ अपार प्रतिभा रहेको छ। टोलीलाई लिगमा उच्चस्तरमा प्रतिस्पर्धा गराउने प्रयास हुनेछ,' उनले भने। पोखराले मार्की खेलाडी कुशल भुर्तेलसहित सात जनालाई रिटेन गर्दा पाँचजनालाई रिलिज गरेको थियो।



१६ वर्षपछि स्पेन विश्व विजेता

स्पेनले आइतबार बिहान मेटलाइफ रंगशालामा साबिक विजेता अर्जेन्टिनालाई १-० ले हराउँदै २३औँ संस्करणको विश्वकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। स्पेनको जितमा एक मात्र निर्णायक गोल टोरेसले गरेका थिए। अर्जेन्टिनी कप्तान लियोनल मेसी टोलीलाई लगातार दोस्रोपटक ट्रफी दिलाउन असफल भए। यसपटक विश्वकपमा सर्वाधिक ४८ राष्ट्रले प्रतिस्पर्धा गरेका थिए।

गल्फर राहुल र तेन्जिङले एसियाडको तयारी थाइल्यान्डमा गर्ने

काठमाडौं / नेपालका गल्फर राहुल विश्वकर्मा र तेन्जिङ छिरिङ थाइल्यान्डको एएसए गल्फ एकेडेमीमा २०औँ एसियाली खेलकुद प्रतियोगिताका लागि विशेष प्रशिक्षण गर्ने भएका छन्। उनीहरूले एसियाकै प्रतिष्ठित एएसए गल्फ एकेडेमीमा मुख्य प्रशिक्षक क्रिस अस्सावाको प्रशिक्षणमा अभ्यास गर्नेछन्। यो प्रशिक्षण आगामी २०औँ एसियाली खेलकुदको तयारीको महत्त्वपूर्ण हिस्सा मानिएको छ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का उपाध्यक्ष विशाल श्रेष्ठले दुवै खेलाडीलाई बिदाइ गर्दै आगामी एसियाली खेलकुदमा उत्कृष्ट प्रदर्शनका लागि शुभकामना पनि दिए। नेपाल गल्फ संघ (एनीजए) को पहलमा सञ्चालन भएको राहुलको प्रशिक्षण परिषद् र नेपाल ओलम्पिक कमिटी (एनओसी)को आर्थिक सहयोगमा सम्भव भएको हो।

दक्षिण अमेरिका र युरोपबिचका १२ फाइनल नतिजा

श्रीलोचन राजोपाध्याय / नयाँ पत्रिका

२३औँ संस्करणको फिफा विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत आइतबार राति बिहान स्पेनले साबिक विजेता अर्जेन्टिनालाई १-० ले हराउँदै दोस्रोपटक उपाधि जितेको छ। मेटलाइफ रंगशालामा युरोप तथा दक्षिण अमेरिकाबिचको पनि भिडन्त थियो। समग्रमा विश्वकपमा युरोप र दक्षिण अमेरिकाबिच १२औँ फाइनल खेल हो। दक्षिण अमेरिकाले आठपटक र युरोपियनले चारपटक फाइनल जितेका छन्। हेर्दौं अहिलेसम्म १२ फाइनलका नतिजा।

सन् १९५८ : ब्राजिल ५-२ स्विडेन

विश्वकपको सातौं संस्करण मात्र दक्षिण अमेरिका र युरोपियन राष्ट्रले उपाधिका लागि प्रतिस्पर्धा गरे। ब्राजिलले आयोजक स्विडेनलाई फाइनलमा एकपक्षीय रूपमा ५-२ ले हरायो। ब्राजिलका लागि पेलेले खेलको ५५औँ र ९०औँ मिनेटमा गोल गरेका थिए। घरेलु मैदानमा स्विडेनले चौथो मिनेटमै अग्रता बनाएको थियो। नवौँ मिनेटमा भाभाले ब्राजिललाई १-१ को बराबरीमा पुऱ्याए। पेलेसँगै भाभाले पनि दुई गोल गरे। ८०औँ मिनेटमा स्विडेनका सिमान्सनले ४-२ को गोलअन्तरका लागि फर्काएका थिए। खेलको ९०औँ मिनेटमा पेलेले ब्राजिललाई ५-२ को जित दिलाए।

सन् १९६२ : ब्राजिल ३-१ चेकोस्लोभाकिया

ब्राजिलले ब्याक टु ब्याक विश्वकप फाइनलमा युरोपियन राष्ट्रविरुद्ध प्रतिस्पर्धा गऱ्यो। चिलीमा भएको विश्वकपको फाइनलमा युरोपबाट चेकोस्लोभाकियाले ब्राजिलविरुद्ध खेलेको थियो। ब्राजिलले चेकोस्लोभाकियामाथि ३-१ को जित निकाली उपाधि रक्षा गऱ्यो। खेलको १५औँ मिनेटमा चेकोस्लोभाकियाका मासोपुस्टले अग्रता दिलाएका थिए। खेलको १७औँ मिनेटमा अमारिल्डोले ब्राजिललाई १-१ को बराबरीमा ल्याए। दोस्रो हाफमा ब्राजिलले दुई गोल थप्दै विश्वकप ट्रफीमाथि कब्जा जमायो। ब्राजिलका लागि जिटो र भाभाले समान एक गोल गरेका थिए।

सन् १९७० : ब्राजिल ४-१ इटाली

मेक्सिकोले आयोजना गरेको विश्वकपको फाइनलमा ब्राजिल र इटालीबिच भएको थियो। ब्राजिलले इटालीलाई ४-१ ले हरायो। ब्राजिलले तेस्रोपटक उपाधि जित्दा पेले, जर्सन, जरिन्हो र कार्लोस अल्बर्टोले एक-एक गोल गरेका थिए। खेलको १८औँ मिनेटमै पेलेले ब्राजिललाई १-० को अग्रता दिलाए। खेलको ३७औँ मिनेटमा इटालीले बराबरी गोल फर्कायो। इटालीका लागि बोनिसेन्गाले १-१ का लागि गोल गरे। खेलको ६६औँ, ७१औँ र ८६औँ मिनेटमा ब्राजिलले गोल गर्दै उपाधि जित्यो।

सन् १९७८ : अर्जेन्टिना ३-१ नेदरल्यान्ड्स (अतिरिक्त समय)

सन् १९७८ को आयोजक अर्जेन्टिनाले उपाधि घरबाट बाहिर पठाएन। उसले घरेलु मैदानको फाइदा लिँदै फाइनलमा नेदरल्यान्ड्सलाई अतिरिक्त समयमा ३-१ ले हराउँदै पहिलोपटक उपाधि हात पाऱ्यो। खेलको ३८औँ मिनेटमा केम्पेसले अर्जेन्टिनालाई १-० को अग्रता दिलाएका थिए। खेलको ८२औँ मिनेटमा नेदरल्यान्ड्सका नानिगाले १-१ को बराबरी गोल फर्काए। उपाधि छिनोफानो अतिरिक्त समयबाट भयो। खेलको १०५औँ मिनेटमा केम्पेसले र ११५औँ मिनेटमा बेर्टोनीले गोल गर्दै अर्जेन्टिनालाई उपाधि दिलाए।

सन् १९८६ : अर्जेन्टि ना ३-२ पश्चिम जर्मनी

मेक्सिकोमा भएको विश्वकपमा अर्जेन्टिनी कप्तान डिएगो म्याराडोनाले जादुमयी खेल देखाएका थिए। म्याराडोनाको एकल प्रदर्शनमा अर्जेन्टिना फाइनलमा पुगेको थियो। विश्वकपमा इंग्ल्यान्डविरुद्ध क्वार्टरफाइनलमा म्याराडोनाले एक गोल उत्कृष्ट र अर्को विवादास्पद बनेको थियो। अर्जेन्टिनाले उपाधि भिडन्तमा पश्चिम जर्मनीलाई ३-२ को रोमाञ्चक गोलअन्तरमा हराउँदै दोस्रोपटक उपाधि जित्यो। अर्जेन्टिनाका ब्राउनले २३औँ मिनेटमा १-० को अग्रता दिलाए। खेलको ५६औँ मिनेटमा भाल्डोनाले अर्जेन्टिनालाई २-० को स्थितिमा



राखे। पश्चिम जर्मनीले ७४औँ र ८१औँ मिनेटमा गोल २-२ को बराबरीमा पुऱ्यायो। खेलको ९४औँ मिनेटमा बुरुचागाले निर्णायक गोल गर्दा अर्जेन्टिना विजयी भयो।

सन् १९९० : पश्चिम जर्मनी १-० अर्जेन्टिना

विश्वकपको इतिहासमा लगातार दोस्रोपटक साबिक विजेता र उपविजेताले उपाधि भिडन्तमा प्रतिस्पर्धा गरेका थिए। सन् १९९० मा इटालीले आयोजना गरेको विश्वकपमा साबिक विजेता अर्जेन्टिना र उपविजेता पश्चिम जर्मनीले एक-आपसमा भिडेका हुन्। पश्चिम जर्मनीले अधिल्लो फाइनलमा व्यहोरेको हारको बदला लिँदै अर्जेन्टिनालाई १-० ले हरायो। जर्मनीले ८५औँ मिनेटमा निर्णायक पेनाल्टी गोल गरेको थियो।

सन् १९९४ : ब्राजिल ३-२ इटाली (टाइब्रेकर)

अमेरिकाले पहिलोपटक विश्वकप आयोजना गर्दा ब्राजिल र इटालीबिच उपाधि भिडन्त भयो। सन् १९७० पछि ब्राजिल र सन् १९८२ पछि इटालीले विश्वकपको अन्तिम दुई स्थान सुरक्षित गरेका थिए। उपाधि भिडन्तको निर्धारित र अतिरिक्त समयमा गोलरहित बराबरी भयो। विश्वकप इतिहासमै पहिलोपटक विश्वकप विजेताको छिनोफानो टाइब्रेकरबाट भयो। ब्राजिलले इटालीलाई ३-२ ले स्तब्ध पार्दै चौथोपटक विश्वकप उपाधि जित्यो।

सन् १९९८ : फ्रान्स ३-० ब्राजिल

ब्राजिलले ब्याक टु ब्याक फाइनल खेल्यो। फ्रान्समा भएको विश्वकपमा ब्राजिललाई उपाधि दाबेदार लिइएको थियो। ब्राजिलले फाइनलमा आयोजक फ्रान्ससँग प्रतिस्पर्धा गऱ्यो। जिनेदिन जिदानको जादुमयी खेलअगाडि ब्राजिल ३-० ले पराजित भयो। जिदानले खेलको २७औँ र ४५औँ मिनेटमा गोल गरेका थिए। पेटीले अन्तिम इन्जुरी समयमा गोल गर्दा फ्रान्सले ब्राजिलमाथि सनसनीपूर्ण जित निकाल्यो।

सन् २००२: ब्राजिल २-० जर्मनी

विश्वकपमा लगातार तीनपटक फाइनल खेल्ने ब्राजिल मात्र हो। सन् १९९४ देखि २००२ सम्मका विश्वकप फाइनल खेल्दा ब्राजिल दुईपटक च्याम्पियन बन्यो। जापान र दक्षिण कोरियाले आयोजना गरेको विश्वकप फाइनलमा ब्राजिलले जर्मनीविरुद्ध प्रतिस्पर्धा गरेको थियो। रोनाल्डोको उत्कृष्ट खेलअगाडि जर्मनीको केही लागेन। रोनाल्डोले जर्मनीको बलियो डिफेन्स तोड्दै दुई गोल मात्र गरेननू, ब्राजिललाई पाँचौंपटक विश्व च्याम्पियनसमेत बनाए।

सन् २०१४ : जर्मनी १-० अर्जेन्टिना

सन् २०१४ मा ब्राजिलमा भएको विश्वकपमा जर्मनी र अर्जेन्टिनाबिच उपाधि भिडन्त भयो। यो फाइनलको संयोग एउटै थियो। जर्मनी र अर्जेन्टिना २८ वर्षपछि फाइनलमा पुगेका हुन्। दुवैले अन्तिमपटक सन् १९९० को फाइनल खेलेका थिए। जर्मनीले अतिरिक्त समयमा लियोनल मेसीले नेतृत्व गरेको अर्जेन्टिनालाई १-० ले हरायो। खेलको ११३औँ मिनेटमा मारियो गोट्जेले निर्णायक गोल गर्दा जर्मनी चौथोपटक विश्वकप विजेता बन्यो।

सन् २०२२ : अर्जेन्टिना ४-२ फ्रान्स (टाइब्रेकर)

सन् २०२२ को कतार विश्वकपमा युरोप र दक्षिण अमेरिकाका राष्ट्रबिच फाइनल भयो। कप्तान मेसीको उत्कृष्ट प्रदर्शनको सहयोगमा अर्जेन्टिनाले आठ वर्षको अन्तरमा दोस्रोपटक विश्वकप फाइनल खेल्यो। सो विश्वकपको साबिक विजेता फ्रान्सले उत्तिकै राम्रो खेल्दै फाइनल स्थान बनाएको थियो। विश्वकप इतिहासमा यो फाइनल सर्वाधिक रोमाञ्चक र नाटकीय भनिन्छ। निर्धारित तथा अतिरिक्त समयमा दुवैले ३-३ गोल गरेका थिए। अर्जेन्टिनाले टाइब्रेकरमा फ्रान्सलाई ४-२ ले स्तब्ध पाऱ्यो।

सन् २०२६ : स्पेन १-० अर्जेन्टिना (अतिरिक्त समय)

फिफा विश्वकप २०२६ को फाइनलको १०६औँ मिनेटमा फेरान टोरेसको एक मात्र गोलको सहयोगमा स्पेनले साबिक विजेता अर्जेन्टिनालाई १-० ले हराउँदै दोस्रोपटक विश्व च्याम्पियन बन्यो। वैकल्पिक खेलाडीका रूपमा मैदान छिरेका टोरेस स्पेनका लागि नायक बने। उनले डिबक्समभित्र अर्जेन्टिनी गोलरक्षक एमिलियानो मार्टिनेजलाई छक्याउँदै गोल गरेका थिए। टोरेसको गोलसँगै लियोनल मेसीको कप्तानीमा रहेको अर्जेन्टिनाको लगातार दोस्रोपटक विश्वकप जित्ने सपना चकनाचुर भयो।

एजेन्सीको सहयोगमा

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com